५२

# अमर ज्योति

## साहित्यिक त्रैमासिक



विद्युतकर्मी साहित्यिक समाज

जि.प्र.का.काठ.द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

वर्ष : १८, पूर्णाङ्क ५२
(२०७८ असोज–मङ्सिर)

**संरक्षक**
कुलमान घिसिङ

**प्रधान सम्पादक**
कृष्णदेव रिमाल 'शब्दसेना'

**कार्यकारी सम्पादक**
विष्णुप्रसाद आचार्य 'अतृप्त'

**सम्पादक समिति**
रमेश सागर
आविष्कार कला
रीता चालिसे
यादवराज घले

**व्यवस्थापक**
सङ्गीता अधिकारी
शारदा पोखरेल
बलराम पुडासैनी

**आवरण कला**
उपेन्द्र शिवाकोटी

**सल्लाहकार**
मातृका पोखरेल
कुलप्रसाद पराजुली
विष्णुबहादुर सिंह
पुण्य घिमिरे
रामेश्वर राउत मातृदास

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर
चतुर्भुज गौतम, मकवानपुर
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा

**प्रकाशक**
**विद्युतकर्मी साहित्यिक समाज**
नेपाल विद्युत् प्राधिकरण

**सम्पर्क**
रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea.org.np
फोन नं. : ०१–४१५३०८९

संस्थागत मूल्य : २००.००
व्यक्तिगत मूल्य : ५०.००

शब्दघर छापाखाना, बागबजार, काठमाडौं ०१–४२४४५९७ द्वारा मुद्रित

# लेखकलाई हौसला खोइ ?

देख्नु सामान्य कार्यकलाप हो । हेर्नु त्यो भन्दा विशेष क्षमता हो । निरीक्षण गर्नु, अनुभूतिको तहसम्म ओर्लेर बोध गर्नु तथा विषयवस्तुलाई विशिष्ट र सम्प्रेष्य शैलीमा प्रस्तुत गर्नुचाहिँ उच्च दक्षता हो । यही विशिष्टतम सीपप्राप्तिको साधनामा तल्लीन वर्ग नै लेखक हुन् ।

लेखक साहित्यिक वा गैरसाहित्यिक दुवै क्षेत्रका हुन सक्छन् । जुन वर्गको लेखक भए पनि उसको अभीष्ट मानवको बहुआयामिक रूपान्तरणका लागि पर्याप्त सूचना दिनु र सचेतना सिर्जना गर्नु नै हो । यस्तो सूचना, जसले नवप्रवर्तनलाई उजागर गरोस्; यस्तो सचेतना जसले कुरीति र कुसंस्कारको कसिङ्गरलाई कुचो लगाएर मिल्काओस् ।

लेखन कलम र कापीको संयोजनबाट सिर्जित अक्षर र शब्दमात्र होइन, यो त विचारको क्यानभासलाई कलाको कुचीले रङ्ग्याएपछि निर्जीव स्वरूपमा आकारित हुने तर समय बोल्ने दस्तावेज हो । लेख्ता/लेखिरहँदा लेखनदाससम्म त भइएला तर लेखक नै हुनचाहिँ लेख्नुमात्र पर्याप्त हुँदैन । पाठकको कोणबाट लेखकको दर्जा पाउने सौभाग्य सबैले नपाउनुको कारण पनि लेखकभन्दा लेखनदासको सङ्ख्या बढी भएरै हुनुपर्छ ।

लेखक बन्न खोज्नेहरू पहिले पाठक बन्छन्; सूक्ष्म निरीक्षणकर्ता बन्छन्; जीवन बुझ्न खोज्छन् र जगत्लाई केलाउने यत्न गर्छन् । यसबाट प्राप्त हुने असरल्ल र विरोधाभासपूर्ण सूचनाहरूलाई आफू बाँचेको सामाजिक परिवेशको कसीमा घोटघाट गर्छन् र एउटा आफ्नै लेखकीय दर्शनलाई पाठकसामु प्रस्तुत गर्छन् । त्यस्तो दर्शन आञ्चलिक वा विश्वजनीन दुवै हुन सक्छ ।

लेखकीय सक्षमताको पूर्वशर्त के हो भने उसले विचार-निर्माण र त्यसको भावमय प्रवाहमा पर्याप्त श्रम, सीप र समय लगानी गरेको

हुन्छ । कैयौँ अवस्थामा उसको पारिवारिक र सामाजिक सम्बन्ध विघटन भएको हुन सक्छ । लेखकले विषय ग्रहण गर्न भीडभाडको अङ्ग बनेको हुनुपर्छ, विषयवस्तुमा रङ-रोगन भर्न एकान्तवासको कठोर तपस्यामा आफूलाई होमेको हुनुपर्छ ।

लेखकले जुन मिहिनेत गरेर लेख तयार गरेको हुन्छ, त्यो तहको परिश्रम गरेर लेख पढ्नेहरू ज्यादै कम भेटिन्छन् । पाठकले जाँगर चलाएर पढिहाले भने पनि विचार र व्यवहारमा लागू गर्ने व्यक्ति फेला पार्नु त झन् स्यालको सिङ फेला पार्नुझैँ दुर्लभ हुन्छ । उपर्युक्त अवस्थाका कारण बेलाबेलामा गिर्न जाने लेखकीय मनोबलको मर्मत पनि कसैले गरिदिँदैनन्, लेखक स्वयम्ले गर्नुपर्ने हुन्छ ।

लेखक र प्रकाशकको बायोडाटा थप्नु/थपिनुमात्र लेखनको उद्देश्य किमार्थ होइन । लेखिएका सामग्रीको सामाजिक स्विकार्यता र ग्रहणशीलताको सीमा बिस्तार गर्नु लेखनको सर्वोपरि लक्ष्य हो । लेखनको लाभांश तबमात्र समाजले प्राप्त गर्छ, जब लेखकले आफूभित्र लेख्न उद्वेलित गर्ने सूक्ष्म तत्त्वलाई जोगाएर राख्न सक्छ । यसका लागि लेखकमात्र स्वयम् प्रेरित भएर हुँदैन; बाह्य वातावरण पनि तदनुकूल हुनु वाञ्छनीय छ ।

हाम्रो परिवेशमा लेखकलाई सम्मान दिने सोचको विकास हुन थप केही समय लाग्ला । तर सम्मान दिन नसके पनि उसको हौसला कायम राख्न भने सकिन्छ । यसका लागि राज्य र यसका संयन्त्र, नागरिक समाज, स्थानीय सङ्घसंस्था आदि पनि त्यत्तिकै चनाखो हुनुपर्छ । पाठकले अध्ययन गरेर पृष्ठपोषण दिनुपर्छ; समालोचकले रचनाको गुण-दोषको सम्यक् विवेचना गर्नुपर्छ भने प्रकाशकले रचनाको उचित पारिश्रमिक दिने प्रबन्ध मिलाउनुपर्छ ।

शेक्सपियरको जन्मथलोलाई झैँ साहित्यिक तीर्थस्थल घोषणा गर्न नसकिएला, लेखक बस्ने टोलमा एगनानको जन्मभूमिमा झैँ- 'किप क्वाइट ! एगनान इज राइटिङ' भन्ने बोर्ड झुन्ड्याउन पनि नसकिएला तर सर्वपक्षीय प्रयास जुट्ने हो भने कम्तिमा लेखकको हौसलालाई बचाइराख्न भने सकिन्छ ।

'ज्ञानको सन्धानमा अहोरात्र खटिइरहने लेखकहरू विचार-निर्माणका अभियन्ता हुन्' भन्ने तथ्यलाई कमसेकम सबैले आत्मसात् गर्ने हो कि ! त्यसो गरे कसो होला..........?

*– अतृप्त*

# यस अङ्कमा

## लेख / निबन्ध


| | |
|---|---|
| छायादत्त न्यौपाने 'बगर' | ५ |
| कुलप्रसाद पराजुली | ५३ |


## कविता / मुक्तक


| | |
|---|---|
| लक्ष्मण वियोगी | १४ |
| माधवी विष्ट पाण्डे | २० |
| नारायणप्रसाद आचार्य | २८ |
| निशा के.सी. | ३४ |
| विष्णुप्रसाद आचार्य 'अतृप्त' | ३५ |
| दीपकराज श्रेष्ठ | ४० |
| अनिलकिशोर घिमिरे | ४१ |
| लोकविक्रम मल्ल | ४२ |
| शारदादेवी पोखेल (भट्टराई) | ५२ |


## कथा / लघुकथा


| | |
|---|---|
| प्रकाश कोइराला | १५ |
| नारायण योगी | २१ |
| निरञ्जन मल्ल ठकुरी | ३७ |
| सुदर्शन अधिकारी | ५१ |
| गजेन्द्रप्रसाद श्रेष्ठ | ७३ |


## संस्मरण / नियात्रा


| | |
|---|---|
| हरिप्रसाद अधिकारी | ४३ |
| चतुर्भुज गौतम 'निर्मल श्री' | ६१ |
| डा. रामहरि पौड्याल | ६७ |


## समीक्षा / समालोचना


| | |
|---|---|
| आविष्कार कला | २९ |
| अरुणबहादुर खत्री 'नदी' | ७९ |

छायादत्त न्यौपाने 'बगर'

# नेपाली कवितामा नयाँ आयाम 'साइनो'



१. साइनो चट्टान फुटालेर स्रष्टा-आवाज पाठकसम्म पुऱ्याउने सशक्त सूत्र-कविता हो । यो नेपालीको मौलिक शिल्पशैलीमा आएको नवीन सिर्जना हो ।

*अल्झे निजी सुखमा*
*बल्झिरहे घाउहरू*
*बाटोमा अहङ्कारी आग्लो ?*

२. साइनो र सिर्जना दुवै प्रकृति जगत्का अभिन्न अङ्ग हुन् । सिर्जनाले जीवनमा सुगन्ध भर्छ, साइनोले गति थपेर मुस्कुराउन सिकाउँछ । यी दुवै प्रकृतिजगत्ले सिर्जेका सृष्टि सौन्दर्य हुन् । प्राणी जगत्का पाँच तत्त्वसँगको सहयात्रामा साइनोको सौन्दर्य देखिन्छ ।

*माटामा खुम्रेकिरा*
*फूलमा बसे भमरा*
*सङ्कटमा दुवै अस्तित्व ?*

३. सभ्यताको आरम्भदेखि सन्तुलित प्रकृतिमा जीवनशैली स्थापित गर्ने विषयलाई वाङ्मय भनिन्छ । सृष्टिकालदेखि सभ्यतासँगै समाजलाई गति दिने विषय वाङ्मय नै हो । यसले जीवनका समग्र पक्षहरूसँग नाता जोडेर नवीन जिज्ञासा जगाउँछ, प्रगतिका ढोका उघारेर भौतिक सुख-सुविधा आर्जनमा अभिप्रेरित गर्छ । वाङ्मयको अर्थ भाषा-साहित्य हो । यसैले सृष्टि-सौन्दर्य अभिव्यक्त गर्छ । जीवनजगत्का समस्त अङ्गको चित्रण गर्ने यसैले हो । समाज सञ्चालनका विविध मर्यादाजन्य गतिविधिसँग छोइएर सिर्जना हुनेहुँदा यसलाई समाजको प्रतिबिम्ब पनि भनिन्छ । नयाँ शैलीको कविता साइनो पनि समाजकै प्रतिबिम्ब हो ।

४. साइनो नेपाली भाषाको प्रिय शब्द हो । यसको अर्थ नाता-सम्बन्ध हो । बाआमा, छोराछोरी, हजुरबाआमा, भाइबहिनी, दिदीभिनाजु, मामामाइजू, ससुराली, आफन्त यी र यस्तै सम्बन्ध जनाउने शब्द हो साइनो । रगतको सम्बन्ध नभएका दुई पुरुष मित लाएर सम्बन्ध जोड्छन् भने महिला ***सैना*** लाएर मित-मित

बन्छन् । यसरी हेर्दा सैनाबाटै साइनो शब्द विकसित भएको देखिन्छ । सैना शब्द गण्डकी प्रदेशका महिलावृन्दमा प्रचलित छ ।

*नाता जोड्ने धागो हो*
*साहित्यिक कर्म अनन्त*
*नेपाली सिर्जना साइनो ।*

५. साइनु, साइनो नेपाली भाषाको मौलिक शब्द हो । यसलाई झर्रो वा ठेट नेपाली शब्द पनि भनिन्छ । हामीलाई झट्ट बोल्दा/सुन्दा, देख्दा/पढ्दा 'साइनो कम ओजको' लाग्न सक्छ शब्द । यसको अर्थ नातासम्बन्ध त हो, सहजै अर्थिन्छ भन्ने पर्न सक्छ तर अर्थिने वा अर्थ्याउने कुरा चेतना र सन्दर्भले बोक्ने गाम्भीर्यमा अन्तर्निहित रहन्छ । हाम्रा पूर्वजले ***जति बुझ्यो उति कठिन, झन् झन् बुझ्यो झन् कठिन*** भनेझैँ साइनोको अर्थले लहरो तान्दा पहरो थर्काउँछ ! यसको सम्बन्ध खोज्दै जाँदा सृष्टि सौन्दर्य झल्काउने जीवन-जगत्, माटो-पानी, धर्ती-आकाश, माछा-पानी, काँढा-फूल, विज्ञान-प्रविधि, समाज-सभ्यता, संस्कार-संकृतिजस्ता अनन्त सम्बन्धहरूको अक्षुण्ण मालासम्म पुगिन्छ । साइनोसँगै डोरिँदा हावा-पानीले जोडेको सम्बन्धै-सम्बन्धको सञ्जाल भेटिन्छ । प्रकृति, भूगोल र सृष्टिसँगको घनिष्ठ सम्बन्ध-सूत्रले तानेर साइनै-साइनो गाँसिदिएको पाइन्छ । अविचल छ सतहले जोडेको माटोपानीको सम्बन्ध । यो ज्यादै बलियो गरी जोल्टिएको छ । देश र जनता, मानव र संवेदनाजस्तै गरी साइनोले आत्मीय सम्बन्ध स्थापित गरेको छ । सम्बन्धको जराले सिङ्गै ब्रह्माण्डको गहिराइ नभेटी साइनोको अन्तर्य छामिँदैन ! साइनोले यही मानव मनको अन्तर्यलाई इङ्गित गरेको हुन्छ ।

*कति ठुलो जुलुस !*
*देश सधैँ अन्धकारमा*
*अनुदान खाने खेताला ?*

६. साइनो नेपाली जनजिब्रोले बोल्ने शब्द हो । झर्रो भनेर होइन होला साइनोले महत्त्व नपाएको ? नातासम्बन्ध भन्ने अर्थ कम ओजिलो हुँदैन । यो त परिवार र परिवार-परिवारबीचको अन्तरमिलन हो । वाङ्मयमा यसको प्रयोग शब्द र अर्थ, साहित्य र जीवनसित नजिकिएर आएको छ । साइनो साहित्य सिर्जनाको एउटा स्वरूप हो । यसलाई साहित्यको नयाँ आयाम मान्नु उपयुक्त हुने देखिन्छ जसले नेपाली मन-माटाकै सुगन्ध बोकेर पर, परसम्मको यात्रा गर्दै छ ।

७. साहित्यको बहुप्रचलित विधा कविताको उपविधा हो साइनो । यसको संरचना क्रमशः सात, आठ र नौ अक्षरका तीन शब्दगुच्छामा हुन्छ । पहिलो पङ्क्तिको शब्दगुच्छा सात अक्षरी हुन्छ । दोस्रो पङ्क्तिमा आठ र तेस्रोमा नौ अक्षर

हुन्छन् । अक्षर गणना प्रचलित नेपाली व्याकरणको नियमानुसार गरिन्छ । कविताकै नवीन शैली भएकाले अनुप्रासले यसलाई पनि कर्णप्रिय बनाउँछ । शब्दसँग राम्ररी खेल्ने/खेलाउने पारखी यसका असल स्रष्टा बन्न सक्छन् । लयविधानका दृष्टिले यसलाई प्रतिगुच्छाको अन्त्यमा विश्राम दिनु उपयुक्त हुन्छ । पहिलो/दोस्रोमा ठिक्क विश्राम दिएर वाचन गरेपछि क्रमशः पहिलो, दोस्रो र तेस्रो वाचन गर्नु उपयुक्त हुन्छ । जस्तैः

पहिलो- ***सचेत यो जीवन*** दोस्रो- ***सक्रिय यी हातहरू***

पहिलो- ***सचेत यो जीवन*** दोस्रो- ***सक्रिय यी हातहरू***

तेस्रो- ***कर्मले डोऱ्याउँछ मान्छे । कर्मले डोऱ्याउँछ मान्छे ।***

८. स्रष्टा जहिले पनि नवीनताको खोजीमा रहन्छ । साइनो सिर्जना आरम्भ हुनु पनि यही सर्जक स्वभावको प्रस्फुटन हो । वर्तमान समयमा प्रचलित नवीन प्रविधि सामाजिक सञ्जालको उपयोग गर्दैगर्दा यो संरचना प्रस्फुटन भएको हो । त्यसलाई अनुहार किताब (फेसबुक)मार्फत सार्वजनिक गरेपछि यसका पाठक/दर्शकसँगै प्रयोक्तामा चासो बढ्यो र सिर्जना गरी सार्वजनिक गर्ने प्रक्रियाले गति लियो । परिणाम स्वरूप यो थोरै समयमा व्यापक बनेर संसारभर फिँजिन भ्याएको छ ।

९. यतिखेर साइनो सिर्जनात्मक कर्म साथी–साथीको आत्मीय सम्बन्ध सूत्रको कसिलो उपहार बनेको छ । यसको छोटो संरचनाले गतिलो साहित्यिक स्वाद दिने हुँदा आजको व्यस्त पाठकका निम्ति ज्यादै प्रभावकारी भएको छ । व्यञ्जना शब्दशक्तिले यसलाई बर्ता खिरिलो र चोटिलो बनाएको अनुभूति गर्न सकिन्छ । समाजका बेथिति, विसङ्गतिलाई विषय बनाएर व्यङ्ग्यको सुइरोले घोची–घोची सुसङ्गत प्रवृत्तिको विकासका लागि आह्वान गर्ने घतिलो प्रस्तुति बनाउने अभ्यास हुँदैआएको छ । यसले जीवन, जीवनजस्तै बनाउने ध्येयले मानवीय संवेदनालाई न्यायिक स्पर्शले गोडमेल गर्ने अभीष्ट लिएको हुन्छ ।

१०. साहित्यका कविता, आख्यान, नाटक र निबन्ध चार मुख्य विधा हुन् । यी विधाका उपविधा लेखनको प्रचलनमा स्रष्टाहरूको आकर्षण रहेको पाइन्छ । पछिल्लो समय साइनोले पनि थप आकर्षण दिएको अनुभूति हुँदैआएको छ । यसको कारणसँग घोत्लिँदा स्वरूप/संरचनामा केही नवीनता, विषय विश्लेषणमा केही बौद्धिकता र प्रस्तुतिमा केही तार्किकता पाइन्छ । अर्थ गाम्भीर्य यसको मूल पहिचान हो । पाठकले क्षणभरमै साहित्यिक रसास्वाद गर्न सक्छन् ।

साइनो शाब्दिक अर्थजस्तै स्वतन्त्र अस्तित्वबीचको अन्तर्सम्बन्ध हो । यस सिर्जनात्मक साइनोका प्रत्येक शब्दगुच्छाको स्वतन्त्र अर्थपछि तीनवटैको

समुच्च अर्थ लाग्दा साख सबल बन्छ, संरचना सुरक्षित हुन्छ। यी तीन शब्दगुच्छा एकअर्कामा आश्रित नभई स्वतन्त्र अर्थवाहक हुन्छन्। यही गहनताले गर्दा छोटो समयमा धेरै सर्जक प्राप्त गरेको हुनुपर्छ। अठार महिनाको अवधिमा साइनो सर्जक सङ्ख्या हजारौँ पुगेको छ। यसको नवीनताले अरू धेरैलाई जिज्ञासु बनाएर बहसमा उतारिरहेको पनि छ।

२०७६।४।१६ मा सामाजिक सञ्जालमार्फत सार्वजनिक भएको प्रथम एतिहासिक साइनो संरचना :

*मान्छे छैन इमानी*
*न सहरमा छ धन*
*न त झोपडीमा पिसानी* !

११. यो पहिलो साइनो हो। क्रमशः केही साइनाहरू सामाजिक सञ्जालमा पढेपछि स्रष्टाहरूले अन्य उपविधाजस्तै कविताको नयाँ आयाम स्वीकार गरी साइनो सिर्जना गर्दै आएका छन्। यसको संरचनामा विषय प्रस्तुतिको मागअनुसार लेख्यचिन्हको प्रयोग आवश्यक ठाउँमा गर्न सकिन्छ। पूर्णविरामको प्रयोग भने तेस्रो शब्दगुच्छा/तेस्रो पङ्क्तिको अन्त्यमा मात्र गर्नु उपयुक्त देखिन्छ। विषय प्रस्तुतिले मागेमा सामान्यतया अनुकूल स्थानमा अनुकूल चिन्ह प्रयोगको सम्भावना छँदै छ। साइनोलाई लिएर यति कुरा गरिसकेपछि यसका अनुयायी छोटो समयमा यति धेरै कसरी जोडिए ! तथ्यको चर्चा पनि नगरी रहन मिल्दैन।

१२. पाठकमा सहज उत्पन्न जिज्ञासाको उचित सम्मानमा ध्यान जानु स्वभाविकै देखिन्छ। यसको मुख्य कारण त छोटो-छरितो रचनाले घतिलो साहित्यिक खुराक पस्कन सक्नु नै हो। त्यसपछि सामाजिक सञ्जालको सदुपयोग जुन माथि पनि भनिसकिएको छ, कम बखतको लगानीमा साइनोको प्रचार-प्रसार सामाजिक सञ्जालबाटै सम्भव भएको हो। प्रथमपटक लेखक/प्रसारक छायादत्त न्यौपाने 'बगरका छ/सातवटा साइनाहरू पढेपछि स्रष्टा केशव ज्ञवालीले न्यौपानेसँग सञ्जालमार्फतै सम्पर्क गर्नुभयो। दुवै स्रष्टाबिच परामर्श भयो। सहमतिअनुसार त्यसको भोलिपल्ट २०७६।५।१४ देखि केशव ज्ञवालीले पनि ***कसैको मन खुसी, कसैको मन खिन्न छ, अनुभव भिन्न भिन्न छ*** ! साइनो लेखेर सार्वजनिक गर्नुभयो। यसको लगतै स्रष्टाहरू खेमलाल पोखरेल, कृष्ण पौडेल, बालकुमार क्षेत्री, हरिप्रसाद चौलागाईं, सीता सुवेदी पन्थी....लेख्न सुरु गरेको देखिन्छ। यो क्रम निरन्तर चलिरहेकै छ। यसमा जोडिएका स्रष्टाहरू आ-आफ्नो क्षेत्रका स्वनामधन्य हुनुले पनि जग बलियो बन्दै अघि बढेको विश्वास गरिन्छ।

१३. न्यौपाने र ज्ञवाली दुई जनाको सहमति र सक्रियता जुटेपछि न्यौपानेको विमर्श स्रष्टा खेमलाल पोखरेलसँग भयो। उहाँले पनि साइनोमा साङ्लिन विलम्ब गर्नुभएन। त्यसैगरी कृष्ण पौडेल, हरिप्रसाद चौलागाईं, बालकुमार क्षेत्री, सीता सुवेदी पन्थीसमेत धेरै जनासँग सम्पर्क, छलफल र सिर्जना भए। पङ्क्तिकारलाई जानकारी भएअुनसार साइनो सिर्जनासँग सँगसँगै हिँड्ने सहसर्जकहरू क्रमशः केशव ज्ञवाली, खेमलाल पोखरेल, कृष्ण पौडेल, बालकुमार क्षेत्री, हरिप्रसाद चौलागाईसीता सुवेदी पन्थी, उद्धवप्रसाद प्याकुरेल, आकाश पौडेल, धतानन्द शर्मा, कृष्ण बाउसे, सुरेन्द्र शाही, मिना डाँगी, सविता भट्टराई, शम्भुराम जोशी, हरिभक्त पौडेल, विष्णु पादुका, घन थापा, प्रमोद भट्टराई, बद्री उप्रेती, लालचन्द्र लम्साल, सीता शर्मा, विनोद नेपाल, महानन्द ढकाल, चेतनारायण शर्मा, शोभाकान्त रिजाल, हेमन्त तिवारी, टङ्कप्रसाद पन्थ, सीता पौडेलसमेत धेरै स्रष्टाहरू जोडिने क्रम अघि बढ्यो, जुन चलिरहेकै छ। यसैगरी यस विषयमा जिज्ञासा राखेर छलफलमा सहभागी हुने तर सिर्जनाका लागि पर्खिनेहरूमा डा. श्याम न्यौपाने, बाबुराम न्यौपाने 'उत्स', चेतनाथ धमला, शीतल गिरी, हिम चापागाई, प्रेम आचार्य, पुण्य घिमिरे, विधान आचार्यसमेत धेरै जना हुनुहुन्छ। साइनो सिर्जना र यसबारे केही जानकारीमूलक सामग्री ***शब्दाङ्कुर मासिक, शृङ्खला मासिक, शब्दसंयोजन मासिक, लोकभावना त्रैमासिक, अग्निचक्र मासिक, पुस्कालय आवाज मासिक, नवप्रज्ञापन त्रैमासिक, समष्टि द्वैमासिक*** लगायत साहित्यिक पत्रिकाले प्रकाशन गरिरहेका छन्। यस्तै ***संसारन्युज*** र ***ई–हुलाकी, बडीमालिका, नागरिक अनलाइनबाट*** पनि प्रकाशन/प्रसारण हुँदैआएको छ। यस सम्बन्धमा न्यौपानेका रेडियो, टिभीबाट अन्तर्वार्ता पनि प्रसारण भइसकेका छन्। यस्तै केशव ज्ञवाली, खेमलाल पोखरेल, सुरेन्द्र शाही, बद्री उप्रेती, सीता सुवेदी पन्थी, बालकुमार क्षेत्री, छायादत्त न्यौपानेहरूबाट विभिन्न साहित्यिक गोष्ठीहरूमा साइनो रचना वाचनसमेत परिचय दिने काम हुँदैआएको पाइन्छ। यसरी हेर्दा साइनोले पाठकप्रिय भई तीव्र गति प्राप्त गरिरहेको देखिन्छ।

१४. सरल अर्थ सम्बन्ध बताउने साइनोले समाजका बेथिति र विसङ्गतिसँगको सम्बन्धमा गुलेली र मट्याङ्ग्रा चलाउँछ। यसको मर्म भनेको विकृतिलाई व्यङ्ग्यवाण ठोक्नु हो। यसले समाजबाटै विषयवस्तु लिएर प्रस्तुतिमा नौल्याइँ यसको विशेषता हो। अझ स्पष्ट हुने हो भने साइनो लेखन-प्रसारण यो एउटा अभियान पनि हो। आजको सन्दर्भमा छोटा, छरिता, घतिला साहित्यिक सामग्री पाठकसम्म पुऱ्याउने उद्देश्यले यो अभियान सुरु भएको हो। यस मूल्यमा अभियान सशक्त बन्दै अघि बढेको छ। यसका अभियन्ता बालकुमार क्षेत्रीले

साइनो चौपारीमार्फत साइनोको संरचना, लयबारे प्रशस्त बहस हुनुले यसलाई बल दिएको महसुस गर्न सकिन्छ । यसैगरी बालकुमार क्षेत्री, सुरेन्द्र शाही, सुरेश काफ्ले विदारक, सीता सुवेदी पन्थी, सीता शर्मा, शान्ता पौडेल समेतले सञ्चालन गरिरहेको साइनो-संसारमा जोडिनुभएका सबै स्रष्टाहरूको मतैक्यले साइनोलाई थप शक्ति प्रदान गरेको छ । यो अभिव्यक्ति अभियन्ताहरूबाट साइनोले प्राप्त गरेको उर्जाशील गति हो । यो यथार्थ सार्वजनिक भइरहँदा कुनै अन्यथा हुनेछैन । यही समभावले समस्त साइनोसँग साङ्लिनुभएका साइनोकारहरूको प्रतिबद्धता रहेको सन्देश प्रवाह हेतु यो आलेखले थप सान्दर्भिकता पाएको पुष्टि हुन्छ ।

१५. साइनो नेपाली मनले खोस्रेर नेपालकै माटाले उमारेको अर्गानिक बिउको साहित्यिक उपज हो । यो सिङ्गै नेपाल र सबै नेपालीको साझा उपलब्धिका रूपमा अगाडि आएको छ । यसको थालनी र विकासमा पनि नेपाली चेतनाले योगदान गर्दै आएको छ । यसलाई नेपालीमूलका प्रवासी स्रष्टाहरूले पनि गम्भीर चासोका साथ लिएको पाइन्छ । यसले गति लिइसकेको हुँदा निकट भविष्यमै यसको प्रचार-प्रसार नेपालका अरू भाषा तथा अन्य अन्तरर्राष्ट्रिय भाषाहरूले समेत गर्ने नै छन् । यसको आकार र अन्तर्यले अनुवाद तथा सिर्जनाको माध्यबाट आफूलाई संसारभर फैलाउनेछ र नेपाली मौलिक परिचय स्थापित गर्नेछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

१६. साइनोको स्थायित्वका लागि यसका अभियन्ता आफैँ पनि सक्रिय रहने कुरा रहिरहन्छ भने यसमा जोडिन आउने प्रतिभाहरूको लहर त्यत्तिकै लहरिएको छ । साहित्यको नयाँ आयाम कायम रहने कुरामा हामी विश्वस्त छौँ । यसले सङ्ख्यात्मक मात्र होइन, गुणात्मक फड्को मारिसकेको छ । सञ्जालको सदुपयोगले यसलाई जहाँ पुग्दैनन् रवि, त्यहाँ पुग्छन् कवि भनेझैँ संसारभरि पुऱ्याइसकेको छ । स्वतस्फुर्त जोडिएका अभियन्ताहरूको सुरुचिपूर्ण सक्रियताले साइनोको प्रथम वार्षिकोत्सव २०७७ साउन १६ गते ***साइनो र सारथि*** संयुक्त साइनोसङ्ग्रह र हरिप्रसाद चौलागाईंको ***ब्रह्माण्ड साइनो*** विमोचन गर्न सफल भएको छ । स्रष्टा विष्णु पादुकाको ***साइनो***, निरञ्जना चन्दको ***निरुको साइनो*** यसअघि नै प्रकाशनमा आइसकेका थिए । यतिखेर भने धेरै स्रष्टाका सिर्जनासँगै द्रष्टा र पाठकहरूको जिज्ञासाले साइनोको सैद्धान्तिक विमर्शमा गति थपिरहेको छ ।

***नेपालीको नाता यो***
***सञ्जालभरि साइनो***
***लहराले तान्यो पहरो ।***

१७. सिर्जनाको मैदान फराकिलो हुन्छ । सिर्जनाले पाखाहरू हरिया बनाउँछ । जलवायुको सिञ्चन पाए सिर्जनाले जीवन बोक्छ । जीवनको समग्रतामा उम्रेको सिर्जनाले मनमस्तिष्कलाई झङ्कृत गर्छ । परम्परित मूल्यमा नयाँ भाव र संरचनाको भिन्न स्वादसँग आउने मौलिक सिर्जनाले ऐतिहासिक महत्त्व राख्छ । सूत्रमय प्रस्तुतिमा गणितीय संरचनागत साहित्यिक मूल्यबोध गरेर आएको छ साइनो । साहित्यका विविध विधाहरूमध्ये कान्छो विधा नेपाली मनमाटामा जन्मेर हुर्कंदै छ । यो विसं २०७६ साल नेपाली साहित्यको ऐतिहासिक वर्ष बनेको छ । यसै वर्षको साउन सोह्र गतेदेखि नेपाली साहित्यमा नयाँ विधा जन्मेको हो । यो साहित्यमा थपिएको सिर्जनात्मक आयाममात्र नभई मिठो साहित्यिक परिकार पनि हो । निश्चित अक्षरसङ्ख्यामा रचिन सुरु भएको 'साइनो सिर्जनकर्मसँग छोटो समयमै अनन्त सर्जक बेस्सरी झ्याम्मिइसकेको पाइन्छ । परिणामस्वरूप साइनोले कलिलै वयमा फराकिलो भूगोल ओगटेर साधनारत प्रतिभाहरूको स्याहार पाइसकेको छ । अचम्म के छ भने यसले जन्मेदेखि नयाँ स्रष्टा र सृष्टि प्राप्त गरिरहेको छ । यो सूचनाले साइनोप्रेमी सबैलाई उत्साही तुल्याएको छ । हुन पनि साइनो विधा यति तीव्र गतिमा अघि बढ्यो कि स्रष्टा विष्णु पादुकाले साइनो सङ्ग्रह प्रकाशन गर्न भ्याइसकेका छन् भने खेमलाल पोखरेल, बालकुमार क्षेत्री, सुरेन्द्र शाही, बाबुराम न्यौपाने, सीता पौडेलसमेत धेरै जना स्रष्टाहरू प्रकाशनको तयारीमा जुटेका छन् । नयाँ साइनो विधाका रूपमा लेखन आरम्भ भएको आधा वर्षमै सिङ्गै कृति प्रकाशनले यसको जीवन दर्शन, सिर्जनात्मक विशिष्टता, अर्थगत गहिराइ तथा वैज्ञानिक संरचनाले जनमनमा पारेको गतिलो प्रभाव हो भन्ने प्रमाण दिन्छ । आजको भौतिक सुखमा लतपतिएको व्यस्त मान्छेलाई निमेषको लगानीमा पोसिलो साहित्यिक स्वाद लिने सुयोग जुराइदिने गहन विधाका रूपमा आएको छ ।

*हाम्रो सिर्जना सूत्र*
*मन–माटाको सम्बन्ध*
*जन–जीवनको सुगन्ध ।*

१८. यो सानो लेखमा साइनो चिन्न चाहिनेजति विषयवस्तु आउने सम्भावना कम छ तथापि नयाँ विधाबारे सङ्क्षिप्तमै भए पनि केही न केही सूचना दिनु सान्दर्भिक हुने देखिन्छ । ***विचारको घोत्ल्याइँ, प्रस्तुतिमा छरित्याइँ, बेथितिलई प्रहार, कर्मयोगलाई सम्मान, राष्ट्रिय चेतनाको आह्वान, जीवनबोधको प्रयास जस्ता भाव सन्तुलन साइनो सिर्जनाको मूल लक्ष्य मानिएको छ ।*** साइनो नेपाली मन–मस्तिष्कको स्वतस्फूर्त आविष्कार हो । यसको आरम्भ हुनुअघि कुनै

सैद्धान्तिक स्वरूप तयार भएको होइन । आरम्भ पछिको स्रष्टा मिलन र विकासले गति लिने सन्दर्भमा सामाजिक सञ्जालकै देन छ । यसलाई चिन्ने/चिनाउने प्रयासमा छापा तथा अनलाइन पत्रपत्रिकाले दिएका परिचयात्मक सामग्री धेरै छन् । सामान्य सैद्धान्तिक रूपरेखा कोरिने काम सुरु भएको छ ।

१९. यिनै केही खास मूल्यका आधारमा साइनो लेखन/प्रकाशनले महत्त्व पाएको छ । विश्वास छ– सामाजिक सञ्जाल र पुस्तक छपाइमा सक्रिय रहने साइनोकारहरूले यसको मानक पछ्याएकै छन् । यस घडीमा खुसी लाग्छ कि कतिपय सर्जक साइनोसँग साङ्लिएको निकै छोटो समयमा 'साइनो' सङ्ग्रह प्रकाशित गर्दै छन् । यसले उनीहरूमा अन्तर्निहित साइनोप्रतिको स्नेह, सम्मानभाव र जिम्मेवारीबोध जनाउँछ । प्रकाशनका लागि तयारीमा रहेका अरू कृतिले भन्दा साइनोले प्राथमिकता पाउनुमा स्रष्टाहरूले साइनोलाई उच्च महत्त्व दिएकै प्रमाण हो । यो साइनो (पास्नी) भात खुवाइको उमेरमै दौडिने भएको छ । यसलाई साइनोकार मित्रहरू सबैको साझा साधनाको गमिलो उपलब्धि मान्न सकिन्छ । यो सञ्जालमार्फत साइनोसँग जोडिएका स्रष्टा सबैका लागि खुसी र प्रेरणापुञ्ज पनि हो । विश्वास गर्न सकिन्छ कि अब साइनो जीवन्त भयो । यथाशीघ्र यो नेपाली माटाको सुगन्ध लिएर धर्तीको छेउछेउसम्म पुग्छ र स्रष्टाहरू थप्दै जान्छ । यो नयाँ विधा साइनोका विषयमा विद्वान् समीक्षक तथा सर्जकहरूमाझ आउने दिनमा पनि विमर्श चल्छ, चलिरहन्छ । विद्वान्हरूबीचको चर्चा परिचर्चाले साइनोमा पर्याप्त ऊर्जा थपेर परिष्कार गर्दै मूल्यबोध गराउँदै लैजानेछ ।

२०. साइनो कलिलो उमेरमै शब्दार्थमा सीमित रहेन । यसले सामाजिक जीवनभित्र पसेर सिर्जनात्मक रूप लियो । यसको रूप र अर्थ विस्तार भई विश्वव्यापी बन्यो । अब यो रगतको नातामा केन्द्रित छैन । यसले भूगोल, प्रकृति, संस्कृति र इतिहासको अनन्ततामा आफूलाई पुऱ्याइसकेको छ । सर्जकहरू यसको संरचनाप्रति विशेष चनाखो भएर साधना गरिरहेछन् । नेपालीको सान सार्वजनिक विश्रामस्थल चौपारीमा समस्त मानव भेला भएर यसको सिर्जनविधिबारे बहस गरिरहेछन् । जसले साहित्यको नयाँ विधा साइनोको साखमा उर्जा थपेर गति दिइहेको छ ।

२१. साइनो समस्त प्राणीबीचको सम्बन्ध हो । यसले सृष्टिमा प्राप्त सबै जीवसँग आत्मीय सम्बन्धको अपेक्षा गर्छ । जीवन, प्रकृति र भूगोलजन्य गतिविधिले साइनोको सिर्जनात्मक पाटो पछ्याउँछ । यसको सम्बन्ध निश्चित समाजमा सीमित नभई समस्त सृष्टि सौन्दर्यसित छ । यो जीवन, राजनीति, संस्कृति, प्रकृतिका अङ्ग-अङ्गसँग गहिरो नाता जोडेर सुगन्धित हुँदै अघि लागेको छ । साइनो व्यक्ति-व्यक्तिसँगको अनुभव-अनुभूतिलाई समग्रमा प्रस्तुत गर्ने सिर्जनाको विशाल मैदान भइसकेको छ । यसमा मानव सौन्दर्य सग्लै अटाउँछ र बेथितिलाई

गुलेलीको मट्याङ्ग्राले झैँ ठोक्न सक्ने सिर्जनात्मक सामर्थ्य राख्छ । यसको विषम संरचनागत स्वरूप क्रमशः सात, आठ र नौको योग चौबीस अक्षरी हुन्छ । यस संरचनामा जीवनको अनुराग अनि कर्तव्यबोध दुवै फक्रन सक्छन् । यसलाई अर्थ्याउने सन्दर्भमा विद्वान् समालोचकका फरकमत आवश्यक पर्छ र यो प्रक्रिया निरन्तर चलिरहनु पनि जरुरी हुन्छ । साइनोले सिर्जनाको विशाल फाँटलाई फूलबारीझैँ ढकमक्क पार्ने गरी झाँगिनु छ । यसका लागि स्वच्छ बौद्धिक बहस त अनिवार्य हुन्छ नै ।

२२. साइनो सुन्दाबित्तिकै त सहजै सिर्जना गरिन्छ भन्ने धेरैलाई लाग्न सक्छ तर यसको संरचना र अर्थगत गहिराइमा पुग्न सोचेजस्तो सजिलो छैन । यसले आफ्नो पूर्णताका लागि गाम्भीर्ययुक्त ओजपूर्ण अभिव्यक्ति खोज्छ ! यदि सही ढङ्गले साइनो लेख्ने जिम्मेवारी महसुस गरे यो कर्म चानचुन छैन तथापि भौतिक विज्ञान र मानवीय संवेदना चिन्नेले केही समय गमेर अभ्यास गरे बिस्तारै साइनोको स्वादसँग हिमचिम भई साथी बन्न मुस्किलै भने देखिन्न । यो सत्य हो, यही साइनोको स्वाद पनि ।

२३. कति स्रष्टाहरू साइनोको सैद्धान्तिकीकरणमा बर्ता चासो राख्दै हुनुहुन्छ । यो आफैँमा राम्रो हो तर हजारौँ वर्षदेखि सिद्धान्त बनेर मानक प्राप्त गरिसकेका विकसित विधाहरू त आज पनि मूल्य र संरचनागत स्वरूपका लागि बहसमुक्त छैनन्; तिनले पनि बहसको माग गरिरहेको पाइन्छ; निरन्तर बहस चलेकै हुन्छ भने भरखर जन्मी औँला समातेर हिँड्न सिक्दै गरेको साइनोका बारेमा सिद्धान्त र विकासलाई लिएर प्रशस्त छलफल/विमर्श हुनु कुनै नौलो विषय भएन । सामाजिक सञ्जालदेखि प्रचारका अरू माध्यबाट पनि साथीहरूले विचार प्रवाह गरिरहेको पाइन्छ । आफ्नो विकास र स्थायित्वका लागि साइनोले पर्याप्त मलजल पाएकै छ ।

२४. जन्मावधि दुई वर्ष नहुँदै साइनो नेपाली भूमि हुँदै पर धेरै पर पुगिसकेको छ, नेपालमा सीमित छैन । यो त भारत, अफगानिस्तान, कोरिया, जापान, इजरायल, क्यानडा, स्पेन, अमेरिकाजस्ता मुलुकमा जहाँ नेपाली बसोबास गर्छन्, तिनीहरूको प्रिय विधा भइसकेको छ । यसको स्वरूप र संरचना सम्बन्धमा पनि थुप्रै विद्वान्हरूका धारणा आइरहेका छन् । यस विषयमा चिन्तन/मनन्/मण्डन/खण्डन आइरहेका छन् । कति विद्वान्हरू पर्खेर हेर्दै हुनुहुन्छ । कतिलाई यसको के काम भन्ने पनि लागेको हुन सक्छ । जसलाई जे लागे पनि साइनोप्रति चासो र चिन्ता बढेको छ । यसले साइनो अभियानकर्तालाई खुसीसँगै जिम्मेवारी बोध पनि गराइरहेको छ ।

■■

लक्ष्मण वियोगी

# तिम्रो प्रतिमा



मिर्मिरेमा चुहिएको
एक थोपा शीत
उषाको लाली ओढेर
भन्ज्याङको सिउँदोमा
थपक्क बस्यो ।

त्यो सिन्दूरे रङ
हल्का–हल्का
बतासको मदहोस चाल
र, तिम्रो सिउँदो
उस्तै–उस्तै त रै'छ सानु !

त्यो घाम, त्यो जून
ती रातका ताराहरू
तिम्रो समीप
सबै फिक्का त रै'छन् !

वसन्तको फूलझैँ
तिम्रो ओठमा
खेलेको मुस्कानको तरेली
हिमाल नुहाएर
बगेको पानी

वन, पाखा
खर्क र बँसीको
हा...हा...हु...हु...
प्रकृतिको सारङ्गीमा
लैबरी भाका फेरेझैँ
ती सबै तिम्रै
सौन्दर्य त रै'छन् !

अबदेखि
म बिर्सूँ–
यो दुनियाँ
यो प्रकृति
र, हेरिरहूँ–
तिम्रै प्रतिमा
जसरी–
धर्तीले आकाश
हेरिरहेको हुन्छ !



# प्रकाश कोइराला

# छोरो

महाभारत पर्वत र सुनकोसी नदी भएर बहने शीतल पवनले पनि पर्वतको आँत भिजेको थिएन । हिर्दिङको जुनार र कलकल जरुवाको मुहानले शरीरमा तलतल बढाउँदै थिए । लालीगुराँस र घनाजङ्गलका असङ्ख्य पशुपन्छी, फलफूल, कन्दमूल र जडिबुटीले उनको मुहारमा कान्ति फर्काउन सकेको थिएन । क्षयरोग पर्वतलाई मात्र लागेन; पर्वतको जिन्दगी नै क्षयरोगले गाँजेझैँ छटपटाउन थालेको थियो । पर्वत र पार्वतीको जोडी छुट्ट्याउन क्षयरोग गोमन बनेर डसेर फर्किएको थियो । एक्लो पर्वतको फेद साँघुरिदै गयो, उसको बाँच्ने आधार साँघुरिँदै गयो ।

दुई वर्षिया भुन्टी आमाविनाकी दूधकटुवा भइन् । 'भुन्टीलाई आमा नभित्र्याई छोड्दिनँ' पर्वतले अठोट लिए ।

प्रशान्त शान्त हुने दिन कहिल्यै आएन । पहिली पत्नी प्रीतिले लगालग तीन वटी छोरी प्रमिला, प्रगति र प्रविशा जन्माएपछि प्रशान्तले छोरो पाउने आशामा प्राप्तिसँग प्रेमविवाह गरेका थिए । प्रीति र प्राप्ति सौता भए पनि मिलेरै बसेका थिए । प्राप्तिले प्रदीप जन्माएपछि घरमा खुशीको रौनक छाएको थियो । छोराको न्वारनमा मुडाजोर गाउँभरिका मानिस निम्त्याएर प्रशान्तले भोज र नाचगानको व्यवस्था गरी खुशी साटेका थिए । प्रणय बाँझो खेतमा हलगोरु नारेर जोत्दै थिए । प्रशान्तको खेत उनैले कमाएका थिए ।

बेलुकीपख प्राप्तिले हलीलाई खाजा लिएर खेतमा पुगिन् । गहुँको रोटी र तामाको अचार खाइसकेपछि प्रणय डकार काढ्दै घरतर्फ लागे । राते र माले हलगोरु जङ्गलतर्फ दौडिए । साँझमा थलातिर जानुपर्नेमा भोकले गोरुलाई जङ्गलतर्फ डोऱ्यायो ।

सिमसिमे पानी पर्दै थियो । कान्लाको घाँस काटेर भारी हालिसकेपछि प्राप्तिले खेतमा हलीको कमिज छुटेको देखिन् ।

प्रणय र प्रशान्त छिमेकी थिए । दुई मिनेटको बाटो हिँडेपछि एकअर्काको आँगनीमै पुगिन्थ्यो ।

बेलुकी प्रीतिले पतिलाई कुरा लगाइन्, "न्वारान त गऱ्यौ बूढा तर तिम्री कान्छीको निकोचाला चाहिँ छैन । छोरो पनि तिम्रो हो कि हैन– शङ्कै लाग्छ । तिम्रो छोरो जन्मिने भए मैले पाइहाल्थेँ नि ! तीन बेतसम्म छोरी नै छोरी कसरी जन्मिन्थे र !"

प्रशान्तले प्रतिप्रश्न गरे, "हैन, के भन्छे यो ? बौलाएकी त छैनस् ?"

प्रीतिले थपिन्, "हेर्नु नि आफैँ ! प्राप्तिले घाँसको भारीमाथि हलीको कमिज बोकेर आइछे । हली र प्राप्तिबीच पक्कै पनि सम्बन्ध छ, नत्र किन मान्छेले देख्ने गरी कमिज बोकेर ल्याई ?"

प्रशान्तको मनमा शङ्काको बीज उम्रियो । प्रशान्तले हरेक दिन कान्छी श्रीमतीलाई पिट्न थाले । "छोरो मेरै हो कबोल गर !" भन्दै पत्नीमाथि दुर्व्यवहार गर्न थाले । प्राप्तिको शरीरमा घाउ र नीलडाम बाक्लै थिए । पतिको बानीले उनी हैरान भएकी थिइन् । उनको सफाइ-वचनलाई नकारियो । नखाएको विष लागेझैँ नगरेकै बात उनलाई लाग्यो । उनी बाँच्नु न मर्नुको दोसाँधमा थिइन् । शारीरिक यातनाको निदानको उपाए सोचेरै टोलाउँथिन् ।

पर्वत प्रणयको भिनाजु भएकाले मुडाजोर बाक्लै आउजाउ गरिहन्थे । उनको प्राप्तिसँग त्यहीँ आँखा जुधाजुध भयो । अग्लो, पातलो शरीर र लाम्चो अनुहारको पर्वतप्रति प्राप्तिको मनमा पनि प्रेम-लालसा थियो । अग्ली, पातली र लाम्चै अनुहारकी युवती देखेर पर्वत नलठ्ठिने कारण थिएन । पत्नीविनाको ससुराली धाउनुको कारण प्राप्ति नै हो भन्ने कसले नबुझ्ने र ! होचो, भुँडी भ्यात्त परेको र ठूला आँखा भएको प्रशान्तप्रति प्राप्तिको घृणा बाक्लिएको थियो ।

पार्वतीको हाउभाउ, जीउडाल, मुहार र मुस्कान हुबहु प्राप्तिसँग मिल्थे । पर्वतले प्राप्तिमा पार्वती देख्दथे ।

बिहीबार रामेछाप बजारमा बनारसे साडी, चोलो, सिन्दूर र अन्य शृङ्गारका सामान किनमेल गरी पर्वत ओरालो झर्दै थिए । बिहानीपख भालेको पहिलो डाँकमै हिर्दिङबाट चलेका पैतालाका गति रोकिएका थिएनन् । पवित्राले हिँड्ने बेला "बुहारीलाई लगाइदिनू" भन्दै आफ्नो गलाको तिलहरी झिकेर छोराको हातमा थमाएकी थिइन् । 'एक तोला नम्बरी सुनको तिलहरी देखेर प्राप्ति दङ्ग पर्नेछिन्' पर्वतले मनमनै सोच्यो । मुडाजोर आइपुग्दा घाँम डाँडामा पुगिसकेका थिए ।

पर्वतले ल्याएका लुगाफाटो र गरगहनाले प्राप्तिको सौन्दर्य धपक्क बलेको थियो । मुहार चम्किलो भए पनि कताकता मलिनो भाव छाएको थियो ।

वरपीपलको चौतारोलाई साक्षी राखेर पर्वतले प्राप्तिको सिउँदो रङ्ग्याए । त्यसपछि नीलो सुनकोसीको किनार भेट्न दुवैजना बुर्कुसी मारेर ओरालो झरे । पर्वतले एकवर्षे प्रदीपलाई पछ्यौराले बाँधेर पिठ्युँमा बोकेको थियो ।

सुलीभन्ज्याङको पुलमा आइपुग्दा झमक्क साँझ परेको थियो । तैपनि उनीहरूले आफ्नो गन्तव्यतर्फ पाइला मोडिरहे । दिङदिङबेसीको फाँटमा आइपुग्दा रातको नौ बजिसकेको थियो । प्राप्ति थचक्कै बसिन् र अब हिँड्न नसक्ने जिकिर गरिन् । पर्वतले पराल राखेको गोठ देखाउँदै त्यहीँ रात गुजार्ने कुरा गरे । उनले नाइँनास्ती गरिनन् ।

छोरोलाई दूध चुसाउँदै एकछिन बाटैमा आराम गरेपछि उनीहरू गोठतर्फ लागे । भोलिपल्ट बाटोभरि मान्छेलाई सोध्दै-खोज्दै प्रशान्त र उनका छिमेकी लाठेहरू घँगारुका लठ्ठी र खुकुरी लिएर गोठतिर आउँदै थिए ।

अघिल्लो दिनको थकानले नवजोडी मस्त निन्द्रामा थिए । छोरो बिउँझिएर रोइरहेको थियो । अनायासै आँखा खुलेपछि प्राप्तिले पतिलाई उठाइन् । पर्वतले छोरोलाई पछ्यौरीले पिठ्यूँमा दह्रोसँग बाँधे । त्यसपछि उनीहरू हतार-हतार भाग्न थाले ।

प्रशान्त र उनका साथीहरूले देखेर खेदाउन थाले । बन्दिजोर खोलाको उभैँउभो भागेर पानीघट्टाछेवैको बाटो भएर उनीहरू उकालो लागे । लामपाते खोलातिरबाट बाँडिएर छेकारो हालेर देउरालीटारमुन्तिरको समी र वरको रुखको बीचमा प्राप्तिलाई समाउन सफल भए । प्राप्ति पूर्पूरोमा हात लाएर थचक्क बसिन् । पर्वतले एक्लै दगुर्ने चेष्टा गरेनन् र आत्मसमर्पण गरे ।

छोरो लगेर पत्नीको काखमा राखिदिए । प्रशान्तका छिमेकी मित्रहरूले पर्वतलाई अन्धाधुन्ध पिट्न थाले । लात्ती, मुड्की, लठ्ठी र ढुङ्गाले हिर्काएको देखेपछि देउरालीटारका केही जुझारु युवाहरूले हस्तक्षेप गरेर स्थिति सामान्य बनाउन खोजे । वाशेश्वर गाउँ विकास समितिका अध्यक्ष विष्णुलाललाई पनि बोलाइयो ।

अध्यक्षले भने, “यो घटना वाशेश्वर र भुवनेश्वरी गाविसको सिमानामा घटेको हुनाले पारिको अध्यक्ष पनि आउनुपर्छ, अनि मात्रै छलफल गर्न सकिन्छ ।” एक जना युवा भुवनेश्वरी गाविसका अध्यक्ष भुपालप्रसादलाई बोलाउन ग्वालटारतर्फ लागे ।

भुपालप्रसाद आएर स्थिति बुझेपछि छलफल प्रारम्भ भयो ।

प्रशान्त– “छोरो पाउनका लागि मैले कान्छी ल्याएको थिएँ । आज यही छोरो लिएर हिँडी । मेरो छोरो पाऊँ हजुर !”

विष्णुलाल– “आफ्नी श्रीमती र छोरो लिएर जाऊ, यो समस्या नै सल्टिन्छ ।”

प्रशान्त– “अरूसँग पोइल गएकी स्वास्नी म फिर्ता लान्नँ । मलाई मेरो छोरो भए पुग्छ ।”

भुपालप्रसाद– “छोरो नाबालक रहेसम्म पहिलो अधिकार आमाको हुन्छ, आमा नलाने हो भने छोरो पनि लान पाइँदैन ।”

प्रशान्त– “ठीकै छ, म यसलाई पनि लान्छु ।”

विष्णुलालले प्राप्तिलाई भने, “जाऊ, अब रमिता देखाएर काम छैन ।”

प्राप्ति– “म योसँग जान्नँ, बस्न सक्दिनँ, रातदिन अरूसँग बात लाउँछ, रक्सी पिएर मातेर आउँछ र पिट्छ, बिँडीको ठुटोले पोलिदिन्छ । यसले शरीरमा दिएको पीडा खप्न नसकेर म पोइला हिँडेकी हुँ । दोष लगाएर चोटैचोट दिएपछि साँच्चै हिँड्न बाध्य भएँ ।”

भुपालप्रसाद– “त्यसो हो भने तिमी छोरो लिएर पर्वतसँगै जाऊ ।”

प्रशान्त– “म छोरो छोड्नै सक्दिनँ । म आफ्नो बलले भ्याएजति जे पनि गर्न सक्छु ।”

दापबाट खुकुरी झिक्न खोजेको देखेपछि प्राप्ति जुरुक्क उठेर प्रशान्तको अगाडि छोरो देखाउँदै बोल्न थालिन्, “के गर्छस् ? मार्छस् ? काट्छस् ? मलाई कि छोरोलाई ?” प्रशान्त शान्त भए ।

विष्णुलालले पर्वतलाई सोधे, “के गर्छौ ? पाल्न सक्छौ ? यो बच्चालाई आफ्नो छोरो जसरी हुर्काउन, पढाउन, बढाउन सक्छौ ? यो ठूलो भएपछि आफ्नो बुबाको घर जानेछ । अहिले प्रशान्तले भनेजति जारी तिर्नुपर्‍यो भने तिर्न सक्छौ ?”

पर्वत– “जारी तिर्दिनँ । तर, छोराको सम्पूर्ण जिम्मेवारी बेहोर्न तयार छु ।”

प्रशान्त– “मलाई जारी चाहिँदैन, मेरो छोरो लान पाए पुग्छ ।”

भुपालप्रसाद– “ठीकै छ दुलही, नयाँ घरमा जाऊ । छोरो जसको हो, उसैले लिएर जाऊ ।”

प्राप्ति– “मेरो छोरो, म सँगै लान्छु ।”

मध्यदिनको घामझैँ पर्वत, प्राप्ति र प्रशान्त तातेका तात्यै थिए । निष्कर्षमा पुग्न सकिएको थिएन ।

भुपालप्रसाद र विष्णुलालले छुट्टै बसेर सल्लाह गरेर आए अनि एकै स्वरमा भने, “प्रशान्त ! पत्नीलाई पिट्दिनँ भनेर समाजसामु कसम खाऊ र आफ्नो परिवार लिएर जाऊ ।”

प्रशान्त– “म यसलाई आजदेखि छुदैछुन्नँ । घर, खेतबारीको काम गरेर बस्नेछे, खान र लाउनको कुनै कमी हुन दिन्नँ ।”

प्रशान्तले सकार्दा पनि प्राप्तिले जान मन गरिनन् । पर्वतको अनुहारमा पिलिक्क हेरिन् । पर्वत घोसेमुन्टो लाएर उभिएका थिए ।

विष्णुलालले भने, “प्रशान्त तिमी आफ्नो छोरो लिएर हिँड, घर पुग्दा भरे रात पर्छ ।”

प्रशान्त अघि बढेर काखबाट छोरो लुछेर फटाफट हिँडे । अरू साथीहरू पनि फर्किए । उनीहरू पर पुगिसकेका थिए । प्राप्ति छोरो गएकै बाटोतिर दृष्टि फिजाउँदै थिइन् । गलाको तिलहरी झिकेर पर्वतको अघिल्तिर हुत्याउँदै उनले भनिन्, “ला तेरो तिलहरी तैँ राख् ।”

उनी रुदै “मेरो छोरो” भन्दै प्रशान्त गएको बाटोतिर दौडिन् । गाउँलेहरूले ताली बजाएर निर्णयलाई स्वागत गरे ।

पर्वत लुरुक्क परेर घरतिर उकालो लागे ।

■■

*गोलञ्जोर -६, सिन्धुली*

**माधवी विष्ट पाण्डे**

# बिजुलीको गुन



सुनसुन दिदीबहिनी, दाजुभाइ सुन
जानिराखौँ केके रै'छ बिजुलीको गुन
सर्वप्रथम सुरक्षालाई दिनुपर्छ ध्यान
टुटेफुटे सामग्री चैँ नचलाऊँ है जान ।१।

बालकदेखि वृध्दसम्म सबै रमाउँछन्
स्वरोजगार गरी सानै दिन बिताउँछन्
चलेकै छ यातायात नि बिजुलीले हेर
स्वच्छ, सुन्दर वातावरण हुन्न कत्ति बेर ।२।

खाना मीठो राइस-कुकरको, तताउन ओभन
प्रयोग गरौँ बिजुलीको सुखी बन्छ जीवन
लुगा धुन वासिङ मसिन समयको बचत
बचाउँछ चिसोबाट पानीको कम खपत ।३।

लुगा राम्रो चिटिक्कै आइरन लगाए त
कोठा पनि कत्ति सफा भ्याकुम चलाए त
जाडो छ नि मौसम हेर चिसो पनि भाग्छ
जाडो-गर्मी मिलाउने शक्ति अपार छ ।४।

उद्योगधन्दा, व्यवसाय, कार्यालय घर
कम्प्युटर, मोवाइल बिजुलीकै भर
झन्झट छैन बिल तिर्न लाइनको सास्ती
अनलाइनको प्रयोग गरौँ, घरमै बसिबसी ।५।

बिद्युतीय सामग्री छन् मनै लोभ्याउने
प्रयोग गरे जिन्दगी नै सहज बनाउने
काम गर्दा होसियार चैँ सधैँ हुनुपर्छ
हतार गरे अकालमा ज्यानै जान सक्छ ।६।

*गण्डकी प्रादेशिक कार्यालय, पोखरा ।*

## नारायण योगी

# मनमति



“आज संझाकलग तिना जिन निँधिस रि सुखलिक डाइ” (साँझ तरकारी नपकाएस् है, सुखलीकी आमा !) भन्दै हातमा जाल लिएर नशाले लट्ठिएका राता राता आँखा बटार्दै बड्कालडिया (राप्ती नदी) तिर लामो डेग चाल्दै माछाको खोजीमा घरबाट निस्कियो परदेशिया । सधैँझैँ यस दिन पनि माछा समयमै ल्याइपुऱ्याउनेमा बाटो हेर्दै बसिरहिन् मनमति । साँझ बाक्लिँदै गएपछि बुढान, बड्कान र छोट्कान कोन्टीका केटाकेटीहरू भात खाएर सुत्न थालिसकेका थिए । मनमतिले भातमात्रै पकाएर परदेशियाले माछा ल्याइपुऱ्याउने आशामा अरू तरकारीको जोहो पनि गरिनन । छोरी सुखलीले ‘भोक लाग्यो’ भनेर हातखुट्टा फालेको पनि अलिबेर भइसकेको थियो । परदेशियाले माछा ल्याइपुऱ्याउने कुनै लक्षण देखिएन । त्यसैले उनले आफूलाई अझै केही समय भोकै राख्न सक्ने भए पनि छोरीलाई बड्कान कोन्टीबाट तरकारी ल्याएर भात खुवाइन् । छोरीलाई खाना खुवाएर सुत्न पठाएर उनी आफू नयाँ बनाएको भान्साघरको एउटा कुनामा ठडिएको डेहरी (धान राख्ने माटोको वस्तु)मा अडेस लागेर अगेनामा बलिरहेको आगोलाई एकोहोरो हेरिरहिन् ।

फिलिमको रिल घुमेजस्तै पुराना कुराहरू उनको मनमस्तिष्कमा फनफनी नाचे । आफू विवाह भएर यो घरमा आउँदा परदेशियालाई जिउडालले भाइ भनूँभनूँ जस्तै लाग्थ्यो उनलाई । तर, व्यवहारमा त ऊ जिरेखुर्सानीजस्तै रहेछ । स्कूल पढ्न नपाए पनि बजारमा तरकारी बेच्न, घरव्यवहार मिलाउने काममा निकै सिपालु देखियो ऊ । उनको मनमा बाहिरी आकृतिहरू हेरेर बनेको ऊप्रतिको आशङ्का दुई/चार दिनमै हट्यो । बड्काले हाइस्कूलसम्म पढे पनि ससुरा बुढा र सासूले माइलो छोराकै भर गर्दथे । सायद उनले सानैबाट घरको काममा उनलाई सघाएको हुँदा आत्मीयता बढ्दै गयो र परदेशियाप्रति मोह बढेको हुनुपर्छ । परदेशिया हेर्दा पनि काटिकुटी सासू रामप्यारीतर्फ गएको थियो । यसले पनि रामप्यारीको भावनामा परिवर्तन भएको हुन सक्छ । ‘मैले पनि सासूससुराको मन दुख्ने गरी कहिले पो तितोपिरो बोलेँ र ? आफूलाई सधैँ कामको मात्र चिन्ता

लागिरहने !' सायद यी सबै कारणले सासूससुराको आफुप्रतिको व्यवहार राम्रो पाएको सुखद कल्पना गरिन् उनले ।

समय बित्दै गयो । तीनभाइ छोरा, तीनबहिनी छोरी भए । सरकारी नियम त मिचियो नै, तर घरको नियमले भने बाँधेन उनलाई । पछिल्ला दिनहरूमा परदेशियाले धामीझाँक्री गर्दागर्दै रक्सी धेरै खान सिक्यो । देउतालाई चढाउन ल्याएको रक्सी छाकी भनेर ल्याउँदा धामी बसाल्ने गुरुवालाई पनि पुग्नेगरी ल्याउँथे । यस्तोमा परदेशियाको बानी नराम्ररी बिग्रियो । कैयौँ पटक दिनभरि घरघर चहारेर कुकुरले कलो टिपेझैँ रक्सी धोक्ने गर्दथ्यो र घर आएर रडाँको मच्चाएर आफूलाई सास्ती दिएको उनले झलझली सम्झिइन् । कति पटक त रातभरि कहीँ बाटो छेउको रछ्यानमा पल्टिएर बिहान घोप्टेमुन्टो लगाएर दाइसँग लड्न कम्मर कस्ने ! कहिलेकाहीँ आफ्नै बाआमासँग पाखुरा खैँचेर बिजोग ! तर, आजभोलि उसको स्वरमा लाचारी र निर्बलतामात्रै झल्किन्छ । सायद रक्सीले उसलाई गलाएर खोक्रो बनाइसक्यो । कतै ख्यालख्यालैमा पुक्लुक्क मर्ने त हैन ! उसको मृत्यु भएको आशङ्काले अनायासै उनको मुटु भुटभुट गर्न थाल्यो । लामो निश्वास लिएर 'उफ्...' भनिन् ।

'म पनि त्यतिकै अनर्थका कुराहरू किन सोच्छु !' भन्दै निभ्न लागेको आगो ठोसेर बाहिर उभिइन् उनी । बड्कालडिया (राप्ती नदी) मा १७ करोड रूपैयाँको लागतमा लामा कम्पनीले बनाउन थालेको पुलको आज ढलाइको दिन थियो । त्यस दिन गाउँको दक्षिणतर्फ बग्ने बड्कालडिया सुसाइरहेको थियो । कहिले काम गर्ने मजदुरहरूको कोकोहोलो सुनिन्थ्यो त कहिलेकाहीँ नदीको सुसाइमात्र । एकछिन बाहिर उभिइन् उनी । रातको निस्तब्धतालाई चिर्दै गाउँका कुकुरहरू घाँटीका नसा चुँडिनेगरी ह्वाङ्ह्वाङ् गर्दै गाउँ थर्किनेगरी भुकिरहेका थिए । आकाशमा ताराहरू चन्द्रमाको अनुपस्थितिमा पिलपिल गर्दै चम्किरहेका थिए । आकाशतिर यसो हेरेको त खटिया पनि माथि गइसकेको रहेछ । ओहो ! रात त छिप्पिसकेको रहेछ । 'माहारात होगैल' भन्दै मनमनै बुदबुदाइन् मनमति ।

मङ्सिरको महिना, भर्खर जाडो चढ्न थालेको थियो । आधारात बितिसक्दा पनि परदेशिया घर नफर्केकाले गह्रौँ मन लिएर जाँगर नलाइनलाइ घरभित्र गइन् उनी । ससुराबुढा नाकको पोरा बजाउदै घर थर्किनेगरी घुरिरहेका थिए । माहिली बुहारीले आफ्नो घरको ढोका लगाउँदा घ्याक्कको आवाज र घरमा बलिरहेको ढेब्री देखेर छोरा आयो कि भन्ने ठानेर नै रामप्यारी मनमतिको कोठामा गइन् । मनमति आगो तापेर बसिरहेकी थिइन् । ढोकाको आवाज सुनेर ढोकातिर हेरिन् ।

"ओहो ! अतरा रात हो राखल् । तौन अभिन तह्लुक नैह आइल् हो मझ्ला ?" (ओहो ! यति धेरै रात परिसक्यो, तर माइलो अझै आइपुगेन ?) मनमतिले प्रश्नसूचक दृष्टिले सासूलाई हेरिन् र मुन्टो हल्लाएर नआएको सङ्केत गरिन् । यो कुराले रामप्यारीको मन आत्तियो । उनलाई रिँगटा लागेर आयो । उनको मुटु तेजगतिमा दौडिन थाल्यो । उनी आत्तिँदै बाहिर गइन् । चुक पोखिएको अँध्यारोमा हेरिन् । तर, उनी धेरैबेर उभिइरहन सकिनन् । उनका मनमा बग्रेल्ती प्रश्न उठे र हतारहतार गर्दै बूढा वीरबहादुरलाई घचघच्याएर उठाउन थालिन्, "अहोइ परदेशियाक् बाबा, छावा हे खोजे चोलो । आजकल समय फेन खराब वा अतरा रात हो राखल मच्छी नै मिल्लेसे घुमके चल अइना हो लवन्डा फेन केनिका करे । अतरा रात कैमारल् । अभिन तलुक कुछ थाहा नै हो उफ्.. ! महिहे टे कैसिन जुन लागता !" ( हेर्नुस् न परदेशियाको बाबा, यति राति भैसकेको छ, तैपनि छोरा आएन, खोज्न जाऊ न । मलाई अर्कै लागिरहेको छ ।)

उनले बूढा वीरबहादुरलाई उठाउने कोसिस गरिन् । तर बूढा हुँहुँ गर्दै कोल्टे फेरेर फेरि घुर्न थालिहाले । वीरबहादुरको यस्तो निष्क्रियता देखेर उनको मन भतभती पोल्यो । 'आफू दमको रोगी नभएको भए लौरो टेक्दै लालटिन बोकेर खोज्न गइहाल्ने थिएँ तर म आफै अशक्त छु । यो मध्यरातमा म कहाँ जाऊ ? के गरौँ ?' उनी इन्तु न चिन्तु हुँदै भगवान्सँग प्रार्थना गर्दै हतारहतार देहुरारतर्फ गइन् । आफ्ना कुलदेवतालाई सम्झिन थालिन्– 'हे भगवाने, मोर छावाहे कौनो भुत, प्रेत, देवी, देउता, डायन, बोक्सीन जिन लागदेहो !' भन्दै हात जोडेर प्रार्थना गरिन् र पछी कोठामा सुत्न गइन् । तर, निद्रा कहाँ लाग्थ्यो र ? कसैले खोसेको थियो उनको निद्रा । एकपटक छतलाई हेर्दै ओछ्यानमा पल्टिरहिन् रामप्यारी ।

बाहिर कुकुरहरू पालैपालो रुन थालेका थिए । उनको मनमा आशङ्काका बादलहरू झन्झन् बाक्लिँदै थिए । सुरुसुरुका दिनमा रामप्यारीको माइलो छोराले जाँडरक्सी त्यति बढी खाँदैनथियो । तर, जब गुरुवा बन्यो, नशापानीको अत्यधिक प्रयोग गर्न थाल्यो । परदेशिया रक्सीले मातेर नपल्टिएको दिन कमै रहन्थ्यो । कहिले गाउँका गल्लीमा, कहिले कुन कुलोको मुहानमा, कहिले कसैको खेतबारीमा ऊ पल्टिएको हुन्थ्यो । एकपटक मनमतिले राम्रो मुखले सम्झाउँदै "परदेशियाक् बाबा, आजकाल टे तुँ आउर धेर जाँड दारु पिये लग्लो । काकरे आपन शरीरके ख्याल नै कठो ।" ( आजभोलि त हजुरले झनै जाँड धेरै पिउन थाल्नुभयो । शरीरको ख्याल किन गर्नुहुन्न ?) भन्दै उसको सान्निध्यमा गएर मनाउन खोजिन् ।

"तुँ कहठो दारु पिठुँ । लेकिन नहीँ, परदेशियाक बाबा, दारु तुहिनहे

पियटा । जिउ सिट्ठाहस् ओ एकदम से खोखुर बाँसहस् होगइल् बा । मनैनके चोला आखिर एकदुई रोजके ते नै हौ ? तुहिनहे कुछ हो जाइटे । यी छोट-छोट लर्कापर्कानन् कमै कैसिक सहेरम् ।" ( रक्सीले हजुरको शरीर सुकेर बाँसजस्तै भइसकेको छ । रक्सी हजुरले होइन, रक्सीले हजुरलाई खाइसक्यो । हजुरलाई तलमाथि पऱ्यो भने मैले केटाकेटी के गरेर पाल्ने ?) भन्दै अघरानको फुर्काले आँसु पुछ्दै रात बिताउँथिन् तर उनको कुरालाई फिस्स फिका हाँसेर उडाइदिन्थ्यो उसले ।

उनले माघीमा घर छुट्टिएपछि एउटै घरमा खाना बनाउन असहज भएर परदेशियालाई धेरै अनुनय-विनय गरेर एउटा भान्साघर तयार भयो । भान्साघर बनेको दुईचार दिनपश्चात् घरमा डेहेरी, कुठ्ली (खाद्य सामग्री राख्ने माटोको सानो वस्तु) सार्नुपर्ने भयो । त्यस दिन पनि परदेशियाले बिहानको नास्तामा रक्सी धोकिसकेको थियो । राताराता आखा पार्दै सामान मिलाउन थाल्दा ख्यालख्यालै मा "मनमतिक् डाइ डेहेरी कुठ्ली सर्लेसे कहुँ लुकिक्साँधा खेल्ना साँकिर ते नै हुइ ?" भन्दै छड्के हान्यो । मनमतिलेले मनमनै रमाउँदै तर बाहिर रिसाएको अभिनय गर्दै "हाँ अभिन तुहिन जवान हस् लागठ किका ? अत्राधेर लर्कापर्का होरलाँ तावन्, छिहलाइक् खोज्ना ।" (अँ यति ठुला केटाकेटी भइसके, तैपनि हजुरलाइ जिस्किरहन मन लाग्छ) भन्दै जवाफ फर्काएकी थिइन् ।

रात छिप्पिँदै गएको थियो । मनमतिलाई निद्राले च्याप्न थाल्यो । अगेनाको छेउमा डेहेरीको अडेस लागेर एकछिन उँग्दाउँग्दा निद्राले झपक्कै पारेछ । उनी निदाएर सपना देख्न थालिन् ।

परदेशियाले नदीबाट आधा डिलिया पहरू माछा मारेर ल्याएछ । मनमतिले प्रश्न गरिछन्, "काकरे अतरा रात कैलो मच्छी नै मिल्लिसे घरे आजैना हो ।" (यति धेरै रात किन पार्नुभएको त ? माछा नभेटिए फर्किहाल्नुपर्दथ्यो ।)" परदेशिया जाडोले लगलगी काम्दै थियो । मनमतिले हतारहतार आगो फुक्दै "मै कहले रहुजे आजकाल जाड बढ्राखल । मच्छी ओच्छी मारे जिन जाउ । अब पहिले हस् जिउफेनटे नै हो । एक ओर उमेर छिपट जाइटा दोसर ओर तुँ पेटक् रोगी बटो । अब टे मै रात के मच्छी मारे नै जाइ देम् ।" ( मैले भनेकै त हो, जाडो बढिसक्यो, माछा मार्न नजानूस् भनेर । अब त हजुरको शरीर पनि पहिलेजस्तो छैन । एकातिर उमेर छिप्पिँदै गरेको छ, अर्कोतिर हजुर पेटको रोगी हुनुहुन्छ । अब त मैले हजुरलाई माछा मार्न जान दिँदिनँ) भन्दै आफ्नो मनको असन्तुष्टिहरू लाई पोखिन् । अगेनाको छेउमा बसेपछि जाडोले कठ्याङ्ग्रिएको उसको शरीर आगोको रापले तातो हुँदै गयो । हस्याङफस्याङ गर्दै उनले मसला पिनेर माछाको

तरकारी बनाइन् । छोरी निदाएको धेरैबेर भैसकेको थियो ।

मनमतिलाई परदेशिया नआउँदाको पिर परदेशिया आएपछि जिउ फुरुङ्ग भएको थियो । माछकोा तरकारी र तातोतातो भात पेटभरि खाने कल्पना गर्दै भात पस्किइन् उनले । परदेशियाको पनि पानीमा खेलेकाले रक्सीको नशा हटिसकेको थियो । त्यसैले उसले तरकारीसँग छिप्पेको जाँडको झोल तन्काउने सुर कस्यो । मनमतिलाई भन्यो, “भात किल का खैनाहो सुखलिक डाइ ? थोर चे जाँडक झोर बा कहले एक खोरिया दे न ।” (भातमात्रै निस्तै के खाने ? एक बटुका जाँडको झोल छ भने त्यो पनि दे न सुखलिकी आमा ।) उनलाई पनि बहाना चाहिएको थियो । माने बटुकाका दुई बटुका झोल निकालेर दुवै जना खान बसे । केही समयपश्चात् जाँडको झोलले आफ्नो प्रभाव विस्तार गर्न थाल्यो । क्रमशः दुवै मात्दै गए । केही बेरपछि दुवै नशामा लट्ठेर आफ्नो सुत्ने कोन्टीतिर लागे । एकले अर्कालाई अँगालोमा बेरेर दुई जिउ एक भएछन् ।

रातिको निरवतालाई चिर्दै कुकुरहरू जोडजोडले गाउँको चारैतिर ह्वँह्वाँ गरेर रोइरहेका थिए । बाहिर कोही मानिसले जोडजोडले ढोका हान्दै “माई होइ माई’ भन्दै बोलाइरहेको चर्को स्वरले गर्दा उनको आँखा एक्कासि खुले । आँखा खुल्दा आफू बसेको स्थान चिसो भएको अनुभूति भयो । लाजले रातो पिरो हुँदै आफूले आफैँलाई गाली गर्दै “छि कैसिन कैसिन सपना देख्लुँ” भन्दै हतारहतार हातमा ढेब्री लिएर ढोकामा पुगिन् । बाहिरबाट आएको चिसो सिरेटोले बत्तीलाई निभाइदियो । उनले फेरि भित्र गएर ढेब्री सल्काएर ल्याइन् । कोन्टीका सासूससुरा र बड्कन कोन्टीका जेठाजु पनि उठिसकेका थिए । ढोका हान्नेहरूलाई उनले सोधिन्, “का हो गैल् ? का करे ऐसिन ढ्वाक– ढ्वाक् दवार ठोकट् रहि ।”

ढोका हान्नेहरूको वाक्य नै फुटेन । तल मुन्टो लगएर सानो स्वरमा भने, “हम्रे पुलिम् काम करट् रहि । कानी के हो, परदेशिया हे कस दारु पिएदेहल् परदेशिया ठाह्रेटोंटा लगाले दारु पियल् । दारु पिकेसेकलटे छाटी बठाइ लागल्, कहटी पुलके तरे आके बेहोस ओ गइल् । उहे खबर हम्रे देहे आइल् बटि ।” (हामी राप्ती नदीको पुलमा काम गरिरहेका थियौँ । कुन्नि कसले परदेशियालाई लाग्ने रक्सी दिएछ । उसले त्यो रक्सी खाएछ र बेहोस भएछ । त्यही भन्न आएको ।)

मनमतिलाई यो कुरा सुनेर आफ्नो पाउतलको जमिन भास्सिँदै गएझैँ लाग्यो । मुटु भुटभुट गर्न थाल्यो । नशामा दौडिरहेको रगत एकैछिनमा रोकिएझैँ लाग्यो । उनी परदेशिया बेहोस भएर पल्टिएको दिशातिर हावाको वेगसँङै दौडिन् । घरका अरू मानिसहरू पनि लालटिन बोकेर पछिपछि दौडिँदै थिए । परदेशिया घोप्टो परेर घ्याऽघ्याः गर्दै कठिनताको साथ सास लिइरहेको थियो । खुट्टाहरू

चिसिँदै गएका थिए । शरीर भने तातै थियो । उनलाई लाग्यो– सायद रक्सीको नशा धेरै भएर ऊ बेहोस भएको हुनुपर्छ । परदेशियाको टाउको उनले काखमा राख्न खोजिन् । यसो हात लगाएको त हातमा चिसो केही तरल पदार्थ लागेको अनुभुति भयो । अँध्यारोमा उनले ठम्याउन सकिनन् । सायद वान्ता गरेको हो कि भन्ने लाग्यो । सासूससुरा र परिवारका अन्य सदस्यहरू पनि आए । लालटिनको उज्यालोमा हेर्दा त परदेशिया रक्ताम्य पो भएको रहेछ । यो देखेर उनको तलको सास तल र माथिको सास माथि नै रोकियो । उनी अचानक छाती पिटेर रुन थालिन् । "डाइरी का होइगल् ऐसिन् । सुखलिक् बाबा, महि छोडके जिन जाउ । मै तोहरबिना कैसिक जिए सकेम् । मै लर्का पर्कान् कैसिक पालम् काकरे ऐसिन कैलो !" (सुखलीको बाबा, यो हालत कसरी भयो ? कसले गरायो ? मलाई छोडेर हजुर कसरी जान सक्नुहुन्छ ? मैले केटाकेटी कसरी पालम्ला ?) भन्दै उसको शरीरमाथि घोप्टो परेर रुन थालिन् ।

बूढा वीरबहादुरले छोराको नाडी छामे । नाडी मन्द गतिमा चलिरहेको थियो । बूढाले भने, "जिनरो पतुहिया हिम्मत से काम लेना हो । छावाहे हलिहली उठाके अस्पताल लैजाइक् परल् ।" मनमतीले परदेशियालाई जुरुक्क पिठ्यूँमा उचालेर दौडिँदै घरतिर आइन् । घर आएर अस्पताल लैजानका लागि बोक्ने खटोली तयार भयो । सबैले हतारहतारमा अस्पताल लिएर गए । बाटोमा हिँड्दा मनमति कहिले उसको टाउको छाम्छिन्, कहिले चिसो हुँदै गएको पैताला छाम्छिन् । अघरानको फुर्कोले आँसु पुछ्दै उसको चिसिँदै गएको जिउ छाम्दै खटोलीको पछिपछि दौडिइरहिन् मनमति । उसको चिसिँदै गएको शरीर छाम्दा उनको मन गह्रुङ्गो हुँदै गएको थियो । उसको छातीको घ्याऱ्घ्याऱको आवाज पनि अस्पतालको नजिक पुग्दासम्म कम हुँदै गएको थियो ।

अस्पताल पुगेर उनले त्यहाँ रहेको हेल्थपोस्ट इन्चार्जसँङ आफ्नो जीवनसाथीलाई बचाइदिनका लागि रुँदै गोडा पक्रेर आग्रह गरिन् । इन्चार्जले पनि छिटोछिटो ग्लुकोजपानी चढायो । तर, ग्लुकोजपानी चढाएको दश/पन्ध्र मिनेटमै पानीको थोपा खस्न बन्द भयो । उसको घ्याऱ्घ्याऱ पनि एक्कासि थामियो । अस्पतालमा सन्नाटा छायो । रक्ताम्य भएको उसको अनुहार हेर्दै बिलौना गरेर उनी रुन थालिन् । बूढा वीरबहादुर पनि कुनामा उभिएर आँसु पुछ्दै सुँक्कसुँक्क गर्दै थिए । त्यहाँ भएका सबैका आँखा अनायास रसाए । रातिको निस्तब्धतालाई चिर्दै उनी भन्दै थिइन्, "माउ मै कैसिक जियम् । महि छोड्के काकरे चलगैलो सुखलिक बाबा ! महि फेनसँग लैजाउ मोर जिले का सोरथ बा । अहँ हँ... मै अब

अपन जिउहे कैसिक भुझइम् । कस दारु देहुइया पापि देहल् हुइ ? कस दारु हो कहिके काकरे नै कहल् ? दारु देहुइया पापिहे केउ कुछ करिकी नैइ हुँ... । अब मै यी नाननान लर्कान कैसिक पालम् । कैसिक व्यवहार चलैम् !" (सासूआमा ! सासूआमा !! म कसरी बाच्ने हो ? मलाई एक्लै छोडेर सुखलिका बाबा किन जानुभयो ? मलाई पनि सँगै लिएर जानुपर्ने ! अहँ... हँ... मैले यो मनलाई कसरी थाम्ने हो ! रक्सी दिने मान्छेलाई कसैले केही गर्ला कि नगर्ला ? हुँ... हुँ...) उनी भक्कानो छोडेर अस्पताल थर्किनेगरी भावविह्वल बनेर छाती पिटीपिटी रोइरहेकी थिइन् ।

चैतवैशाखको आगोझैँ बिहानीपख गाउँभरि हल्ला फैलियो– परदेशिया रक्सी खाँदाखाँदै मुटु फुटेर मऱ्यो रे !

रक्सी खानेहरू स्तब्ध भए । केही दिन रक्सी भट्टीमा कोलाहल कम भएको थियो । बड्कालडियाको पानी परदेशिया बेहोस भएर पल्टिएको स्थानबाट सुसाउँदै आफ्नै गतिमा अविरल बगिरहेको थियो !

■■

**नारायणप्रसाद आचार्य**

# उपकार



गर्नेले खटि काम लौ समरमा हार्दैन कैल्यै तर
आर्काको भरमा हुँदैन कहिल्यै विश्वास आफ्नै गर ।
राम्रा कर्म गऱ्यौ भने उसरि नै पाइन्छ मीठो फल
गर्दा काम निस्वार्थ भैकन तिमी त्यो माहुरीभैँ गर ॥

भारी बोक्छ निकै विशाल कमिला पल्टन्छ आफैँ तर
मान्दैनन् कहिल्यै ति हार सहजै स्वयम् हुँदा निर्भर ।
गर्दै धैर्य सदा लिई मनमहाँ त्यो उच्च आत्माबल
राख्दै कर्म गऱ्यो भने बुझ तिमी, हुन्नन् नि त्यो निस्फल ॥

आर्काको उपकारमा ति बिरुवा दिन्छन् नि मीठा फल
सट्टामा कहिल्यै नखोज जन हो त्यो रुखले भैँ गर ।
डाली झुक्दछ नुङ्छ लौ फल फले, गर्दैन लज्जाबोध
त्यस्तै झुक्न सक्यौ भने बुझ तिमी, भो जन्म यो सार्थक ॥

सूर्यै दिन्छ प्रकाश यो धरतिमा पारेर लौ झल्मल
रात्रीमा नभमा उदाइ सहजै दिन्छन् शशी शीतल ।
यस्तै कर्म छ नित्य-नित्य तिनमा, देखिन्न स्वार्थै तर
आर्काको उपकारमा उसरि नै निस्वार्थ कर्मै गर ॥

पानी बग्दछ नित्य यो अवनिमा रोकिन्न कैल्यै गति
भेट्ने चाह लिई समुन्द्र सहजै गर्दैन त्यो छट्पटी ।
तीर्खा मेट्दछ मार्गमा सबकनै जो-जो छ प्यासी तर
हुन्नन् भेद कुनै समान उसमा सीकेर त्यस्तै गर ॥

जे-जे छन् यस धाममा सब कुरा हुन् ती सबै नै गुरु
मान्दै कर्म गऱ्यौ भने बुझ तिमी, भो जीन्दगीको सुरु ।
छैनन् स्वार्थ कुनै पनि तिनमहाँ नीस्वार्थ छन् ती तर
मान्छे भै नभुलौँ विवेक सबको हीतार्थ कर्मै गर ॥

■■

*प्रसारण निर्देशनालय*



### आविष्कार कला



# अपरिचित अनुहारसँग परिचित हुँदा

वर्तमान समयमा साहित्यमा रूचि हुनेहरूका लागि एक परिचित नाम हो महेश पौड्याल । साहित्यप्रेमीहरू अपरिचित छैनन् महेश पौड्यालबाट । सामाजिक सञ्जालले राजधानीभित्र र बाहिरमात्रै होइन; देशदेखि परदेशसम्म जहाँ बसे पनि सबैलाई जोडेको छ । अझ भनौं, साहित्यिक रचनाहरूले जोडेको छ ।

साहित्यका विविध विधामा लेखन र प्रवचनमा नवीनता पाइने पौड्यालको नयाँ कथासङ्ग्रह बजारमा आएको छ– 'अपरिचित अनुहार' । 'अपरिचित अनुहार'सँग परिचित हुँदैजाँदा कथा र कथाकारसँगमात्रै परिचित भएर कथाहरू सकिँदैन । यससँगै नेपाली समाज, देश, भूगोल, सीमा, मानवीय भावनालगायत सबैसँग परिचित भइन्छ । जसरी हावाले सबैलाई स्पर्श गर्छ, त्यसरी नै कथाले सबै पक्षलाई स्पर्श गरेको छ । सङ्ग्रहमा रहेका अठार कथाहरू नेपाली समाजको भित्रभित्र पसेर बाहिर आएका छन् ।

**बार्दलीको एउटा अनुहार** : चालक पात्र बनेको कथा हो यो । सौन्दर्य आकर्षणको कथा राजमार्गमा झैं सरर कुदेको छ । उपयोग गर्न सिपालु चालकले सहचालकलाई भन्दैन गोप्यकुरा । ऊ आफैं थाहा पाओस् भनेर भागेको छ माया र जागिरबाट । सहचालक मायामा र मानवीय रूपमा बढी इमानदार देखिन्छ । सहचालकको जस्तो आँट नेपाली युवा/युवतीमा आए अपाङ्ग व्यक्तिहरूले साङ्गसँग सजिलोसँग जीवन बिताउनेथिए । यो कथा राज्यको कुर्सीमा आसीनले पढून् । सहचालक मनेको जस्तै आँट भएकोलाई राज्यले केही व्यवस्था गरोस् सम्मान, रोजगारी र अनुदानको । पेशा–व्यावसायका आधारमा मानवीय स्वभाव यसै हुन्छ भनेर अनुमान गरी आलोचना गर्नेहरूले पढ्नुपर्ने कथा छ यो । दयामाया गाडीका कर्मचारीसँग पनि हुन्छ भनेर यो कथा यात्रुहरूका लागि वा आमपाठक सबैका लागि उत्तिकै उपयोगी छ । कथामा मायाप्रेम उच्चतम रूपमा त्रिशूली बनेर बगेको छ ।

**मृगनयनी** : सन्तानको मायाबाट कथा अगाडि बढेको छ । सौन्दर्यमा रुमलिएको आँखा, प्रचलित नेपाली उखान 'सन्तान आफ्ना राम्रा बालीनाली

अरूको राम्रो' भन्नेसँग फेल खाएको छ । आफ्नो सन्तानभन्दा मृगनयनी राम्रो देख्छ कथामा ।

समाजलाई सबल र शहरिया आँखाले हेर्दा मिल्छ– पढाइ, उमेर र उचाइको तादात्म्यता । कथाकारले अन्य परिस्थितिमा पनि एउटै सामाजिक चाहना राखेको पाइन्छ । कथाकारले बालबालिकाबाट आउने निर्दोष कुरा बताएका छन् । अझ अर्को महत्त्वपूर्ण कुरा ६/७ वर्षको उमेरबाटै बाल सङ्गठनको हावाले छोएका बालबालिकाबाट टोल र समाजका राजनीतिक अवस्था पनि आउँछ भन्नेमा कथा अलि पुग्न सकेको छैन कि !

केलाई सत्य मान्ने ? कथाले एउटा दर्शन खोलेको छ । रङ्गीन दुनियाँ वा ध्वनि ? अरूको अभाव र पीडाको भावनामा खेल्नेहरू होसियार ! कथाले भन्छ– 'दृष्टिविहीन' मृगनयनीलगायत होइनन्– शब्द, अक्षर र वाणीमा खेल्ने यो समाज हो ।

**उपहार** : शहरमा आएको मानिसले मन पनि रोपनी, विगाहा छाडेर आनाको बनाएको छ कथामा । किन सुसेली हाल्ने गाउँघरबाट काठमाडौँ आएपछि चटक्क बिर्सन्छन् बोल्न र आफ्नो हार्दिकता पेश गर्न ? कथामा शहरको तस्वीर धपक्क बलेको छ । शहरमा छिमेकीबाट निम्तोको आश गर्ने टोलबासी आफूले निम्तो गर्दा 'ह्या त्यो पूर्वको, कहाँ त्यो पश्चिमकोलाई ?' भन्ने प्रसङ्ग आएको भए अझ गजब हुनेथियो ।

धन्यवाद भन्न विचरा नातिले जान्दैन; अभिभावक आवश्यक ठान्दैनन् शहरमा । शहरका सबै टोलमा कथाको जस्तै नाति जन्मिऊन् सम्बन्ध जोडिदिने ।

**आवाजहरू** : बच्चा जन्मँदै पहिला आवाज खोज्छन्– अभिभावक, डाक्टर, नर्सहरू जीवित प्रमाणका लागि । आवाजसँग भाग्दै जीवनको कथा लेख्नेहरू सोच– कथा कसको लेखिँदै छ । आवाजसँग भाग्दै जनआवाजमा शासन गरेका छौँ भन्नेको थोरै प्रसङ्ग पनि जोड्न पाए अझ गज्जब हुने थियो कि ? स्वघोषित मान्छेका कथा लेख्नेहरू जोगीलाई सोध– त्यो कथा मानिसको हो कि बगर वा जङ्गलको । कतै नेपाली राजनीति त त्यस्तै भएको छैन जनताको नाममा ? कथामा प्रशस्त प्रश्नहरू छन् ।

**अभिमन्यु**: गोर्खाली रगत र पसिना पोख्न परदेशमा जानुपर्ने अवस्था अलि भिन्न रूपमा पेश भएको छ । नेपाल शान्तिक्षेत्र भएको भएर लडाइँका लागि भारतीय सैनिक भएको कुरा आउँछ कथामा । रगतमा, मनमा सैनिक जीवनशैली भएको अभिमन्युलाई फर्कायो अमरगढीले, जुन प्रसङ्ग राम्रो छ । वीरताको कथा गोर्खाली इतिहास कथामा प्रशस्त छ । इतिहास रच्न हरेक पाइला र अवस्थामा सक्छन्– नेपाली सन्तान देखाएको भए गजब हुने थियो ।

इतिहासका मिति, भारत-पाकिस्तान युद्धको मिति बोल्छ कथामा । पछिल्लो माओवादी द्वन्द्वको धनगढी लडाइँको मिति पनि भए अझ गजब हुने थियो कि !

**बगर** : आफू टाढा जागिरे जीवन हुँदा कति पीडा थियो, त्यो पटक्कै बुझ्दैन शरद । छोराछोरीलाई कम्ती टाढा भर्ना गरेको छैन उसले । आफूले पढाउने विद्यालयमा गृहकार्य दिन्छन्, दिँदैनन् होला शरदले, त्यो प्रसङ्ग आउनु आवश्यक छ । बोर्डिङको किताबको भारी र गृहकार्य गरे कि गरेनन् शरदका सन्तानले, कथाले बोलेको छैन ।

अनुहार हेरेर भाग्नेहरूले बुझेनन् सन्तानको माया । अपराधको प्रमाण छैन । मायाको प्रशस्त प्रमाण हुँदा पनि किन कचहरी गर्छ समाज । यो अझ खोतल्नुपर्छ । बगरको पीडाजस्तै पीडाको कथा बगर बनेको छ ।

**दुई मृत्यु** : धार्मिक आस्थाबाट अघि बढेको छ कथा । बालकको भविष्य बचाउन गरेको साहसमा सफलता प्राप्त गरी सागरमा मिल्न जान्छ जोगी । चेतना कपडामा होइन, मगजमा हुनपर्छ मानव कल्याणका लागि । जीवन बचाउने बर्को र जोगीको कथा हो यो ।

जोगीलाई हेर्ने नैराश्यताको जीवन र व्यापारीलाई ठूलो मान्नेहरूले पढ्नुपर्ने कथा हो यो । जीवन कसले बचायो ?

**दुर्ग** : कोशी किनारको कथा । संविधान नभएको नदी कोशी हो भनिएको छ । सायद प्राकृतिक संविधान मानवले पढ्न र बुझ्न नसकेको पो हो कि ? प्राकृतिक संविधानको व्याख्या गर्ने सर्वोच्च प्राकृतिक अदालत को हो, कथाले जबाफ दिएको छैन ।

वीरकालीन कथाको व्यावहारिक प्रयोगले बालमनोविज्ञानमा पारेको असर छ । कथा छोराछोरीलाई कसरी सुनाउने विचार गरौँ अभिभावक । कस्ता कथा बालमस्तिष्कमा पुऱ्याउने– शिक्षा, ज्ञान वा अन्य । वीरकालीन इतिहासको व्याख्या कसरी गर्ने ? कथाले सोच्न बाध्य बनाएको छ ।

**डबल पेन्सन** : शिक्षक कथकामा आए पनि आमजागिरे र सीमापार पसिना बगाइ शहरमा बसेर डबल पेन्सन र आधुनिक हुनेहरूको कथा हो यो । जीवनभरको कमाइले आसैआसमा लासलाई मात्रै बास दिएको छ, वर्तमान नेपाली पुस्ता । यो राज्यका महत्त्वपूर्ण निकायले पढ्नुपर्ने कथा हो । नेपाली समाजको विकास हुँदै छ वा आधुनिकताका नाममा विनास ? यो कथाको प्रश्न सचेत सम्पूर्ण नेपालीलाई आएको छ ।

**उपलब्धि** : वर्तमानमा सबैभन्दा ठूलो उपलब्धि मानिने विषयको कथा छ । व्यक्तिको स्वभावअनुसार समाजले उसलाई ऐना देखाएको कथा पनि हो यो । व्यावहारले वातावरणमा पारेको असर कथा बोल्छ । उधारो जीवन चलाइरहेको सुशीलले कसरी जोड्यो चार आना, कथा बोल्दैन । सङ्ग्राम न आफू बोल्छ न आम्दानी ।

**मन्दिर** : आस्थाको कुरा छ । मन्त्रीले आफ्नो आस्था र विगतको उत्तेजना र ऊर्जामय समयमात्रै हेऱ्यो । सहपाठीको भित्री चालचलन पटक्कै बुझ्न सकेनछ । धन्न ! पार्टी भित्रकाले जडसुत्रवादी भनेका रहेनछन् उसलाई ! आमाको आस्थामा बज्रपात गरेको छ मन्त्री परिवार । समाजको शल्यक्रिया गरेर अगाडि बढ्ने मन्त्रीलाई चिकित्सकले विचारमा शल्यक्रिया गरेपछि जन्मदिने माताको चीत्कार सुन्ने मन्त्रीले कहिले सुन्छन्, मातृभूमिको चीत्कार । कथा केही घुमाउन आवश्यक छ, देशको बारेमा के छ मन्त्रीको विचार ।

**ओरालो** : पूर्वीइलामले देशैभर चिया पुऱ्याएझैँ कथा इलाम भएर मेचीमहाकालीको वर्तमान अवस्थामा पुगेको छ । बजारको परिभाषा समयले कसरी परिवर्तन गऱ्यो, कथाले बोलेको छ । के हामी बजारको पुरानो परिभाषालाई पुनर्स्थापित गर्न सक्छौँ ? कथाले प्रश्न सोधेको छ पाठकलाई, युवालाई, जोश जाँगरलाई । कथाले गाउँले जीवन, रहनसहन, संस्कृतिमात्रै होइन, पहाडका वनपाखा देउराली पुग्ने पदचापको ओह्रालो देखाएको छ । युवालाई उल्टाएर वायु बनाएर पसिना पोख्न विदेश पठाउने ओरालो अझ डरलाग्दो रूपमा कथामा आउनुपर्छ फेरि । यो पढेर नेपालीको ओरालो-यात्रा रोक्न कोसिस गरियोस् तीन तहको सरकार !

**चौतारीको भेट** : चौतारीले संस्कृतिमात्रै बचाएको छैन । दशकौँ पुरानो सम्बन्ध पुनर्मिलन गरेको छ । शहर र गाउँको स्वरूप राम्रोसँग देखिएको छ । शहर जाने र गाउँ फर्कनेहरूको चक्र कथामा छ । स्वच्छ हावा, पानी र माटाको मायाका लागि गाउँले न्याय पाओस् । गाउँले आफ्ना सन्तान पाओस् । कामना गरौँ ।

**राहत**: पीडाको कथा छ । भूकम्पले भौतिक संरचनामात्रै होइन; मानवीय रूपमा पारेको डरलाग्दो प्रभाव छ । हाम्रो राज्यका सिफारिसबारे एकपटक सोच है ! कथाले भनेको छ । आधुनिकताको शहरमा मानवीयता धर्मका नाममा मात्र अलिकति रहेछ, कथामा वास्तविकता आएको छ । कानूनसँग लड्ने कि बुधनीको रोगसँग, जितेन्दर समस्यामा छ अहिले । जितेन्दरको समस्या कसले बुझिदिने ? कथामा प्रश्न छ ।

**त्यसपछि निदाइन् बहिनी** : वीरका सन्तान गोर्खालीको पीडादायी कथा छ । पुस्तौँदेखि भुटानी माटोमा रगत-पसिना बगाएर भुटानी माटो चुमेका नेपाली भाषीलाई क्रूरतापूर्वक शासकले खेद्दाको कथा छ । कुनै बहिनी ननिदाऊन् यसरी मन्दिरलाई साक्षी राखी । कथा भुटानीको मात्रै होइन, नेपाली सन्तानहरूको कथा हो । ओमकार दाइ र उनीहरू अनि सुरुङ्गा र भुटानको सम्बन्ध जोडेको भए सम्बन्ध आजको वा हिजोको प्रष्टै हुने थियो ।

**अपरिचित अनुहार** : सन्तानको पीडा हिँडेको शुक्रको कथा एउटा आध्यात्मिक र अलौकिक रूपमा आएको छ । बालुवामा छोराको गन्ध खोजिरहेको छ शुक्र । कोसी नदीमा शुक्रले आँखा खोलेरै देखेको छ अलौकिक दृश्य ।

वर्षौं ध्यान गर्दा नदेखिने इश्वरीय स्वरूप शुक्रका अगाडि प्रकट भएको छ । सन्तानको मायाले रोएको मन-मुटुको आवाज पक्कै ईश्वरले सुनेर इश्वरीय साक्षात् रूप प्रकट भएको छ कथामा ।

आध्यात्मिक हिसाबले कथामा जीवन के हो ? घर कहाँ हो ? शुक्रलाई बताएको छ छोराले । कथा वेदनाको छ । कुनै मातापितालाई सह्य हुदैन, त्यो घरमा जान सन्तानभन्दा पछि । शुक्र सन्तानभन्दा पछि परेको छ– त्यो माथिमाथिको घर जान । अन्त कतै नहोस् त्यस्तो, कामना गरौँ ।

**बूढो रूख र जुरेली** : प्राकृतिक अत्याचारमाथिको बडो मार्मिक र कारुणिक कथा छ । चारैतिर प्रकृतिमाथिको मानवीय अत्याचार जुरेलीले भनिरहेकी छे । प्रकृति ढाल्नेहरूले बुझून्– हामी पनि ढल्छौँ र हामीलाई पनि ढाल्नेहरू छन् ।

०००

कथाहरू कसका लागि ? भन्ने छैन । सबै कथा आमपाठकहरूका लागि आएका छन् । 'अपरिचित अनुहार' समग्र देशलाई दिएको कथासङ्ग्रह हो । साहित्यमा रुचि हुनेहरू खोजीखोजी पढ्छन् नै । यो कथासङ्ग्रह शासनमा रुचि हुनेहरूका लागि अझ महत्त्वपूर्ण छ ।

नेपाली समाज आफैँले पढिनसकेका र दस्तावेजमात्रै पढेकाका लागि यो सामाजिक अध्ययनको दस्तावेज हुनसक्छ । वर्तमान नेपाली समाज पढ्न, बुझ्न चाहना राख्ने जोकोहीले यो पुस्तक पढेर कुन-कुन क्षेत्र, कसरी पढ्ने योजना बनाउन सक्छ । शिखा बुक्सले प्रकाशनमा ल्याएको यो पुस्तक १५३ पृष्ठको छ र मूल्य २७५ कायम गरिएको छ ।

■■



## निशा के.सी.

# मुक्तक



१. घाम, पानी, शीत, वर्षा, असिनाले चुटेर
लानै सक्दैन खुशी मेरा भँमराले लुटेर
काँडैकाँडामाझ फुलेको गुलाफ हुँ म
मुस्कुराउँछु, काँडाभन्दा माथि उठेर ।

२. लाग्छ– कोही हाँस्नेछन्, कोही रुनेछन्
पढेर जब शब्द–शब्दले मन छुनेछन्
के फरक पर्छ यो धरामा म नभए पनि
धर्ती, आकाश र मेरा सिर्जना हुनेछन् ।

३. सुतेर बस्नुभन्दा कामले थाकिएको राम्रो हुन्छ
नबोलाई कतै जानुभन्दा डाकिएको राम्रो हुन्छ
एक बित्ताको लुगामा सम्पन्नता नखोज नारीहरू
उपहार होस् वा सौन्दर्य, ढाकिएको राम्रो हुन्छ ।

४. उमेरले साठी पुगे पनि, सधैँ तीस सम्भव हुँदैन
वचनवाण सहेर चुपचाप बनूँ ईश, सम्भव हुँदैन
जीवनका पाइला–पाइलामा भेटिन्छ असम्भवता
तिमी विषवमन गरिरहू; म निर्विष, सम्भव हुँदैन।

५. आउने भए आऊ पुराना यादहरू ताजा बनाएर
दिलको महलमा राख्छु तिमीलाई, राजा बनाएर
असिनाले चुटेर थिलथिलो भै बचेखुचेको जिन्दगी
काटौँला हाँसीहाँसी दुःखसुख सबै साझा बनाएर ।

■■

*सुकेधारा, काठमाडौँ*

विष्णुप्रसाद आचार्य 'अतृप्त'

# कविताको भ्रूणहत्या



सायम्कालीन दृश्य/परिदृश्यहरूमा
उन्मत्त बैँसले तरङ्गित भावनाहरू
छताछुल्ल पोखिन खोज्छन्
मेरो माथिङ्गलको एरियल
प्रकृतिको पोल्टाबाट
साकार र वास्तविक आकृतिहरू
हृदयको स्क्रीनभरि कुँद्छ
शब्द-चित्रहरू
भित्रभित्रै निसासिन्छन्
गुम्सिन्छन्/गाँठा पर्छन्
विवश कलम
कुलोको डोब खनेर
कविता प्रवाहित गर्दै
साहित्यको गरो सिँच्ने दुस्साहस गर्छ
तर
बेलाबेलामा ठप्प रोकिन्छ
बजेट निखिएको अधुरो योजनाझैँ
म आफूलाई
सकेसम्म रित्याउन चाहन्छु
कलम लोलाएर
सन्नाटामा बल्छी फ्याँक्छ
फेरि
भावनारूपी माछाहरू
खाताखात अल्झन्छन्
म भित्रदेखि घचेट्छु

ऊ बाहिरसम्म तान्छ
एकाएक प्रस्फुरित धारा-प्रवाहमा
तैरिँदै फुरुङ्ग हुन्छु
फेरि
कोलाहलको गोलो खनिन्छ
कल्पनाहरूमा कर्फ्यु लाग्छ
अनि, फेरि
पहिलेजस्तै
गुम्सिन्छ, गाँठा पर्छन्
खजमजिन्छन्
आत्माको कम्पाउन्डभित्रै थुनिएर
गर्भमै तुहुन्छन् मेरा कविताहरू ।

■■

*प्रशासकीय अधिकृत*
*ग्रीड विकास विभाग, नेपाल विद्युत् प्राधिकरण*

निरञ्जन मल्ल ठकुरी

# महाभोज



तराईको समथर मैदानमा एउटा विशाल रङ्गशाला, वरिपरि हरिया पहाडहरू, पहाडभन्दा पर वरिपरि सेता हिमालहरू ।

लाग्छ– रङ्गशालामा कुनै खेलकुद प्रतियोगिताजस्तै कुनै ठूलो महोत्सव हुँदै थियो । यसको अर्थ महोत्सव टुङ्गिसकेको छैन । थाहा छैन, यो कहिले टुङ्गिन्छ । पारा देख्दाखेरि के लाग्छ भने– यहाँ विशाल भोज भइरहेको छ अर्थात् महाभोज । यो दिवाभोज वा रात्रिभोज वा प्रीति भोज होइन; यो महाभोज हो ।

खानेकुराहरूको थुप्रोले सँगैको पहाडसँग प्रतिस्पर्धा गरिरहेकोले पनि यो लरतरो भोज होइन भनी अड्कल गर्न सकिन्छ । थुप्रो पनि एउटा मात्र हो र ! अनगिन्ती चुली बनाएर राखिएको छ । चुली नै चुली– खानेकुराहरूको चुली । कतै मासु नै मासुको चुली छ भने कतै थरीथरीका तरकारीको । त्यस्तै कतै विरयानीको चुली छ भने कतै पुलाउको चुली छ । कतै सलादको चुली छ भने कतै रसवरीको चुली छ । त्यस्तै अचारको चुली छ ।

कसको लागि बनाइएको होला यत्राविधि खानेकुरा ? कति समय लाग्यो होला यत्राविधि खानेकुरा बनाउन ? कस्ता-कस्ता जनशक्ति प्रयोग भए होलान् यिनका लागि ? कसरी बनाइयो होला ? किन बनाइयो होला ? को होला यसको व्यवस्थापक ? के होला यसो गर्नुको कारण ? कहाँ होला यसको जवाफ ?

प्रश्नैप्रश्न छन्, जवाफ छैन । प्रश्न भएपछि जवाफ पनि त हुनुपर्ने हो नि ! तर, खै जवाफ ?

वरिपरिबाट ध्यान दिएर हेर्ने हो भने खानेकुराको चुलीमा केही चिह्नचाहिँ देखिन्छ । चिह्न पहिल्याउँदै जाँदा खानेकुराको थुप्रोलाई भाग लगाउनलाई पो चिह्न लगाएको हो कि जस्तो देखिन्छ । यदि त्यस्तो हो भने त्यो थुप्रोलाई चार भाग लगाउनुपर्ने हुन्छ । तर, भागचाहिँ बराबर लाग्दैन । एउटा भाग ठूलो हुन्छ भने अर्को मझौला, त्यसपछि क्रमशः एउटा सानो र अर्को लघु हुन्छ । हेर्दै जाने हो भने हरेक थुप्रोमा त्यसैगरी चारचार भाग लगाउन मिल्ने देखिन्छ । किन प्रत्येक थुप्रोमा चारमात्रै भाग लगाउन मिलेको होला ? तीन किन भएन होला ? पाँच

किन गरिएन होला ? फेरि चार भाग पनि किन बराबर नभएको होला ? यस्ता धेरै 'किन' हरूको एउटै पनि जवाफ छैन । अपवादजस्तो जवाफै नहुने !

जवाफको लागि घोत्लदै गर्दा त्यहाँ कुन सङ्को चारवटा आकृति देखा परिसकेका हुन्छन् । ती आकृतिहरू मान्छेका जस्ता हुँदैनन् । देवताका जस्ता त ती हुनै सक्दैनन् । लामा नङग्रा, तीखा दाऱ्हा, ठूलो भुँडी, गहिरो आँखा, जिङ्गरिङ्ग कपला, घनटाउके, धम्मरधुस । रूप न रङ्गका अनुहार नपरेका ती आकृतिहरू बरु दानवजस्ता लाग्छन् । चारको सङ्ख्यामा भएका हुनाले चारसम्बन्धी जे पनि भन्न सकिन्छ, जस्तै : चतुर्मुखी, चतुर्भुज, चतुर्वाहु, चौकोण, चौकडी आदि-इत्यादि । एउटा कुरामा त्यहाँ के तादात्म्यता देखिन्छ भने प्रत्येक थुप्रोमा चार भाग लागेजस्तै तिनीहरू पनि चार नै छन् । चार भाग लागेकाले ती चार भएका हुन् कि ती चारका लागि भाग पनि चार लागेको हो भन्न सकिएन । झ्वाट्ट हेर्दा कार्टुनचित्र प्रतीत हुने ती आकृतिहरू छिनमा कराउन थाल्छन्, छिनमा झगडा गर्छन् र छिनमै अट्टहास गर्दै हात मिलाउँछन्, अँगालो मार्छन् । केही समयपछि तिनीहरूको घुच्चुकमा कसैले हानेको जस्तो अगाडि झुक्न खोज्छन् र तुरुन्तै ठाडो हुन्छन् । त्यसपछि फेरि तिनीहरू झगडा गर्न थाल्छन् र हात हालाहाल पनि हुन्छ । चारवटा आकृति चारतिर बजारिन्छन् । एकैछिनको शान्तिपछि फेरि चारैवटा आकृति उठेर एकआपसमा सल्लाह गरेजस्तो गरी मिल्छन् । यस्तो क्रम चलिरहन्छ ।

कुनै एउटा क्रममा चारैवटा आकृति अँगालो मारीमारी अघि बढ्छन् । सबै खानेकुराको थुप्रो भएतिर अघि बढ्छन् । तिनीहरूलाई भोक लागेको हुनुपर्छ । पहिला तिनीहरू कुनै खानेकुराको थुप्रो छेउ पुग्छन् । चारैवटाले गौर गरेर त्यो थुप्रोलाई हेर्छन् । चारवटैले चारपटक थुप्रो गन्छन्– चार नै पाउँछन् । त्यसैगरी प्रत्येक थुप्रोमा पुगी त्यसैगरी गन्छन् र रुजु गर्छन्– चार नै पाउँछन् । जताततै चार नै चार, अब तिनीहरू खुशी हुन्छन् । हात मिलाउँछन् । अँगालो मार्छन् । गीत गाउँछन् । नाच्छन् । रमाइलो गर्छन् । जे चाहेको छ, त्यही भएको छ । जे खोजेको छ, त्यही पाएको छ ।

एकछिनपछि तिनीहरू नङग्रा लम्ब्याउँदै र दाऱ्हा तिखार्दै खानेकुराको थुप्रोतिर पुग्छन् । अब त्यहाँ थुप्रोको दृश्य बदलिन्छ । पहिला मासु नै मासु भएको थुप्रो बदलिएर मन्त्रालयहरू हुन पुगेका छन् । अचारको थुप्रो आयोग भएको छ भने सलादको थुप्रो संवैधानिक निकाय । रसवरी राजदूतावास भएको छ भने बरफी विश्वविद्यालय । पुलाउ प्रशासन भएको छ, सर्वत संस्थान भएको

छ । खानेकुराहरू रूपान्तरण हुने कुनै जादू भइरहेको छ । यता चार वटा आकृतिहरूमध्ये ठूलोले ठूलै गरी र लघुले लघु टुक्रा जम्मा गर्दै जान थालेका छन् । जाँदाजाँदै तिनीहरूले मन्त्रालय, विभाग, आयोग, संवैधानिक निकाय, राजदूतावास, विश्वविद्यालय, प्रशासन, संस्थान सबै बाँडेर लिन्छन् । त्यहाँ अब बाँड्नका लागि केही बाँकी रहन्न ।

तर, ती आकृतिहरूको प्यास मेटिनुको सट्टा झन् बढ्दै गएको दखिन्छ । सबै सकिएपछि पनि तिनीहरू अझै कही खोजिरहेका छन् । तिनीहरूले केही पाउन्नन् । भए पो पाउनु ! नपाएपछि तिनीहरू रिसाएका छन् । तिनको तृष्णा ज्वाला हुन पुगेको छ । हाँप र झाँप गर्दै तिनीहरू आफ्ना नङ्ग्रा र दाऱ्हा फैलाइरहेका छन् । फैलने क्रममा तिनका नङ्ग्रा र दाऱ्हा रङ्गशालासँगै रहेका तराई, पहाड र हिमालतिर सोझिन्छन् । के लाग्छ भने– तिनीहरू यसलाई पनि ४ भाग लाउन उद्यत छन् । त्यहाँ यो तमासा हेरिरहेकाहरू सबै डराउँछन्, आत्तिन्छन् र जथाभावी भाग्न खोज्छन् । तीमध्ये एउटा म पनि छु । मेरो आँखाअगाडि नङ्ग्रा र दाऱ्हा बढ्दैबढ्दै घोच्न आइरहेको छ । डरले लुगलुग काम्दै म चिच्याउछु... त्यसपछि म झल्याँस्स बिउँझिन्छु । सारा शरीर असिनपसिन भएर कामिरहेको छ । गए राति मैले देखेको डरलाग्दो सपना पो रहेछ त्यो ।

■■

*दुवाकोट, भक्तपुर*



**दीपकराज श्रेष्ठ**

# तिमी......



आज म के भनौँ– मसँग छैन शब्द
तिम्रो बयान गर्न
करोडौँ आकाशका तारा पनि
तयार छन् धर्तीमा झर्न तिम्रा लागि ।

फूलहरू नतमस्तक हुन्छन्
अप्सराहरू विलीन भइदिन्छन्
तिम्रो सौन्दर्यदेखि
अरूको के कुरा !

हरपल तिम्रो नजिक
आइरहन मन लाग्छ
कारण तिमीलाई पनि थाहा छ
तर, हामी दुवैलाई
आपसमा भन्न किन डर लाग्छ ?

हारेको छैन मन
जस्तै भए पनि घृणा पनि गरेको छैन
म आफैँ केही गर्नेछु मेरा लागि
जीवनमा अरूको सहयोग लिने छैन
तिमीले पनि केही गर
आफ्नो अनि मायाको लागि ।

हुन त जीवन सङ्घर्ष हो
त्यो पनि थाहा छ
हुन्न रहेछ कुनै अर्थ
भित्री मन जलाई बस्नुको ।

सयौँ कोसिस गरेँ जिउन
तर, सकिनँ तिमीविना
बरु छायाँ बनेर आऊ
माया बनेर आऊ
बाँच्न-बचाउन ।

■■

*प्रशारण निर्देशनालय*

अनिलकिशोर घिमिरे

# यात्रा



घाम लागेको छैन यहाँ
उज्यालो पनि भएको छैन
सायद सूर्यका किरणहरू भाँचेर
उसलाई रित्तै पार्न खोजिएको छ
अन्धकारमात्र खसाल्ने
चेष्टा भएको छ
अँध्यारो कुवाको साँघुरो बिरुवा खोज्दै
हिँडेको छ ऊ
तिर्खाएर के गर्नु उसले
ढलको नदीसँगै बगेपछि
महासागरको उज्यालो विशालता
किन देखोस् र उसले
जनताको सपना धुलिसात पारी
सिंहासनमा राज गरिरहेको छ
म विचार गर्छु–
फलाम पनि त आगोमा नै पग्लन्छ
अब म आगो हुनेछु
अत्याचारीहरू दाउरा हुनेछन्
म बलेको हुनेछु
उनीहरू खरानी भएका हुनेछन्
मलाई भ्रमका तगाराहरू भाँच्न मन छ
अत्याचारका काँडाहरू उखेल्न मन छ
असमानताका पर्खालहरू भत्काउन मन छ
स्वाभिमान बेच्नेलाई लास बनाउन मन छ
हिँड्दाहिँड्दै अगुवाहरू मैलिँदै जालान्
दलालसँग मितेरी गाँस्लान्
मोटो चन्दामा मालिकलाई
सलाम ठोक्लान्
तर, यथास्थितिलाई चिर्दै
युगान्तकारी तालमा
देशभक्तहरूको
मुक्ति-सपना कोर्नु छ
जित्नका निम्ति
अनन्तयात्रा अगाडि बढाउनु छ।

*तानसेन*

लोकविक्रम मल्ल

# फोडेर चट्टानमा



साँचो मार्ग सधैँ समात्न म सकूँ जस्तै परोस् अल्झन
केही कीर्ति अवश्य राख्न म सकूँ गर्दै नयाँ सर्जन
मेरो सीप सदैव राष्ट्रहितमा दायाँ बसून् देवता
मेरा गीत बनून् स्वदेश महिमा बढ्दै रहोस् दे उता ।१।

यो उद्यानसमानको मुलुकमा खट्नेछु माली भनी
आफ्नो यौवन जोस राख्न वशमा झन् धैर्यशाली बनी
बन्दै सक्षम सत्य चिन्न म सकूँ राम्रो–नराम्रो सबै
होस् सङ्कल्प सदैव उच्च गतिलो चेष्टा सपारूँ सधैँ ।२।

मागे उत्तर पेस गर्न म सकूँ शङ्का नमानून् कुनै
खुल्ला पुस्तकझैँ बनोस् हृदय यो कुण्ठा नराखूँ झनै
स्वार्थी भाव सखाप होस् अवनिमा दानी बनोस् आदत
लोकाचार बनोस् दयालु मनको सन्तुष्ट अभ्यागत ।३।

मेरो वैभव स्वाभिमान तन यो झुक्दै नझुक्ने शिर
धोकेवाज सखाप पार्न म सकूँ बैरी बसून् पल्तिर
बर्खाको खहरे नहोस् स्तर यहाँ पानी बनूँ मूलको
वासन्ती जसरी सुगन्धित बनूँ बास्ना मिठो फूलको ।४।

ऊर्जाशील बनून् प्रयास मनका गर्दै रहूँ उब्जनी
मेरो देश विकास गर्न म खटूँ उत्साहशाली बनी
मेरो जीवनदान गर्न म सकूँ यो राष्ट्र सम्मानमा
नेपाली विरुवा म हुर्कन सकूँ फोडेर चट्टानमा ।५।

*(छन्द : शार्दूलविक्रीडित)*

हरिप्रसाद अधिकारी

# म त हेरेको हेऱ्यै भएछु



“जाने होइन ?” इन्जिनियर श्रीरामराज पाण्डेको प्रस्ताव थियो त्यो ।

“जाने ।” कतै र कुनै दुविधा छँदै थिएन ममा ।

जाने निधो त भयो तर साइत जुरेन– निर्णय गर्ने तर कार्यान्वयन नगर्ने हिजोआजको प्रचलनजस्तै ।

माघको ठिही सकियोस् अनि जाउँला, तिथिमिति जुराउन थाल्यौँ ।

माघ सकियो तर ठन्डी सकिएन । फागुन महिनाको अन्तिम साता खुम्बुक्षेत्र जाने टुङ्गो लगायौँ ।

तर, समयले साथ दिएन । फागुन अन्तिम हप्ता आउनुअघि नै संसारभर मडारिँदै गरेको कोरोनाको त्रास नेपालमा आइपुग्यो । यात्रा स्थगित भयो । चैत्र एघार गतेदेखि बन्दाबन्दी सुरु भयो । लकडाउन खुल्यो, फेरि भयो, कहिले खुकुलो भयो, कहिले कडा तर कोभिड उन्नाईस हराएन । बरु, झन्झन् डढेलोझैँ सल्किँदै गयो । त्रासका बीच बाँच्न सिकायो, सङ्घर्ष गर्न अह्रायो र हिँड्न लगायो । लकडाउन भएको सात महिनापछि सके कालापत्थर नसके नाम्चे स्याङ्बोचेबाट सगरमाथा चिहाउने हाम्रो अभियान चालु भयो । ‘रात रह्यो, अग्राख पलायो’ भनेझैँ यात्राको चर्चा गर्ने टिम फेरियो, नयाँ टिम तयार भयो ।

शिखर चुम्न हेर, बढ, पर्ख अनि चढ गर्नुपर्छ भने झैँ हामीले पनि सोलुतिर पाइला सार्‍यौँ ।

+++

०७७ साल कार्तिक महिनाको चौबीस गते सोमबार बिहान साढे नौ बजे फाप्लु विमानस्थलबाट लुक्लाको लागि उडेको समिट एयरको जहाजले उचाइ लिँदै थियो । हामी पनि संसारको सर्वोच्च शिखरतिर उड्ने जहाजबाट देखिने उचाइ र गहिराइमा नजर दौडाउँदै थियौँ । फोटो, भिडियो खिच्न हाम्रा हातहरू सल्बलाउँदै थिए तर अचानक जहाजमा चक्का झरेको आवाज आयो र जहाज ओरालिन थाल्यो । घडीमा घुमेको मिनेटको सुइले सात फन्को लगाइसक्ता जहाज

तेञ्जिङ हिलारी विमानस्थल, लुक्लामा अवतरण गऱ्यो । यात्रामा सहभागी साधव भण्डारी, इञ्जिनियर डेगराज पौडेल, ठाकुरराम लुइँटेल र पक्साल ठाकुरसहितका हामी पाँच यात्री सरसामानले भरिएको जहाजबाट आ-आफना झोला-पोका च्याप्तै बाहिर निस्कियौँ ।

जहाजमा हामी र चालकदलका सदस्यमात्र थियौँ । यसबाट त्यस क्षेत्रको ढुवानी व्यवस्थाको आकलन गर्न सकिन्थ्यो ।

ओह लुक्ला ! साधव भण्डारीले कैद गर्न थालेको लुक्लाको सौन्दर्यमा हामी पनि अटायौँ । साँच्चै तस्वीरमा देखेजस्तै थियो लुक्ला, सामाजिक सञ्जालमा भेटिएजस्तै थियो लुक्ला । पहाडमाथिबाट मुन्टो उठाएर हिमालले चिहाएजस्तो थियो लुक्ला । सिरसिर चलेको चिसो हावा आस्वादनीय थियो लुक्लामा ।

भनिन्छ– लुक्ला विमानस्थल अन्तर्राष्ट्रियस्तरमै चर्चामा रहेको छ । यसो भनिनुको कारण उडान र अवतरण गर्दा सामुन्ने पर्ने ठूल्ठूला पहाड, मौसम परिवर्तन र मौसम परिवर्तन हुनासाथ हुनसक्ने उडान परिवर्तन हुनुपर्छ । नभन्दै यो विमानस्थल दूधकोसी नदीको पूर्वीकिनारामा पहाडको खोचमा पर्दोरहेछ । चारैतिर अग्लाअग्ला पहाड यसको रखवारी गर्न बसेझैँ ठिङ्ग उभिएका रहेछन् । विमानस्थल भने २८४३ मिटरको उचाइमा रहेछ ।

विश्वकै सर्वाधिक उचाइमा रहेको पदयात्रा-क्षेत्र प्रवेश गर्ने प्रमुख नाकामात्र नभई संसारकै सर्वोच्च शिखर प्रवेश गर्ने प्रमुख बिन्दु पनि भएको कारण यो विमानस्थल चर्चामा रहेको हुनसक्छ ।

विमानस्थलभित्र स्थानीय खुम्बु पासाङ ल्हामु गाउँपालिकाद्वारा स्थापित हेल्प डेस्कमा आफ्नो नाम र ठेगाना दर्ता गरी बाहिर निस्कँदै थियौँ । कसैले बोलाएझैँ आवाज आयो । विमानस्थलमा वडाध्यक्ष आङ फुर्वा शेर्पा र प्राविधिक कर्मचारी दीपकुमार वस्नेतको उपस्थिति रहेछ । हामी लुक्ला जाँदै गरेको र अनुकूल मिले भेट्ने सल्लाह भने भएको थियो ।

ढुङ्गा बिछ्याएर निर्माण गरेको सडक पेटी सफासुग्गर देखिन्थ्यो । घरआँगन, परिवेश आकर्षक र वातावरण प्रदूषणमुक्त महसुस हुन्थ्यो । सडकको बीचैबाट ढल, नाला निर्माण गरी राम्रोसित ढाकिएको कारण कुनै गन्ध-दुर्गन्धको महसुस हुँदैनथ्यो । हामी भलाकुसारी गर्दै होटलमा आइपुग्यौँ ।

"खुम्बु पासाङ ल्हामु गाउँपालिकामा स्वागत छ," उपप्रमुख टासी ल्हामु शेर्पा र गाउँपालिका रहेको वडाका अध्यक्ष मिङ्मा छिरी शेर्पाको आगमनसगै हामी विकास-निर्माणसम्बन्धमा छलफल गर्न थाल्यौँ । जनप्रतिनिधिसितको न्यानो

भेटघाट, कहीँकतै असजिलो भए सम्पर्क गर्न गरिएको अनुरोध र टेलिफोन नम्बर आदानप्रदान गर्दै मध्याह्न बाह्र बजेतिर नाम्चेको लागि पाइला बढाउन थाल्यौँ ।

सोलुखुम्बु जिल्लाको यो क्षेत्रलाई खुम्बुक्षेत्र भनिँदोरहेछ । अबको हाम्रो सम्पूर्ण यात्रा खुम्बु पासाङ ल्हामु गाउँपालिकाभित्र केन्द्रित हुनेरहेछ । पाँचवटा वडामा विभाजित यस गाउँपालिको वडा नं. २ मा लुक्ला विमानस्थल, वडा नं. ५ मा नाम्चे बजार र वडा नं. ४ मा विश्वको सर्वोच्च शिखर सगरमाथा पर्दोरहेछ ।

लुक्लाबाट दूधकोसी नदीको किनारैकिनार तेर्सिँदै उकालीने यो पदमार्गबाट सगरमाथाको प्रवेशद्वार मानिने नाम्चेसम्मको दूरी उन्नाईस किलोमिटर रहेछ । सगरमाथा नेसनल पार्कको सूचनापाटीमा उल्लेख भएअनुसार यो दूरी पार गर्ने समयावधि दश घण्टा आकलन गरिएको रहेछ । तर हामी लगातार दश घण्टा हिँड्न असमर्थ हुन सक्थ्यौँ । लगातार हिँडे पनि दश घण्टामा पुग्न सहज थिएन । तसर्थ, बीचैमा बास बसेर यात्रालाई दुई दिनमा बाँड्नु सान्दर्भिक ठान्यौँ । लेकाली गाउँबजारहरू नाचिपाङ, ठाडोकोशी, घाट, फाक्दिङ, टकटक, बेन्करहुँदै साँझ छ बजे मन्जो आइपुग्यौँ ।

यसबीच दूधकोसी नदीलाई दुईपटक तर्नुपरेको थियो ।

अँध्यारोले ढपक्कै ढाकेको परिवेश, लेकाली जङ्गल, थोरै ओरालो, सानो खोला पार गरी अलिकति उकालीनुपर्ने बाटो, लेक लाग्ने डरले भयभित मन, अपरिचित पातलको चिसोमा हुनसक्ने हिंस्रक जनावार, थोरै सावधानी पनि अपनाउँदै थियौँ । दृढ निश्चयी पाइलाहरूले हार खाएका थिएनन् । अँध्यारो साँझलाई मोवाइलको उज्यालाले चिर्दै चार कदम अगाडि एक मिनेट विश्रामको शैलीमा विश्रामस्थल पुगेका थियौँ हामी ।

सडक सुनसान, घर–होटल बन्द थिए । यो त चिसो ठाउँको विशेषता नै हो । होटलको नाम पढेर ढोका ढकढक्यायौँ ।

“बाटो त सुनसान देखिन्छ नि ?” तातोपानीले जिउ तात्न थालेपछि कुराकानी बढाउन थाल्यौँ ।

“कोरोनाले,” सहज जवाफ दिइन् फुराफुटी शेर्पाले । नमस्ते होटल एण्ड लज सञ्चालनमा रहेछ उनको । “हिँड्ने बाटो खाली हुँदैनथ्यो यो सिजनमा । हुलका हुल मान्छे, बथानका बथान खच्चर ! खबर नगरी अबेर आइपुग्ने पाहुनालाई बास दिन पनि हम्मेहम्मे पर्थ्यो ।”

हामी झस्कियौँ । बाटोमा कसैले भनेको थियो– “सूर्यास्तसँगै बास बस्नुहोला ।”

मान्छे भए पो चाहिँदोरहेछ सामान । सामान भए पो चाहिँदोरहेछ भरिया । हामी बुझ्न थालिसकेका थियौँ ।

"कहाँबाट ल्याउनुहुन्छ सामान ?" ग्याँसका सिलिन्डर, चामलका धोक्रा, पचास र तीस किलोका सिमेन्टका बोरा देखिसकेका थियौँ हामीले ।

"लुक्लाबाट," जानकारी गराउँदै थिइन् ती ।

लुक्लासम्म जहाज वा हेली, लुक्लादेखि खच्चर वा ढाकर । हामी पनि बुझ्ने भइसकेका थियौँ ।

हामीले बाटोतिरै भेटिएका भरियालाई सोधेका थियौँ– ढुवानीको दररेट । "किलोको पचास-साठी," जवाफ दिएका थिए तीनले । लुक्ला-नाम्चेसम्म प्रविधिबाट ढुवानी, गाउँगाउँसम्म प्राणीबाट ढुवानी, सुख्खा जर्ती, चुहावट कटाउँदा कति पुग्दो हो सामानको वास्तविक मूल्य ? कति हुँदो हो उपभोक्ता-मूल्य ? कति टाढा थियो उत्पादक र उपभोक्ता बीचको दूरी ? मन एक तमासको भइरहेथ्यो ।

दाल-तरकारीजस्ता वस्तु भने यस क्षेत्रमा उत्पादन हुँदोरहेछ ।

"छोराछोरी कता ?" दीक्षान्त समारोहको फोटो देखिन्थ्यो ।

जे चाहेको थिइनँ, त्यही जवाफ आयो, "विदेश ।" के हिमाल, के पहाड, के मधेश ? युवाशक्ति पलायन । मन अमिलो भयो । नाम्चेमा पनि यो पीडा दोहोरियो ।

यस क्षेत्रमा साना जलविद्युत् कम्पनीबाट उत्पादित विद्युत् भूमिगत प्रकृयाबाट वितरण गरिएको रहेछ । नाम्चे बजारमा पनि सर्वाधिक उचाइमा रहेको थामे जलविद्युत् गृहबाट उत्पादित विद्युत् वितरण गरिएको रहेछ । गत वर्ष नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रशारणले जोडेको जिल्लाको सदरमुकाम सल्लेरी बजारमा समेत स्थानीय जलविद्युत् गृहबाट उत्पादित विद्युत् वितरण गरिएको रहेछ ।

हामीले विद्युत्को केन्द्रीय प्रशारण सम्झियौँ । ग्यासका सिलिन्डर बोक्नुभन्दा विद्युतीय चुलो, जाडोमा पर्यटकको मागअनुसार कोठाकोठामा हिटर, इलेक्ट्रिकल गिजर भएको कल्पना गर्‍यौँ ।

"बाह्रैमहिना आउँछन् पाहुना ?"

"पौष-माघमा आउँदैनन्, रुँगालो राखेर काठमाडौँ जान्छौ ।"

बिहान पाँचथोपा पानी छर्केर पञ्चस्नान गर्‍यौँ ।

भोलिपल्ट बिहान सात बजे यात्रालाई अगाडि बढायौँ । सगरमाथा नेसनल पार्कको स्थानीय अफिस, जोरसल्ले, जङ्गल-पाखा-खोलाहुँदै करिब दुई घण्टामा

२९३५ मिटर उचाइमा रहेको लार्चे दोभान आइपुग्यौँ । यो दोभानमा तिब्बतबाट आएको भनिने भोटेकोसी नदी दूधकोसीसित मिसिँदोरहेछ । "यो नदी भोटबाट आउछ," स्थानीय बटुवाको जवाफ थियो । दूधकोसी भने सगरमाथातिरबाट आउँदोरहेछ । यो नदीमा तल र माथि दुईवटा पुल देखिन्थे । यो दोभानमा रहेको पुललाई हिलारी पुल भनिँदोरहेछ । आज पनि यो नदीलाई तीन पटक तर्नुपऱ्यो ।

लुक्लादेखि नाम्चे जाँदा दूधकोसीलाई पाँच पटक झोलुङ्गे पुलबाट तर्नुपर्दोरहेछ ।

नाम्चे पुग्न दूधकोसीलाई छोडेर चार किलोमिटरको ठाडो उकालो उकालीनुपर्ने रहेछ । सल्लो सुसाएको आवाज, एकोहोरो उकालो, चिसो हावा, जङ्गलको बाटो, चिसो लाग्ने डरले आङभरि लगाएका लुगा, लेक लाग्नबाट जोगिन गोजीभरि हालेको भुटेको मकै, लसुन र अदुवा, राम्ररी लागेको घाम करिब दुईअढाई घण्टामा जङ्गल छिचोल्यौँ । जङ्गलको अन्त्यतिर रहेको सूचना पाटीमा उचाइ ३१४० मिटर लेखिएको थियो ।

यहाँको सल्लाको सिम्टा लाम्चो र पातलो देखिन्थ्यो ।

+++

"नाम्चे ! संसारका अरबौँ आँखाले हेर्न खोजेको हिमाली बजार, अरबौँ पाइलाहरू पुग्न चाहेको गन्तव्यस्थल, करौडौँ मनले स्पर्श गर्न खोजेको हिमाली माटो ।" नाम्चे-गेट नपुग्दै प्रतिक्रिया आउन थालिसकेको थियो डेगराजको । दृश्यहरू कैद हुन थालिसकेका थिए । नाम्चे-गेट, पानीको फोहोरा, पेम्वा डेमा शेर्पाको प्रतिमा, बजार, वरिपरि हिमाल, । क्यामेरा र स्मृतिपटमा कैद गर्दागर्दै पेट खालि भएको पत्तै भएन ।

सुनेको भन्दा सुन्दर रहेछ नाम्चे, फोटोमा देखेको भन्दा रमणीय रहेछ नाम्चे, अरूका आँखाले देखाएको भन्दा आफ्नै आँखाले हेर्दा राम्रो देखिँदोरहेछ नाम्चे, वरिपरि हिमालले घेरिएर स्याङ्बोचेको डिलमुनि ३४४० मिटर माथि उठेर पहाडको काखमा एकनासका एक सयजति घर बनाएर अतिथि सत्कारमा तम्तयार रहेछ नाम्चे ।

नाम्चे बजारको होटलमा डलरमा दररेट लेखिएको देखिन्थ्यो । यसबाट नाम्चेमा विदेशी पाहुनाको उपस्थिति बाक्लो हुने अनुमान लगाउन सकिन्थ्यो ।

कोरोना कहरको कारणले होला, पदयात्रा क्षेत्रमा विदेशीहरू भेटिएनन् । विदेशीलाई मात्र पर्यटक ठानेर पर्यटन-क्षेत्र फस्टाउँछ भन्नुभन्दा आन्तरिक पर्यटन

प्रर्वद्धन गरे पर्यटन-क्षेत्र रुग्ण हुनबाट जोगिनेरहेछ । हामीसित स्थानीय व्यवसायी असहमत थिएनन् ।

नाम्चे बजारभन्दा केही माथि सगरमाथा राष्ट्रिय निकुञ्जको कार्यालय रहेछ । यो स्थानको उचाइ ३५५५ मिटर लेखिएको थियो । यो स्थानमा प्रथम सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पाको सालिक रहेछ । यो स्थानबाट सगरमाथाको दृश्यावलोकन गर्न सकिँदोरहेछ ।

“चढ्ने हो सगरमाथा ?” आमनेसामने हुँदा सोधेझैँ लाग्यो तेन्जिङले । एउटा हात उठाएर हिमाल चढिरहेझैँ लाग्थ्यो तेन्जिङ । अमरावती दरबार, को भाइ को भारदार ? भनेझैँ चारैतिर हिमालैहिमाल देखिने ठाउँमा कुन हो सगरमाथा ? सोध्ने मान्छे पनि कोही थिएनन । मुसुक्क हाँस्तै मनको कुरा बुझेजस्तो लाग्यो तेन्जिङले । मलाई सिधा हेर त, मेरो पछाडि जहाँ गएर आँखा ठोकिन्छ नि ! हो, त्यही त हो सगरमाथा । बरु चाँडै हेरिहाल, नभए ढाकिन्छ सगरमाथा । नभन्दै तेन्जिङ र सगरमाथासित आँखा जुझाउँदाजुझाउँदै हल्का कुहिरोले ढाकिन थाल्यो सगरमाथा । ठाकुर लुइँटेलले म, तेन्जिङ अनि सगरमाथालाई एकसाथ क्यामेरामा कैद गर्दागर्दै ढाकियो सगरमाथा ।

हामी पनि नाम्चे बजारको सिरानतिरबाट पारिपट्टिको डाँडामा रहेको हेलिप्याडसम्म पुगेर होटलतिर ओरालिन थाल्यौँ ।

लुक्लादेखि नाम्चेसम्मको बाटोमा जनावरको सुकेको गोबर, गहुत, धुलो र गन्ध समस्याको रूपमा देखिन्थ्यो । उपप्रमुखले भनेझैँ ढुवानीको लागि मात्र भए पनि विद्युतीय प्रविधिको प्रयोग गर्न सके लागतमूल्य घट्ने, प्रदूषण कम हुने र उत्पादित विद्युत्को माग बढ्ने थियो । विद्युतीय व्यवस्था नभएसम्म गोरेटो र घोरेटो बाटो छड्न्याउन सके पनि पदयात्रीलाई केही राहत हुने अनुमान लगाउन सकिन्थ्यो ।

+++

२०७७ साल कार्तिक महिनाको छब्बीस गते बिहान सवा सातबजे नाम्चेबजारको हेलिप्याडबाट उडेको कैलास हेलिकोप्टर सर्भिसेजको हेलिकेप्टर सगरमाथा ताकेर दूधकोसी नदीको किनारैकिनार उकालियो । हेलिभित्र हामी पाँचै जना थियौँ । हेलिकोप्टरमा उचाइ बढ्दा वजन कम गर्नुपर्दोरहेछ । तसर्थ, दुईजनालाई केही तल खोलामा छोडेर हामी अझै उकालियौँ । हेली र जमिनको दूरी निकै कम भएकोले होला, खोलामा कलकल बग्दै गरेको हिमालको सेतो

पानी, वगर, लेकाली वनस्पति देखिँदादेखिँदै पानी जमेको देखिन थाल्यो । अब भने हामी लक्ष्यमा पुग्न लागेछौँ । कान बन्द हुन खोजिरहेका थिए । हेली र जमिनको दूरी धेरै नभए पनि हेलिले निकै उचाइ लिएको महसुस हुन्थ्यो ।

“दियर इज चाइना बोर्डर,” अङ्ग्रेज पाइलट हामीलाई हाम्रै भूभाग चिनाइरहेका थिए ।

करिब पन्ध्र मिनेटको उडानपश्चात् हामी कालापत्थर पुग्यौँ ।

सिधा अगाडि सगरमाथा, वरिपरि गगनचुम्बी हिमाल, फेदमा केही समथर भाग, बिहानको पारिलो घाम, तल हिमाली खोला, खोल्सी । के गर्ने, के नगर्ने ! म त सगरमाथालाई हेरेको हेऱ्यै भएछु । उही सगरमाथा– पतालेबाट स्थानीयले देखाइदिएको सगरमाथा, उही सगरमाथा– नाम्चेबाट तेञ्जिङले चिनाइदिएको सगरमाथा, उही सगरमाथा– पूर्वीपहाडका अग्लाअग्ला डाँडाबाट बाल्यावस्थादेखि नै देखिरहेको सगरमाथा । म त संसारकै उँचो पो हुँ त भनेर गर्व गरेझैँ अलि पर अलग्गै उभिएजस्तो सगरमाथा ।

न हात चले न खुट्टा, न बोली फुट्यो न आँखा हटे । सगरमाथा मलाई हेरिरहेको थियो, म सगरमाथालाई । तत्काल सम्हालिएर दृश्यहरू कैद गर्न थालेँ, घरी मोवाइलमा घरी स्मृतिपटमा ।

माथि हिमालमात्र होइन, तल खोला-खोल्सी पनि पारिलो घाममा टल्टली टल्केका देखिन्थे ।

अविष्मरणीय छ त्यो क्षण, अवर्णनीय छ त्यो पल, जीवनकै सर्वाधिक उचाइ टेकेको त्यो भूमि । शब्दमा उतार्न सकिँदैन त्यो परिवेश । भुलिसक्नु थिएन कालापत्थर, झिमिक्क आँखा नझिम्किए हुन्थ्यो जस्तो लागिरहेथ्यो सगरमाथा हेर्दा । झण्डै दुईतिहाइ उचाइबाट सम्मुख थिएँ म पनि सगरमाथासित ।

हामी हतारमा थिएनौँ । हतार थियो भने पनि हिमालले छेकिसकेको हुँदो हो । दिनभर कालापत्थरको त्यो भूमिमा लेटेर सगरमाथा चिहाउन मन लागिरहेथ्यो । जाडो त कति थियो, त्यो पनि अवर्णनीय नै हुनसक्थ्यो तर हिमरेखा नाघेर पुगेको त्यो स्थानमा चिसो भने सोचेभन्दा बढी नै थियो । हात फोटो खिच्न सक्ला-नसक्ला जस्ता भएका थिए, अनुहारमा परिवर्तन देखिएलाजस्तो लाग्दै थियो । करिब दश मिनेट बित्यो होला कालापत्थरमा ।

हामीलाई हतार नभए पनि पाइलटलाई हतार थियो । पाइलटको सङ्केतसँगै तल छोडेका साथी लिएर करिब पचास मिनेटको यात्रा पूरा गरी नाम्चे आइपुग्यौँ हामी ।

“बधाई छ सरहरूलाई,” हेली व्यवस्थापनमा सहयोग गर्ने स्थानीय व्यवसायी हामीलाई फुर्क्याउँदै थिए, “उडानमा पच्चीस–तीस मिनेटभन्दा बढी समय दिँदैनन् पाइलटले । आज तपाईँहरू झण्डै एक घण्टा उड्नुभयो ।”

नाम्चेबाट कालापत्थर जाँदा गाउँबस्तीहरू देखिन्थे । ती गाउँहरू सडक–सञ्जालले जोडिएका थिएनन् । सदरमुकामबाट समेत टाढा पर्थे । लुक्लामात्र होइन, नाम्चेबाट समेत ती बस्तीहरू नजिक थिएनन् । ती गाउँहरूमा नुन र चामलको प्रबन्ध कसरी हुँदो हो ? स्कूल कलेज कहाँ र कस्ता होलान् ? सिटामोलको चक्की कहाँ र कतिमा पाइँदो हो ? चाचा, पापा र नानाको प्रबन्ध कसरी गरिएको होला ? मन हुँडलिइरहेको थियो ।

समृद्धिका नारा धेरै लागे, सुख र खुशीका आश्वासन धेरै बाँढिए । भोक हटेको, रोग घटेको, पढाइ बढेको, असमानता नरहेको प्रचार भइरह्यो तर न त अनिवार्य र निःशुल्क शिक्षाको प्रबन्ध गरियो न स्वास्थ्यको । कर्मशील हातहरू विदेशिएका छन् । ती हातहरू पाइलट बनेर आफ्नै देशमा जहाज उडाउन सक्छन् । इञ्जिनियर बनेर सगरमाथातिर रेल्वे, रोपवे चलाउन सक्छन् । डाक्टर बनेर उपचार गर्न सक्छन् अनि प्राध्यापक बनेर त्यस्ता जनशक्ति तयार गर्न सक्छन् । हामीले हाम्रो जनशक्तिलाई त्यस्तो ज्ञान र सीप दिन ढिलो त गरेनौँ ? तिनका लागि रोजगारीको अवसर सिर्जना गर्न अबेर त भएन ? फुङ्ग उडिरहेको मन माथि कोङ्दे हिमालमा ठोक्कियो र आमादब्लम, पुमोरीहुँदै सगरमाथामा बिलायो ।

■■

*hadhikari22@yahoo.com*

सुदर्शन अधिकारी

# प्रविधिको कमाल



सुरज र सुनिता आधुनिक, शिक्षित र मेहनती दम्पती हुन् । उनीहरूका पुत्री सन्ध्या पनि एम्‌विविएस् सकेकी सुशील केटी हुन् । उनको उमेर पच्चीस पुगिसकेको थियो । छोरीको जात, आखिर पराइघर जानै पर्ने हाम्रो संस्कार रहेको छ । आमाबाबुलाई छोरीलाई कुलघरानको असल केटा खोजेर विवाह गरिदिनुपर्छ भन्ने लागेको एक वर्ष भैसक्यो । तर, भनेजस्तो केटा र घर नपाएर उनीहरूलाई चिन्तित बनाएको थियो ।

स्वजात र स्तरसुहाउँदो केटा पाउन पनि निकै कठिन भएको थियो । यता बिचरी सन्ध्या पनि आमाबाबुको चिन्ताप्रति जानकार थिइन् । सन्ध्याले कुनै केटासँग प्रेम गरेकी पनि थिइन । समय बित्दै गयो । सुरज र सुनिताले छोरीको विवाहका लागि उपयुक्त वरको खोजी गर्न लमीबाजेलाई लगाएका पनि थिए । विभिन्न स्थान र घरबाट कुरो नआएको पनि होइन, तर भनेजस्तो कुनै पाइएको थिएन । सन्ध्याको उमेर छब्बीस पुग्यो तर केटा जुरेन । एकाएक फेसबुकको माध्यमबाट एउटा केटासँग साथी हुन पुगिन् । उसले पनि एम्‌डी सकिसकेको थियो । उनीहरूका बीचमा विवाह गर्नेसम्मका कुरा भए । आपसमा विवाह गर्न दुवै सहमत भए ।

विवाहका दिनमा सबै ईष्टमित्र, लमी जम्मा भए । त्यसवेला लमी र अन्य मानिसहरूले प्रश्न गरे– 'यो विवाहको साइत कसरी जुऱ्यो ?'

उत्तरमा सुरजले 'यो सबै प्रविधिको कमाल हो हजुर ! फेसबुकमा साथी हुँदै आज यो नाता गाँसियो' भन्दा सबै तीनछक परे । प्रविधिले अकल्पनीय अवसर जुरेकोमा सबै अनौठो मान्दै थिए ।

शारदादेवी पोखरेल (भट्टराई)

# चार मुक्तक



स्वर्ग हेर्न आफू मर्नै पर्दैन
माथि पुग्न कोही झर्नै पर्दैन
केवल स्वीकार-भाव राखे पुग्छ
त्यहीँ बन्छ स्वर्ग, जुन कहिल्यै मर्दै मर्दैन ।

कसैलाई कामले ग्रस्त बनायो
कसैलाई नामले व्यस्त बनायो
कसैको रोजीरोटी खोसेर
गरिएको मोजमस्तीले कसैलाई भ्रष्ट बनायो ।

ऊ कहिले मुसो बन्यो, कहिले बिरालो
कहिले उकालो बन्यो, कहिले भिरालो
एउटै थैलोभित्रको दौडमा
कसले जित्ने हो बिनाकामको पिरलो ।

अँध्यारो मनमा छ– उज्यालो खोज्छ मन्दिरमा
कर्म छैन प्यारो– दोष थुपार्छ तक्दिरमा
सबैलाई बैगुनी भन्दै खुशीको लेप लगाउँछ
आफैँलाई पत्तो छैन बाँधिएको जन्जिरमा ।

*९८४४४७८८३२*



सह प्रा. कुलप्रसाद पराजुली

# चेरव स्मृति प्रतिष्ठानको साधारणसभाले स्मरण गराएका केही स्मृतिहरू



## प्रतिष्ठानको स्थापना

संस्था दर्ता ऐन २०३४ बमोजिम स्व. इन्जिनियर चेरव घिमिरेको स्मृतिमा स्थापना भई मिति २०७१ फागुन २९ गते जिल्ला प्रशासन कार्यालय भक्तपुरमा यो प्रतिष्ठान विधिवत् दर्ता भएको हो । साहित्य कला र सङ्गीतलाई अझ प्रभावकारी बनाउन, रचनात्मक सामाजिक कार्यहरू गर्न, इन्जिनियरिङ सुरक्षाका कार्य गर्न, सामाजिक चेतनामूलक कार्यहरू गर्न, दिगो विकास, वातावरणसम्बन्धी कार्यहरू गर्न, स्वास्थ्य, शिक्षा र रक्तदानजस्ता विविध कार्यक्रमहरूसमेत गर्ने उद्देश्यले स्थापित यो प्रतिष्ठान गैरसरकारी सामाजिक संस्था हो ।

## प्रतिष्ठानले गर्दै आएका कामको सङ्क्षिप्त परिचय

चेरव स्मृतिग्रन्थ र भित्तेपात्रो प्रकाशन, रसुवाको थाम्बुचेमा श्रीमद्भागवत वाचन, भूकम्प पीडितलाई राहत वितरण र भग्नावशेष पन्साउने कार्य, प्रकाशन, चित्रकला प्रदर्शन र प्रतियोगिता सञ्चालन, विकलाङ्ग तथा दृष्टिविहीनहरूलाई सहयोग, निःसहाय वृद्धवृद्धाहरूलाई सम्मान एवम् निःसहाय सहारा सदनमा अक्षयकोषका लागि सहयोग, साञ्जेन जलविद्युत् कम्पनी र अपर तामाकोसी हाइड्रो पावर कम्पनीमा निर्माणसम्बन्धी कार्यशाला गोष्ठीका साथै, २०७४ देखि मुखपत्र **हिमाद्रि**को प्रकाशन सुरु गरी चौथो अङ्क बोधनारायण विशेष, दशौँ अङ्क सुरक्षा विशेष र एघारौँ अङ्क शङ्करनारायण प्रधान विशेषको प्रकाशनका साथै भर्चुअल योग प्रशिक्षण कार्यक्रम र राष्ट्रिय तथा अन्तरराष्ट्रिय कविता गोष्ठीलगायतका कार्यक्रमहरूको आयोजना र सञ्चालन यस प्रतिष्ठानले गरिसकेको छ । संस्थालाई जीवन्त राख्न विभिन्न वैठकहरू सञ्चालन, प्रतिवर्ष साधारणसभाको आयोजना, लेखापरीक्षण, संस्थाको नवीकरण र अक्षयकोषको स्थापना गरी सो कोषको व्याज आम्दानीबाट संस्थाका गतिविधि सञ्चालन गर्दै आए पनि आठौँ साधारणसभा सम्पन्न भइरहेको अवधिसम्ममा उक्त अक्षयकोषमा रू. ३,४२,०००। जम्मा रहेको जानकारी पाइएको छ ।

## प्रतिष्ठानको आठौँ साधारणसभा

वि.सं.२०७८ कार्तिक २४ गते नेपाल विद्युत् प्राधिकरणको हलमा प्रतिष्ठानको आठौँ साधारणसभा सम्पन्न भयो । प्रतिष्ठानका अध्यक्ष श्री पुण्यप्रसाद घिमिरेको **सभापतित्व**मा सम्पन्न यस कार्यक्रमका **प्रमुख अतिथि** नेपाल प्रज्ञा प्रतिष्ठानका काव्य विभाग प्रमुख प्राध्यापक डा. हेमनाथ पौडेल हुनुहुन्थ्यो । घिमिरे बन्धु राष्ट्रिय प्रतिष्ठानका अध्यक्ष तथा पूर्वसचिव श्री चेतनाथ घिमिरे **विशिष्ट अतिथि** रहनुभएको सो कार्यक्रममा सर्वश्री मातृका पोखरेल, कपिल घिमिरे, मदन घिमिरे, सुनीलकुमार ढुङ्गेल, ईश्वरीप्रसाद घिमिरे, हरिकृष्ण घिमिरे, विश्वनाथ शर्मा र चन्द्रप्रसाद न्यौपाने विशेष अतिथि हुनुहुन्थ्यो भने सर्वश्री अजय घिमिरे, शुकदेव घिमिरे र रामप्रसाद घिमिरेका साथै मानार्थ सदस्य माता रत्नकला घिमिरेको नाम अतिथि वर्गमा राखिएको थियो । सर्वश्री केशवप्रसाद रूपाखेती, रामेश्वर राउत मातृदासका साथै यी पङ्क्ति लेखकलगायत अन्य केही व्यक्ति/पदाधिकारीलाई पनि मञ्चमा आसनग्रहण गराइएको यस कार्यक्रममा सम्मान तथा कदरपत्र दिइने व्यक्तित्वहरू र सभामा उपस्थित सबैलाई आसनग्रहण गराइएको थियो । कार्यक्रम तालिकामा लेखिएका नाममध्येका केही व्यक्तिको उपस्थिति नरहे पनि अनुमानित ४० जनाको उपस्थिति रहेको यो कार्यक्रमका उद्घोषक नेपाल विद्युत् प्राधिकरण **विद्युतकर्मी साहित्यिक समाज**का वर्तमान अध्यक्ष श्री कृष्णदेव रिमालले गर्नुभएको थियो ।

प्रमुख अतिथिबाट ज्ञान तथा प्रकाशको प्रतीक दीप प्रज्ज्वलन गरेर उद्घाटन गरिएपछि राष्ट्रियगान र स्व. इन्जिनियर चेरव घिमिरेको तस्वीरमा माल्यार्पणबाट अघि बढाइएको यस कार्यक्रमा स्व. चेरव घिमिरे र सम्पूर्ण शहीदप्रति मौनधारण गरिएको थियो । अतिथिहरूलाई खादा तथा माला प्रदान गरेपछि प्रतिष्ठानका सहसचिव श्री पदम बास्तोलाबाट स्वागत मन्तव्य, सभापतिबाट कार्यक्रम र श्री रविन्द्र महर्जनबाट स्व. इञ्जिनियर चेरव घिमिरेका बारेमा जानकारी गराइएको थियो । प्रतिप्ठानका सचिवबाट वार्षिक प्रतिवेदन तथा आगामी आर्थिक वर्षको कार्ययोजना र कोषाध्यक्ष श्री टीका खनालबाट आर्थिक वर्ष ०७७/०७८ को आर्थिक प्रतिवेदनको प्रस्तुति पनि गरियो । सर्वसम्मतिले पूर्वअध्यक्ष श्री पुण्यप्रसाद घिमिरेकै अध्यक्षतामा नयाँ कार्यसमितिको चयन, प्रमुख अतिथिबाट चेरव प्रतिष्ठानको मुखपत्र 'हिमाद्रि'को १७ र १८ औँ अङ्कको विमोचनका साथै सर्जक श्री सोमबहादुर धिमाललाई रु. ५०००। हजार नगदसहित सम्मानपत्र र सर्वश्री थर्कबहादुर थापा, दीपक गौतम, सुदर्शन पराजुली र कृष्णदेव रिमाललाई कदरपत्र प्रदान गर्नुभएपछि श्री मधुस न्यौपानेले 'हिमाद्रि' १८ औँ अङ्कको समीक्षा र श्री धर्म पोखरेलले पुरस्कृत तथा सम्मानित व्यक्तित्वहरूको

सङ्क्षिप्त परिचयसमेत प्रस्तुत गर्नुभएको थियो । श्री टीका खनाल र श्री जीना सापकोटा घिमिरेबाट व्यवस्थापनमा सहयोग पुऱ्याइएको यस सभामा विशिष्ठ अतिथि, सम्मानित व्यक्तित्वहरू र मञ्चमा बसेका मध्येका केही व्यक्तिहरू- सर्वश्री रविन्द्र महर्जन र कपिल घिमिरेआदिबाट सङ्क्षिप्त मन्तव्य प्रकट गरिएको थियो । सर्वश्री विष्णुप्रसाद आचार्य, रामेश्वर राउत 'मातृदास', थर्कबहादुर (शिशिर) थापा, मातृका पोखरेल, चक्र दवाडी, वासुदेव गुरागाइँ र कवयित्री द्वारिका कुइँकेल आदि कविहरूबाट वाचन गरिएका कविता निकै रोचक थिए । स्व. चेरव घिमिरेका अन्तरङ्ग साथी श्री रविन्द्र महर्जनद्वारा प्रस्तुत स्व.चेरवको जीवनीमूलक दिनचर्याको हृदयस्पर्शी मन्तव्यले कार्यक्रमका सहभागीहरूलाई स्तब्ध बनाएको थियो ।

चार घण्टाभन्दा बढी सञ्चालित सो कार्यक्रमको लगभग अन्त्यमा प्रमुख अतिथिले सम्बोधन गर्नुभएको थियो । प्रमुख अतिथिको बहिर्गमनपछि पनि केही समय सञ्चालन भएको सो कार्यक्रममा चित्त बुझाउनकै लागि भए पनि मञ्चस्थ केही व्यक्तिहरूलाई मन्तव्य तथा कवितावाचन गर्न आग्रह गरिए पनि प्रमुख अतिथिको मन्तव्य भइसकेकोले सम्बोधन नगर्ने जानकारी आएपछि सभापतित्वको अनुमतिले उद्घोषकबाट कार्यक्रम समाप्त भएको घोषण भई सामुहिक जलपान गरिएको थियो ।

## प्रतिष्ठानका आगामी कार्यक्रमहरू

त्रैमासिक **हिमाद्रि** पत्रिकाको प्रकाशनलगायत गरिँदै आएका सबै नियमित कार्यक्रमहरू अझ व्यवस्थित रूपमा सञ्चालन गर्दैजाने, स्व. चेरवको स्मृतिका लागि उपयुक्त कलेजमा अक्षयकोष स्थापना गरी सोबाट प्राप्त व्याज-आम्दानीबाट पुरस्कारको वितरण गर्ने, स्वास्थ्य शिविर सञ्चालन गर्ने, खेलकुदका लागि कभर्डहल निर्माण र वृद्धाश्रमको अवधारणासाथ कार्यक्रम अगाडि बढाउने, स्थापना भइसकेको अक्षयकोषको रकम बृद्धिको प्रयत्न गरी प्राप्त व्याजबाट सामाजिक कार्यमा योगदान गर्ने र सदस्यता वृद्धि र संस्था नवीकरण गरिने जानकारी सचिव र कोषाध्यक्षद्वारा प्रकाशित प्रतिवेदनबाट भयो ।

## सेवा र त्यसको प्रयोजन

हाम्रा शास्त्र र तिनको चिन्तन-मननले जीवनमा परोपकारको ठूलो महत्त्व बताउँदै आएका छन् । सेवा परोपकारको कार्य हो । **परोपकाराय सताँ विभूतयः** भनी सज्जन तथा सत्कर्म आर्जनको विशेषता नै परोपकार हो भन्ने निष्कर्ष ती भनाइहरूको हो । कोष स्थापना, आर्थिक सहयोग, प्रतिभा-सम्मान र साहित्यिक प्रकाशनआदि परोपकारका कार्य हुन्; जो प्रतिष्ठानले गर्दैआएको छ ।

## साहित्य उत्तम कर्म हो

साहित्य पनि सेवामुखी कार्य नै हो । साहित्यलाई समाजको दर्पण मानिन्छ । स्वदेश तथा विदेशका विगत र वर्तमानको धर्म-संस्कृति, शिक्षा, भाषा, कला, राजनीति, शासन-व्यवस्था, प्राकृतिक तथा सिर्जित विपत्ति, मनोरञ्जन, समाजका व्यक्तित्व र तिनका योगदानआदि विविध पक्ष र तिनका गतिविधिबारे उजागर गर्ने भएकोले साहित्यलाई समाजको ऐना भनिएको हो । सारांशमा साहित्यबाट समाजलाई नजिकबाट बुझ्न सकिन्छ । त्यसैकारण विद्वान्हरूले **हितेनसहितं साहित्यम्** भनी साहित्यको परिभाषा गरे; जसको आशय कल्याणकारक विषयवस्तु नै साहित्य हो भन्ने हुन्छ ।

मान्छे सचेत प्राणी भएकोले ऊ आफ्नो र अरूको पनि भलाइ चाहन्छ । सुख-शान्ति, उन्नति-प्रगति र विकास-निर्माणलगायत जीवनका सार्थक पक्ष मान्छेका चाहना हुन् । आफ्ना चाहनापूर्तिका लागि मान्छेलाई विगत र वर्तमानमा भए/गरेका राम्रा पक्षको जानकारी र प्रेरणा आवश्यक पर्छन् । साहित्यको उद्देश्य नै यश, अर्थ र व्यावहारिक ज्ञानको प्राप्ति गराई अकल्याणबाट मुक्तिका लागि सदुपदेश दिएर आफू र समाजको हितमा समर्पित हुन अभिप्रेरित गराउनु हो ।

कविता, लेख र पुस्तक लेख्नु, भाषिक-साहित्यिक गोष्ठी, कार्यशाला र प्रशिक्षण सञ्चालन गर्नु साहित्यको सेवा गर्नु हो । पत्र-पत्रिका प्रकाशन, भाषा-साहित्यका कार्यक्रम सञ्चालन, पुस्तकालय-वाचनालय स्थापना र सञ्चालन, भिन्न प्रकृतिका भाषिक-साहित्यिक एवम् सेवामूलक संस्था र प्रतिष्ठानको स्थापना गरी रचनात्मक गतिविधिसमेत सञ्चालन/प्रकाशन गर्नु, शैक्षिक तथा साहित्यिक विकास एवम् सो क्षेत्रमा लागेका व्यक्तित्वलाई प्रोत्साहन गरी सहयोग गर्न पुरस्कार दिने उद्देश्यले कोष स्थापनालगायतका सम्पूर्ण क्रियाकलाप तथा गतिविधि पनि साहित्यि सेवाका थप अङ्ग हुन् ।

मान्छेले गर्नयोग्य कर्म साधारण, मध्यम र उत्तम गरी तीन प्रकारका हुन्छन् । साहित्यसेवा राष्ट्रसेवक असल नागरिकले गर्ने सेवा कार्यमध्येको एउटा पवित्र र उत्तम कर्म हो । साहित्य सरस्वतीको स्वरूप हो । राष्ट्रवासी भएपछि उत्तम कर्म गरेर जीवन बिताउनु हरेक नागरिकको कर्तव्य हुन्छ । यस्तो कर्म निःस्वार्थ गरिनु राम्रो हुन्छ । हाम्रा धर्मग्रन्थहरूले उत्तम कर्म गर्न विशेष निर्देश गरेका छन् । श्रीमद्भगवद्गीताले त कर्मयोगका बारेमा विशेष प्रकाश पारेको छ । **कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन.....** श्रीमद्भगवद्गीता २।४७ का यी शब्दले भन्छन्– असल नागरिकको कर्तव्य कर्म गर्नुमा नै छ, न कि फलको आशामा । भगवान् श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ– तिमी कर्मका फलको कारण नबन, कर्म

नगर्नुमा तिम्रो आशक्ति नहोस् अर्थात् कर्म गर । कर्म गर्दा पूरा हुन्छ वा हुँदैन भन्ने फलको आशा नगर्नुलाई समत्व भनिन्छ । समत्व नै योग हो । आशक्ति त्यागेर सफलता र असफलतामा समान बुद्धि भएर योगस्थ भई आफ्नो कर्तव्य गर । समत्वरूपी योगमा लाग्नु नै कर्ममा कुशलता हो भन्दै भगवान् भन्नुहुन्छ– **योगः कर्मसु कौशलम्** (कर्मको कौशलता नै योग हो) श्रीमद्भगवद्गीता २।५०।

प्रतिष्ठानद्वारा सम्पादित कर्मको प्रकृति र मूल्याङ्कन गर्दा कार्यप्रकृतिका हिसाबले यस प्रतिष्ठानले सम्पादन गर्दैआएका कर्म यसप्रकार देखिन्छन् :

**(क) धर्म–संस्कृतिसम्बन्धी कार्य** : रसुवाको थाम्बुचेमा श्रीमद्भागवत महापुराण वाचन । **(ख) साहित्य र शिक्षासम्बन्धी कार्य** : चेरव स्मृतिग्रन्थ प्रकाशन, क्यालेन्डर प्रकाशन, २०७४ देखि 'हिमाद्रि' पत्रिकाको प्रकाशन, (बोधनारायण, सुरक्षा र शङ्करनारायण प्रधान विशेषाङ्कसमेत), राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय कविता–गोष्ठी, चित्रकला प्रदर्शनी र प्रतियोगिता सञ्चालन । **(ग) समाज सेवामूलक कार्यक्रम** : भूकम्प पीडितलाई राहत वितरण र भग्नावशेष पन्साउने कार्य, विकलाङ्ग तथा दृष्टिविहीनलाई सहयोग, निःसहाय वृद्धवृद्धाहरूलाई सम्मान एवम् निःसहाय सहारा सदनमा अक्षयकोषका लागि सहयोग । **(घ) गोष्ठी तथा योग प्रशिक्षणसम्बन्धी कार्य** : साञ्जेन जलविद्युत् कम्पनी र अपर तामाकोसी हाइड्रोपावर कम्पनीमा निर्माणसम्बन्धी कार्यशाला–गोष्ठी, भर्चुअल योग प्रशिक्षण कार्यक्रम र **(ङ) विविध कार्यक्रम** : संस्थालाई जीवन्त राख्न विभिन्न बैठकहरू सञ्चालन, प्रतिवर्ष साधारणसभाको आयोजना, लेखापरीक्षण र संस्थाको नवीकरण र अक्षयकोषको स्थापना गरी सो कोषको व्याज आम्दानीबाट संस्थाका गतिविधि सञ्चालन आदि ।

## प्रतिष्ठानको अर्थ र चेरव स्मृति प्रतिष्ठानको जन्म

प्रतिष्ठान शब्दको अर्थ तथा तात्पर्य प्रतिष्ठासित सम्बन्धित छ, जसको आशय अपेक्षित उद्देश्यको प्राप्तिका लागि स्थापित वा उठान गरिएका सबै विषयवस्तुको सिद्धान्त र व्यवहारअनुसार स्थायी रूपमा प्रतिष्ठा वा बीजारोपण गरी कार्यान्वयन गरेर विधानद्वारा निर्दिष्ट लक्ष्य पूरा गरी राष्ट्रसेवा गर्नु नै हो । स्वर्गीय पितामाता बोधनारायण र पार्वतादेवी घिमिरेका साइँला पुत्रका रूपमा मिति २०१४ साउन १७ गते इलाम जिल्लाको तत्कालीन बर्बोटे गाउँ विकास समिति वडा नं. ४ मा जन्मिएर औपचारिक अध्ययनपछि केही वर्ष शिक्षण पेशा अङ्गीकार गरेपश्चात् मिति २०४५ चैत १७ देखि २०७२ साउन १७ सम्म नेपाल विद्युत् प्राधिकरणको प्रशासनिक सेवामा समय व्यतीत गरेका साहित्यिक मित्र

श्री पुण्यप्रसाद उपाध्याय घिमिरे आफैँ पनि साहित्यप्रति निष्ठा राखेर साहित्यिक रचना-सिर्जनामा रमाउने व्यक्ति हुन् । यी पङ्क्तिका लेखक संस्थापक अध्यक्ष रही वि.सं. २०५४ साउन १५ गते स्थापना र २०६० साउन ९ गते कामिका एकादशीका दिन जिल्ला प्रशासन कार्यालय काठमाडौँको दर्ता नं. ४७/०६०/०६१ मा विधिवत् दर्ता भएर सञ्चालनमा रहेको विद्युत्कर्मी साहित्यिक समाजका अध्यक्षको कार्यभारसमेत उनले सम्हालिसकेका छन् ।

काश्यपगोत्री उपाध्याय घिमिरे ब्राह्मण कुलमा जन्मे-हुर्केर ब्रह्मविद्याका चण्डी, रुद्रीआदि धर्मग्रन्थको केही अध्ययन र शिक्षण सेवापछि नेपाल विद्युत् प्राधिकरणको प्रशासनिक सेवामा प्रवेश गरे पनि साहित्यमार्फत वाङ्मयदेवी माता सरस्वतीको यत्किञ्चित् सेवा-आराधना गरिरहेका श्री पुण्यप्रसाद घिमिरे सिर्जनाकर्ममा रुचि राख्छन् । उनीभित्र जुर्मुराएको सिर्जनासोखले साहित्यसहितको सेवाकार्यका माध्यमबाट राष्ट्रसेवा गरिरहने उद्देश्यसहित **चेरव स्मृति प्रतिष्ठान**को जन्म दिन पुगेको सुखद स्थिति छ प्रत्येक राष्ट्रप्रेमीहरूका निम्ति ।

चोट नलागी संचेतना नपलाउने मानिसको नियति नै देखिन्छ । चाहे संस्कृत साहित्यका आदिकवि कालिदास हुन् या हिन्दी तथा अवधि साहित्यका तुलसीदास हुन् अथवा नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्य नै किन नहुन्– विश्वसाहित्यका प्रायः सबै कवि-लेखकहरूलाई एउटा न एउटा चोटले नै अभिप्रेरित गरेको जानकारी पाइन्छ । यहाँसम्म कि पूर्वीय वाङ्मयको अनुपम आर्षग्रन्थ महाभारतकी नारीपात्र कुन्ती त श्रीकृष्णदर्शनकी भोकी बनेर आफ्नो जीवनमा विपत्ति आइरहून् भनी श्रीकृष्णसित प्रार्थना गर्दै भन्छिन्– **विपदः सन्तु नः शश्वत् तत्र तत्र जगद्गुरोः । भवतो दर्शनं यत् स्यादपुनर्भव दर्शनम्** । प्रभो ! फेरि जन्ममरणको चक्रमा नफसौँ, तपाईंको दर्शन हुन्छ भने बरु विपत्ति नै आइरहून्, म सहन तयार छु । गाउँको रक्षा हुन्छ भने कुलका चलन पनि त्यागिदिनू वा ठूलो उपलब्धिका लागि सानो कुरा त्यगिदिनू भन्ने अर्थमा **ग्रामस्यार्थे कुलं त्यजेत्** पनि संस्कृत साहित्यले नै भन्छ । महाकवि देवकोटा भन्छन्– **उद्देश्य के लिनु, उडी छुनु चन्द्र एक** । यस्ता सबै भनाइको तात्पर्य ठूलो विषयवस्तुको प्राप्तिका लागि प्रिय सानो वस्तु पनि त्याग्नै पर्छ, छोड्नै उपयुक्त हुन्छ आदि । **हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए** कवि भूपीको यो मार्मिक उक्तिले पनि सोही कुराको पुष्टि गर्छ ।

संसारमा राम्रो कुराको उठान दुःखान्त र सुखान्तबाटै भएको छ । यी दुई अवस्था रहे पनि सुखान्तभन्दा दुःखान्त विधा नै बढी रचनात्मक र मानवप्रेरक बनेको पाइन्छ । चेरव प्रतिष्ठानको जन्म पनि पुत्रशोकको दुःखान्त घटनालाई

भाषा–साहित्य र समाजसेवाको माध्यमले राष्ट्रसेवा गरी शोकलाई सिर्जनात्मक शक्तिमा परिणत गर्ने उद्देश्यले भएको छ । प्रतिष्ठानका संस्थापक अध्यक्ष श्री पुण्यप्रसाद घिमिरेका जेष्ठपुत्र स्व. चेरव घिमिरेको सान्जेल जलविद्युत् कम्पनीमा संलग्न रही कार्यालयको काम गर्दैगरेको अवस्थामा दुःखद निधन भएको स्मृतिमा यो प्रतिष्ठान स्थापना भएको एउटा भुल्नै नसकिने पीडाबोध हो । दैवसित लड्न सक्ने क्षमता कसैसित हुँदैन । **हुने हुनामी नभइछोड्दैन** वा **हुने हार दैव नटार** आदि सदुक्तिहरूले पनि सोही कुराको सङ्केत गर्दछन् । संसारका मानिस वा अरू प्राणी प्रकृतिका अधीनमा छौँ भन्ने बुझेरै **दैवाधीनं जगत् सर्वम्** भनिएको हुनुपर्छ र हो पनि । यो दैवी तथा प्राकृतिक सत्यतालाई जित्न त्यसैले सक्छ र त्यही मानिस बुद्धिमान ठहर्छ जसले मानवहितका सिर्जनात्मक कार्य गरेर अघि बढ्छ । यसै कुराको बोध गरेर कवि लेखनाथ पौडेलले भनेका होलान्– **त्यसैले यो सारा भुवनभर तत्सन्न मनको, चलेको हो भन्छन् चलन सबका निम्ति हितको ।** यिनै र यस्तै मार्मिक प्रसङ्गलाई चिन्तन-मनन गरेर नै हुनुपर्छ आफ्नो मुटुको टुक्रा पुत्ररत्न चेरव घिमिरेको त्यो दुःखदायी पीडा भुल्न उनका पिता, परिवार र राष्ट्रसेवाप्रेमी श्री पुण्यप्रसाद घिमिरेले आफ्नो परिवार, परिजन र हितैषीसमेतको राय-सल्लाह लिएर प्रतिष्ठान स्थापना गरी समाजसेवामा जुट्ने पुनीत कर्म रोजेछन्; **सेवा हि परमो धर्मः**को मर्म बुझेर जरैमा पक्रिएछन् । यो पवित्रतम कार्यका लागि उनी शतशः धन्यवादका पात्र छन्, लाखौँलाख बधाई पुण्यजीलाई ।

## निष्कर्ष

मान्छे र उसले गर्ने सबै कर्म सुरुमा सानै हुन्छन् । संस्थागत जीवन पनि त्यस्तै हो । सङ्गठन र सेवामुखी कर्ममागका दृष्टिले स्थापनाका केही वर्षसम्म सानै भएर क्रमशः अघि बढ्छन् । कुनै कार्यक्रममा कतिको उपस्थिति थियो र कसलाई के पुगेन भन्नुभन्दा पनि मूल कुरा संस्थाको विधानले अङ्गीकार गरेका उद्देश्य कस्ता छन् र तिनको कार्यान्वियन पक्ष कस्तो छ ? हेर्ने र बुझ्नैपर्ने पक्ष महत्त्वपूर्ण हो । प्रायः सबै प्रकारका संस्थाका विधानले निर्दिष्ट गरेका उद्देश्य राम्रै हुन्छन् । नेपाली समाजका टोलटोलमा वर्षाकालमा वनमा जताततै उम्रिने च्याउसरी थुप्रै संस्थाहरू स्थापना भएका पाइन्छन् । गहिरिएर हेर्ने, बुझ्ने हो भने केहीलाई छोडेर ती बेमौसमी स्थापना भएका संस्थाको कार्यप्रगति राम्रो देखिँदैन र कतिपय त विवादग्रस्त पनि पाइन्छन्, उन्नति-प्रगतिको कुरा त परै जाओस् । आर्थिक, सामाजिक, शैक्षिक, साहित्यिक वा अन्य उद्देश्यले देशका विविध भागमा स्थापना भएका यस्ता तमाम संस्थाहरूको अनुगमन, समीक्षा र मूल्याङ्कन हुने

व्यवस्थाको पूर्णतः अभाव नै छ भन्दा हुन्छ । साँच्चै दिलचस्पी दिएर हेर्ने, बुझ्ने हो भने अधिकांश संस्था स्थापनाका लागि मात्रै स्थापना भएका त होइनन् ? भन्न हिचकिचाउनुपर्ने अवस्था छैन ।

चेरव स्मृति प्रतिष्ठान भने माथि भनिएजस्तो विपरीत परिस्थितिबाट मुक्त रहेको कुरामा म विश्वस्त छु । ईश्वरसित प्रार्थना गर्दछु– चेरव प्रतिष्ठानले भुलेर पनि त्यस्तो बाटो नरोजोस् र जति नै महत्त्वपूर्ण कार्य भए पनि 'घाँटी हेरी हाड निल्नू' भन्ने नेपाली उखानलाई चिन्तनमनन गरी तत्काल कार्यान्वयन गर्न नसकिने कार्यमा हौसिएर नलागोस् । यस प्रतिष्ठानको स्थापनादेखि नै मैले नजिकबाट यसका गतिविधिहरूलाई हेर्दै, बुझ्दै पातलै भए पनि यथाअवसर आफ्नो पनि संलग्नता जनाउँदै आएको छु ।

स्थापनाकर्ता श्री पुण्यप्रसाद घिमिरे र उनका सामाजिक, साहित्यिक रचनात्मक गतिविधिलाई पनि वर्षौंदेखि राम्ररी चिन्नु नै मेरो विश्वासका प्रमाण हुन् । यस प्रतिष्ठानको विधानले अङ्गीकार गरेका उद्देश्य पनि सिर्जनात्मक एवम् सेवामुखी नै छन् । नियमित संस्थागत प्रकाशन, गोष्ठी, अन्तरक्रिया तथा कार्यशाला सञ्चालन, प्रतिभा सम्मान र पुरस्कार प्रदान, कोषको स्थापना र आर्थिक सहयोग, रक्तदान, चित्रकला प्रदर्शनीका साथै प्रतियोगिता सञ्चालन आदि प्रतिष्ठानले गर्दै आएका सबै कर्म उत्तम र रचनात्मक छन् ।

विकास-निर्माणका कर्ममा सरिक एउटा संस्थाको सेवामा प्रवेश गरेर खटाइएको कर्म गर्दागर्दै प्राकृतिक विपत्तिमा परी २५/२६ वर्षको एउटा राष्ट्रसेवक पुत्रले प्राणको आहुति दिन बाध्य हुनुपरेको दर्दनाक कथा-व्यथा यस प्रतिष्ठानको पृष्ठभूमिमा छ । सोच्ता र सम्झँदा पनि मुटु छेड्ने अनायास सिर्जित बाध्यकारी असह्य त्यो पारिवारिक पीडाबाट मुक्ति खोज्दै प्राणदानकर्ताको स्वभाव, कर्मप्रेम र प्रतिभाको कदर गर्दै राष्ट्रसेवा पथमा हिँड्ने उद्देश्यले निज प्रतिभाकै पिता स्वयम्बाट स्थापित यो प्रतिष्ठान आजसम्म आफ्नो कर्मपथमा हिँड्दै गरेको पाएको छु । आफ्नो ज्यादै सीमित स्रोत-साधन भए पनि समाजसेवाको पवित्रतम भावनाबाट ओतप्रोत भई ठूलो आँट गरेर भाषा, शिक्षा, साहित्य र सेवामुखी जुनसुकै क्षेत्रमा लागेका समाजप्रेमीहरूको भरोसा एवं विश्वास बटुलेर स्थापना भई कर्मक्षेत्रमा क्रियाशील यो प्रतिष्ठानले कुनै विपत्ति भोग्न नपरोस्, यसका सकारात्मक गतिविधिले प्रगति गरेको हेर्न, सुन्न र बुझ्न पाइयोस्, प्रतिष्ठानको आठौँ साधारण सेवा दिवसको सन्देश र सार्थकता त्यसैमा निर्भर रहनेछ । सबैले राम्रा कार्यमा प्रोत्साहन र सहयोग गरौँ । भवतु सर्वमङ्गलम् ।

■■



चतुर्भुज गौतम 'निर्मल श्री'

# जागिरको कटु अनुभव : पाल्पा जिल्लामा



नेपालमा सबैभन्दा बढी विद्युत् झयाप्प-झ्याप्प जाने जिल्ला कुन हो भनेर कसैले सोध्यो भने मेरो जवाफ 'पाल्पा' हुनेछ ।

यो मैले हैन, मेरो एउटा पाल्पाली साथीले भनेको कुरा हो । म विद्युत्मै काम गर्ने मान्छे, पाल्पा सरुवा भएर आएपछि मलाई निकै ठूलो गुनासो सुनाएको थियो उसले ।

मैले भनेँ, "गलत हो यो । तिमीले एकदमै गलत भन्यौ ।"

म विद्युत्को कर्मचारी, अनि पाल्पामा सरुवा भएर गएपछि मैले पाल्पाको विद्युत् अफिसको बचाऊ गर्नु नै पर्ने थियो । त्यसमा पनि पाल्पाली मित्रलाई सबैभन्दा बढी बत्ती जाने ठाउँ पाल्पा हैन भनेर स्पष्टीकरण दिनु पनि पर्ने थियो ।

"कुन हो त ?" मित्रको सोधाई थियो ।

"तिमी पाल्पाली हौ । त्यसैले तिमीलाई पाल्पामा झ्याप्प-झ्याप्प बत्ती जान्छ जस्तो लाग्छ । तर, त्यस्तो हैन । अन्य जिल्लामा पनि बत्ती झ्याप्प-झ्याप्प जाने गर्छ ।"

होटेल भिन्तुनामा चियाको चुस्की सुरुप्प पार्दै मैले भनेको थिएँ ।

"पाल्पाभन्दा बढी कुन जिल्लामा बत्ती झ्याप्प-झ्याप्प जान्छ भन त ?" अचम्मित थियो मेरो मित्र, पाल्पामा भन्दा पनि बढी बत्ती अन्य जिल्लामा जान्छ भन्ने सुनेर । (यसकारणले कि हावा, पानीले मकैको बोटसमेत हल्लाउन नसक्ने सानै पानी वा हावामात्रै आए पनि पाल्पामा बत्ती जाने गर्छ र यही झ्याप्प-झ्याप्प बत्ती जाने समस्याले दिक्दार भएको पाल्पाली मित्र थियो ऊ) अनि, जिज्ञासा बढ्दै थियो उसको– पाल्पामा भन्दा पनि बढी झ्याप्प-झ्याप्प बत्ती जाने जिल्ला कुन हो भनेर ?

"हेर मित्र ! हावाहुरी, चटयाङ, मौसममा अचानक आएको परिवर्तन आदि विभिन्न कारणले सोझै विद्युत्को लाइनमा प्रभावित पार्छ । त्यसैले मौसममा खराबी आएन भने पाल्पामा मात्र हैन, कहीँ पनि बत्ती झ्याप्प-झ्याप्प जाँदैन । मौसममा खराबी आयो भने पाल्पामा मात्रै हैन, हरेक जिल्लामा झ्याप्प-झ्याप्प

बत्ती जानेगर्छ । त्यसैले पाल्पामा मात्रै बत्ती झ्याप्प-झ्याप्प जान्छ भन्ने कुरालाई मनबाट हटाइदेऊ ।"

मेरो आग्रह हुन्छ । (मैले आफ्नो अफिसको व्यक्तिगत बचाऊ गर्दै थिएँ । यद्यपि, तानसेनवासीहरूको डेलिगेशन लिएर जाऊ न पनि भन्न सक्थेँ तर जागिर खाएसम्म मैले आफ्नो कार्यालयको बचाऊ गर्नैपर्ने हुन्छ ।)

"ल ! एउटा कारण मौसमको खराबी हो भने मैले मानेँ । तर, पाल्पामा घाम लागेको बेलामा झ्याप्प-झ्याप्प बत्ती गयो भने त्यो पनि मौसमको कारणले हुन्छ र ?"

अझै हार खाएको थिएन उसले । मानौँ, उसले मलाई पराजित गर्न खोज्दै थियो कि पाल्पा नै हो बढी विद्युत् झ्याप्प-झ्याप्प जाने जिल्ला हो भनेर ।

म पनि त्यत्तिकै हार खाने मान्छे कहाँ हुँ र ? एकएक कप चिया खाइसकेको अवस्थामा उसको जिज्ञासालाई समाप्त पार्न फेरि अर्को एकएक कप चिया अर्डर गर्दै मैले भनेँ–

"मित्र ! बत्ती भन्ने प्राविधिक कुरा हो । यो जान मन लागेर जाने अनि आउन मन लागेर आउने पाहुनाजस्तो हैन । बत्ती आउनु र जानुमा अनेकौँ प्राविधिक समस्याहरू हुन्छन् ।"

"के हुन्छन् त्यस्ता समस्याहरू ?" उसको जिज्ञासा थियो ।

मैले भनेँ, "मित्र ! हुन त म प्राविधिक कर्मचारी होइन । नेपाल विद्युत् प्राधिकरणको प्रशासनतर्फको कर्मचारी हुँ । मैले यस प्राधिकरणमा जागिर खाएको १८ वर्षको अनुभवको आधारमा के भन्दै छु भने बत्ती झ्याप्प-झ्याप्प जानुमा धेरै कारणहरू हुन्छन् ।"

"के-के हुन्छन् भन न त ?" उसले सोध्यासोध्यै गर्न थाल्यो । अब त मैले हार मान्नुपर्छ कि भन्ने अवस्थामा परिसकेको थिएँ म । उसको हरेक कुराको जवाफ मैले उसलाई चित्तबुझ्दो तरिकाले दिन सक्दिनँ कि भन्ने सोचिसकेको थिएँ । फेरि, यो बत्ती झ्याप्प-झ्याप्प जाने मेरो बसको कुरा पनि थिएन । त्यसैले आ ! 'अफिस गएर प्राविधिकहरूसँग बुझ न' भनूँ कि भन्ने झोँक पनि चलिसकेको थियो । तर, अफिस पाल्पाको भए पनि त्यो मित्रले पाल्पामा विद्युत् अफिसको कर्मचारीहरूभन्दा बढी मलाई चिन्थ्यो । मैले उसलाई झोक्किएर 'अफिसमा जाऊ न त' भनेर पठाउँदा मेरो हार हुन सक्थ्यो । ऊ मेरो मित्र थियो, अफिसको कोही पनि थिएन । त्यसैले मैले चियागफमै उसलाई चित्त बुझाउन चाहान्थेँ ।

"हेर मित्र ! तिम्रो यो पाल्पा जिल्ला पहाडी जिल्ला हो । यहाँ बुटवलहुँदै बत्ती आउने गर्छ र बुटवलबाट ३३ के.भी.को लाइन पाल्पामात्रै हैन गुल्मीसम्म पनि जान्छ । पहाडी बाटो, अधिकांश विद्युत्का टावरहरू पहाडी क्षेत्रमा छन् ।

भौगोलिक अवस्थाका विकट ठाउँमा मौसमको सामान्य प्रतिकूलतामा पनि जङ्गल क्षेत्रमा हावाहुरीले सोझै विद्युत्को टावरमा रुखका हाँगाबिँगा पर्ने, रुख ढलेर सोझै विद्युत्को टावरमा पर्ने कारणले रुख, रुखको हाँगाबिँगाआदिले विद्युत्को तारलाई छोयो भने पाल्पामा मात्रै हैन, बुटवलमा रहेको सवस्टेसनमा धक्का पुग्छ ।" मैले जानीनजानी भनेको थिएँ । प्राविधिक भाषा मिल्यो कि मिलेन मलाई नै थाहा थिएन ।

"अनि बत्ती आउने-जाने गरी भ्याप्प-भ्याप्प किन हुन्छ त ?" अझै प्रश्न गरिरहेको थियो मित्र ।

"अरे मित्र ! बत्ती भ्याप्प गयो भने बुटवलको सवस्टेसनमा रहेको कर्मचारीले बत्ती दिने गरी सवस्टेसनमा ट्राइ गर्छन्, यदि विद्युत्को तारमा हाँगाबिँगा, रुखहरू लागेका छैनन् भने एकै पटकको ट्राइमा पनि बत्ती लाग्छ, यदि हाँगाबिँगा लागिराखेका छन् भने बत्ती दिन दुईतीन पटक ट्राइ गर्छन् र बत्ती नलाग्ने भयो भने भ्याप्प-भ्याप्प हुनेगर्छ । बुझ्यौ अब ?"

अलिकति बुझेजस्तो भयो मित्र । पढेलेखेको मित्रलाई नै बुझाउन गाह्रो भयो भने नेपालमा पढ्दै नपढेका जनताहरूलाई बुझाउन हाम्रा प्राधिकरणका कर्मचारीहरूलाई कम्ती गाह्रो पर्दैन होला ।

"ल ! त्यो कुरा मैले मानेँ । तर, तानसेनमा मौसम क्लियर हुँदा पनि भ्याप्प-भ्याप्प बत्ती जान्छ त ?" उसले अझै जिज्ञासा राखिरहेको थियो ।

"अरे मित्र ! नेपालको भौगोलिक बनावट तिमीलाई थाहा छैन र ? मैले उसलाई स्पष्टीकरण दिन खोजेको थिएँ ।

"तानसेनमा मौसम ठिक भएर के गर्छौ ? गुल्मीतिरको बाटोमा, जङ्गलमा मौसमको प्रतिकूलता भयो भने बत्तीलाई सोझै असर त बुटवल सवस्टेसनमा नै गर्दैन र ? फेरि तिम्रो यो पाल्पा जिल्लामा शिद्धबाबामा त पैह्रो जान वर्षामात्रै कुर्नु पर्दैन । बाह्रै महिना पैह्रो गइरहन्छ । यस्तो अवस्थामा विद्युत्को टावरलाई धक्का पुग्यो भने त सोझै विद्युत्मा नै असर पर्ने भयो नि हैन र ?"

"हो ! त्यस्तो हो भने त ।" अब बल्ल मित्रले बुझ्न थाल्यो भनेर म ढुक्क हुन लागिरहेको थिएँ ।

अब त कुनै प्रश्न गर्दैन होला भन्ने सोचेको थिएँ तर मित्रले फेरि अर्को प्रश्न तेर्साइहाल्यो-

"बत्ती जाने अवस्था त मैले बुझेँ । तर, यसरी बत्ती गएपछि रातिको बेला भयो भने किन आउँदैन त ? अझ राति यस्तो भयो भने भोलि बिहानमात्रै नभएर साँझसम्ममा बत्ती आउँछ किन ? भन त ?"

अब भने उसले पूरै प्राविधिक प्रश्न सोधिरहेको थियो ।

"मित्र ! मैले अघि भनेको थिएँ नि, तिम्रो पाल्पा जिल्ला पूरै पहाडी जिल्ला हो भनेर । अब रातिको समयमा मौसमको प्रतिकूलता भयो भने दुई तीनपटक बुटवलको सवस्टेसनमा रहेको कर्मचारीहरूले ट्राइ गर्छन्– बत्ती लाग्छ कि लाग्दैन भनेर । लाग्यो भने आइहाल्यो, लागेन भने रातभरि बत्ती आउँदैन । किनभने रातिको समयमा पहाडको बाटोमा कुन टावरमा रुख लागेको छ भनेर कोही गएर हेर्न सक्छ त ? भन त ?"

मैले नै प्रश्न गरेको थिएँ उसलाई । "हो, त्यो त सक्दैन," उसले भन्यो । अलिकति कन्भिन्स भएछ मेरो मित्र भन्ने सोचेँ अब ।

"हेर मित्र ! रातिको समयमा पनि सामान्य अवस्थामा बिग्रेको छ भने बत्ती आउन सक्छ तर ठूलै हावाहुरी आयो भने नेपालमा कुनै त्यस्तो प्रविधि छैन कि यो टावरमा फल्ट छ भनेर देखाउने । त्यसैले भोलिपल्ट बिहानै अफिसमा भएका सीमित कर्मचारीहरू केही समूह बनाएर विभिन्न दिशाहरूमा जान्छन् । पहाडको बाटो प्रत्येक पोलहुँदै, प्रत्येक पोलपोलमा चढ्दै, पोलमा भएका डिस्क, पिनलगायतका विभिन्न उपकरणहरू बिग्रेको छ भने बदल्दै जहाँ मेजर फल्ट भेटिन्छ, त्यो ठाउँ फेला पारेर त्यहाँ बत्ती बनाउँदै गर्दा कहिलेकाहीँ त एक दिनमात्रै हैन, दुई तीनदिनसम्म पनि लाग्न सक्छ मित्र ।"

"अझै चोरपञ्चर भयो भने त हाम्रा कर्मचारीहरूले अझै दुःख पाउँछन् मित्र ।"

"के हो यो चोरपञ्चर भनेको ?" मेरो मित्रलाई बिजुलीको भाषा अब भने चाख लाग्दै गएको थियो ।

"पोल ढल्यो, टावर नै ढलेको छ भने त जति समय लगाएर भए पनि देखिन्छ यो ठाउँमा हो भनेर तर चोरपञ्चर त देखिँदैन मित्र । विद्युत्को टावर, पोलमा रहेको माटोको डल्ला जसलाई डिस्क, पिनआदि के–के नामले चिनिन्छ, हो त्यही वस्तु घाम, पानी, वर्षा, हावाहुरी चट्याङ अनि वनजङ्गलमा गाईबस्तु चराउन आएका देखि वनविनास गर्न आएका समेतले बत्तीको टावरमा हान्ने, क्षति पुऱ्याउने गर्दा बत्तीको टावर, पोलहरूमा रहेका ती डिस्क र पिनजस्ता उपकरणहरू तल भुइँतिरबाट हेर्दा राम्रै देखिए पनि ती चर्किएका हुन्छन् । घाम लागेको बेलामा त चर्किए पनि चिसो नभएको कारणले बत्ती प्रवाह भैरहेको हुन्छ तर पानी परेको बेलामा भने त्यो चर्किएको ठाउँमा ओसको कारणले त्यसमा समेत करेण्ट प्रवाहित भई बत्ती झ्याप्प–झ्याप्प जाने गर्छ । यसरी थाहा नै नपाइने यो अवस्थालाई चोरपञ्चर भनिन्छ । बुझ्यौ ?"

"अब भने अलिअलि बुझ्न लागेको छु," मित्रले भनेको थियो । थाहा छैन मैले यसलाई सही प्रष्ट्याएँ वा गलत । तर, मित्रले भने बुझ्दै थियो ।

"मित्र ! रुख ढल्यो, तार चुँडियो या टावर नै क्षति भयो भने एउटा निश्चित ठाउँ भेटिन्छ तर चोरपञ्चर भयो भने त हाम्रा कर्मचारीहरू प्रत्येक पोलमा गएर, एउटा सानो मेसिन लगाएर मेजर गरेर यो ठाउँमा चोरपञ्चर छ भनेर पत्ता लगाउनुपर्‍यो भने त धेरै समय लाग्छ मित्र । त्यसैले बत्ती झ्याप्प-झ्याप्प गयो भने गएको बत्ती ल्याउनलाई धेरै समय लाग्छ मित्र ।"

"अर्को कुरा मित्र ! तिमी धेरै समय राजधानीमा बस्छौ र त्यहाँ बत्ती गएको त्यत्ति अनुभव हुँदैन । तर, चाहे तिम्रो पाल्पा जिल्ला होस् या सङ्खुवासभा वा दार्चुला वा अन्य जिल्ला, पहाडी जिल्ला भन्नेबित्तिकै एक त त्यहाँ कर्मचारीहरूको दरबन्दीअनुसार कर्मचारी नै हुँदैनन् अनि सीमित कर्मचारी, सीमित साधन र स्रोतका कारणले भौगोलक विकट जिल्लाहरूमा बत्ती झ्याप्प-झ्याप्प जाने गर्दा बनाउनलाई त्यत्ति नै समय लाग्ने गर्छ ।"

"मानेँ मैले यो कुरा ।" अब भने मित्र पूरै कन्भिन्स भइसकेको थियो ।

"तर, एउटा कुरा अझै छ यार !" अझै गुनासो रहेछ मित्रको ।

"के हो भन न ?" मैले जान्न खोजेको थिएँ ।

"यार ! यो बत्ती गएको बेलामा विद्युत्को अफिसमा फोन नै उठ्दैन । किन ?" प्रश्न हुन्छ मित्रको ।

"हे भगवान् !" यत्ति बुझिसकेको मित्रले यो कुरा किन बुझेन होला भन्ने लागेर मेरो मुखबाट निस्कियो ।

"हेर मित्र ! पाल्पामा करिब ४० हजार विद्युत्का ग्राहकहरू छन् । बत्ती जानेबित्तिकै ४० हजार ग्राहकहरूले फोन गर्न खोज्ने नै विद्युत् अफिसमा हो । एउटा मान्छेले बत्ती गएको झोँकमा दश सेकेण्डमा सकिने कुरालाई एक, दुई मिनेट वा त्योभन्दा बढी समयसम्म पनि फोन राख्ने प्रयास गर्दैनन् भने यो ४० हजार ग्राहकहरूले लगाातार फोन गरिरहँदा विद्युत् अफिसमा भएको एउटा-दुइटा फोनहरू कसरी लाग्छन् र फोन उठ्ला त मित्र ? बत्ती जानेबित्तिकै सबैले फोन गर्ने विद्युत्मा नै हो भने ४० हजार ग्राहकलाई भन्नेबित्तिकै फोन लाग्ने बनाउन त ४० हजार वटा नै फोन चाहिन्न र मित्र ?"

"हेर मित्र ! यो फोनबाट ग्राहकहरूले जानकारी पाउन सक्दैनन् भनेर पाल्पा वितरण केन्द्र भन्ने एउटा फेसबुक पेज नै बनाएको छ । यो पेज हेर्ने गर्‍यौ भने बत्ती गएको अवस्था र आउन सक्ने सम्भावित समयको बारेमा केही भए पनि जानकारी पाउन सकिन्छ है ।"

सायद यो पाल्पा वितरण केन्द्र भन्ने फेसबुक पेजको फ्रेण्ड मेरो मित्र पनि थियो क्यारे, भन्यो- "अँ यार ! यो फेसबुक पेजको त म पनि फ्रेण्ड छु । जसरी एटिएमबाट पैसा झिकेर गन्न नपाउँदै मोबाइलमा पैसा झिकेको म्यासेज आउँछ नि, हो त्यस्तै गरेर पाल्पामा बत्ती गएको दश सेकेण्ड भएको हुँदैन, यो पेजमा जानकारी आइसकेको हुन्छ ।"

"ल ! यत्ति जानकारी दिनु भनेको ग्राहकहरूलाई सूचना दिनु हैन त मित्र ?"

"हो यो भने सकारात्मक पक्ष हो ।" स्वीकारेको थियो उसले ।

"ल मित्र ! अब तिमी आफैँ भन त ? नेपालमा सबैभन्दा बढी विद्युत् जाने जिल्ला पाल्पा नै रहेछ त ?" चियाको अन्तिम चुस्की लगाउँदै सोध्न पुग्छु उसलाई । अब भने मेरो मित्र पूरै कन्भिन्स भइसकेको थियो ।

"हैनरहेछ मित्र ! विभिन्न प्राविधिक अवस्था र मौसमको प्रतिकूलताले जुन क्षेत्रमा बढी प्रभाव पाऱ्यो, त्यही ठाउँमा बत्ती बढी झ्याप्प-झ्याप्प हुनेरहेछ ।

होटेल भिन्तुनाको साहुले के ल्याऊँ भनेर सोध्दै थिए । "अब केही पर्दैन," भनेर मैले दुई पटकमा दुई जनाले पिएको चार कप चियाको पैसा तिर्न के खोजेको थिएँ, मित्रले "मेरो जिल्लामा आएर तिमीले पैसा तिर्ने ? होटेलमा बसेर मज्जाले बियर पिउँदै बत्तीको बारेमा जानकारी मागौँला भनेको त तिमीले चियाबाहेक केही नखाने रहेछौ," भन्ने गुनासो गर्दै थिए ।

मित्र पनि अचम्मैका थिए । काठमाडौँ स्थायी बसोबास भएको मेरा पाल्पाली मित्र अचानक मलाई पाल्पामा देखेपछि "कहाँ आएको ?" भनेर सोध्दै थिए । "मेरो त सरुवा भएर तिम्रो जिल्लामा आएको हो नि" भनेको थिएँ । यद्यपि, मैले विद्युत्मा काम गर्ने कुरा उनलाई पहिलेदेखि नै थाहा थियो तर पाल्पामा सरुवा भएर आएको कुरा थाहा भएको रहेनछ ।

पाल्पा दरबारअगाडि मलाई अचानक देखेपछि बियर खान भनेर भिन्तुना होटेलमा छिरेका मेरा मित्र मैले ड्रिङ्क नगर्ने कुरा गरेपछि दुई कप चियामै तिम्रो र मेरो पाल्पा बसाइ टुङ्गियो भनेर भोलि बिहानै काठमाडौँ हान्निने कुरा गरेर मात्र मेरा पाल्पाली मित्र विदा भएका थिए ।

■■

*नेविप्रा, कुलेखानी दोस्रो जलविद्युत् केन्द्र, निबुवाटार, मकवानपुर*

डा. रामहरि पौड्याल

# फिलिपिन्सको हन्ड्रेड आइल्यान्ड– स्मृतिको पानाभरि



## यात्राको पृष्ठभूमि

विद्युतीय तरङ्गहरूको उतारचढाव, तिनको नापनक्सा, हिसाबकिताब र मेरा पट्यारलाग्दा दैनन्दिनीहरू ! खै र इन्जिनियरिङ्ग विज्ञानका सिद्वान्तहरूमा कैद मेरो मथिङ्गलमा कल्पनातीत प्राण भर्ने साहित्यको जस्तो मृदु-सञ्जिवनी ? ओहम्स ल, क्रिचब्स ल, सुपरपोजिसन थेरम, नोट्रोम ल, पावर सिस्टम, डिजाइन, विधुतीय मोटरहरूको परिपथ ! यस्तैयस्तै भारीहरूका गरुङ्गो टाउको लिएर लखतरान आफ्नो अपार्टमेन्टतर्फ फर्कदैँ गरेको म ढल्कँदै गरेको दिन अर्थात् सन् २००० को जनवरी १७ ।

यद्यपि, शहरबजारमा नयाँ मिलेनियमका स्वागतमा गरिएका तामझामहरू शेषै देखिन्थ्ये सर्वत्रै । वाइ टुकेको हल्ला र कम्प्युटर पण्डितहरूको बढाइचढाइ मत्थरिँदै थियो वातावरणमा । त्यस दिन सञ्जोगले म एक्लै थिए । दाइ विष्णुहरि भाइ केशवले कम्प्युर इन्जिनियरिङ गरेको इमिलियो एगुनाल्डो कलेज मनिलातर्फ लाग्नुभएको थियो । उसैको डकुमेन्टसम्बन्धी कामले अपार्टमेन्टको प्राङ्गणमा टेक्न नपाउँदै देखेँ– आँगनभरि एउटा उत्सवजस्तै मान्छेहरूको रङ्गीन भीड जम्मा भइरहेको थियो । खचाखच दुईवटा जिप्नीहरू तम्तयार थिए यात्राका लागि । मैले थाहा पाएँ– उनीहरू फिलिपिन्सको प्रसिद्ध पर्यटकीय क्षेत्र ‘हन्ड्रेड आइल्यान्ड’, जसलाई ‘म्यारिन प्याराडाइज’ भनेर चिनिन्छ, जानका लागि जम्मा भएका रहेछन्, ओभरनाइट हल्ट गर्ने विचारले । मलाई अनुरोध गरे सबैले, “उड यु लाइक टू जोइन ?” मैले स्विकारेँ प्रस्तावलाई र छिटोछिटो झोला तयार पारेँ । कोठामा सानो जानकारी छोडेँ– हन्ड्रेड आइल्यान्ड घुम्न गएको हुँ भनेर । त्यसो त पहिले नै विष्णु दाइ र केशवबाट हन्ड्रेड आइल्यान्डको बखान सुनिसकेको मलाई त्यहाँ पुग्ने धोकोले कुतकुत्यायो छिट्टै नै ।

एउटा आदर्श पारिवारिक यात्रा थियो त्यो फिलिपिनो समाजको । एउटै घर, एउटै रगतका चौँतीस जना आफन्तहरूको सामूहिक यात्रामा म एउटै मात्र

पराइ थिएँ दूर परदेशी क्षितिजको । चौहत्तरवर्षे हजुरआमा (लोला) देखि दुईवर्षे पनातिनी लाइकासम्मका विविध रूपरङ्ग, विविध उमेर र चाहनाका सबैखाले आइमाई, केटाकेटी, तरुनातरुनी, बूढापाकाहरूको अपूर्व सङ्गम थियो । यात्राका प्रमुख पात्र थिए– आन्टी क्रिष्टिना र छोरो फिलिप । यी दुवै स्वीडेन नागरिक थिए र फिलिपिनो केटासँग विवाहित । भर्खरै दश वर्षपछि स्वीडेनबाट विदेशी बुहारी र छोरोसहित स्वदेश फर्किएकाले उनीहरूको स्वागतार्थ सबै एकत्रित भएका थिए । अर्की आन्टी अमेरिकानो भन्थे सबैले यात्राभरि नै । परिचयपछि थाहा पाएँ– बीस वर्षअघि अमेरिका छिरेकी ती आन्टी क्यारोल अफ्नो भरपूर जवानी अमेरिकाने खैरेलाई सुम्पेर चाउरिएपछि फिलिपिन्स फर्किएकी रै'छिन् लामै अन्तरालमा । सफा र सुन्दर दिनलाई घामका सुनौला किरणहरूले चम्काएका थिए । समयसूचक यन्त्रले तीन देखाउँदा हाम्रो यात्रा प्रारम्भ भयो– सान कार्लोस सिटीको मामरलाउ स्ट्रिटबाट । दुईवटा बहानहरू रासनपानीको पर्याप्त जोहोसँगै विशाल डफ्फालाई बोकेर अघि बढ्यो अलमिनोसतिर क्रमशः । म अङ्कल लारीको जिप्नीमा थिएँ । उनकै सुन्दर भान्जी रोजिन इस्पेनोजाको सानिध्यमा गफिँदै थिएँ । उसले यात्रावधिभर मलाई गाइड गर्ने जिम्मा लिई मुस्कुराउँदै । जिप्नी आफनो पूर्ण गतिमा हुइँकिरहेको थियो । फिलिपिन्सका मनोरम ग्रामीण वस्तीहरू, हरियाली बोटवृक्षहरू, लहराइरहेका बालीनालीहरू, बारी र टारीहरू देखिँदै आभेलिँदै गए । म फुरुङ्गिएँ फिलीपिनो गाउँहरूसँगै, म तरङ्गिएँ फिलिपिनो जनजीवनसँगै । परदेश पीडाका लामालामा विरही क्षणहरू बिताएको आफूलाई एकाध मिल्ने यसप्रकारको मन बहलाउने यात्राको सुअवसर जीवनकै रमाइलो क्षण भई स्मृतिमा सुरक्षित रहनेछन् सबै नै । यस्तै बेलामा कताकता आफनो गाउँ र आफनो ठाउँ सजीव भएर आउँदारहेछन् । माटोको मायासँगै, मुटुको धुकधुकीसँगै । यद्यपि, धरती उस्तै र उही छ ।

विभाजन मान्छेले गऱ्यो जाति र राष्ट्रका नाममा । स्वानन्दमा डुबेर यात्राको परमान्नद लिइरहेको मलाई पहाडी भू-दृश्य सुरु भएपछिको मनमोहक सुन्दरताले भ्रस्कायो । "दिस प्लेस इज लाइक माइ कन्ट्री नेपाल ।" मेरो भनाइमा सबैले स्वीकृत जनाए– "रियल्ली लाइक नेपाल ।" दृश्य-परिदृश्यहरू फेरिँदै गए, जिप्नीको कुदाइसँगै भौगोलिक विविधतासँगै हामीहरू बढ्दै रह्यौँ आफ्नो गन्तव्यतर्फ ।

## समुद्र दर्शन

अहा ! एकैछिनमा देखियो समुद्रको मनोरम दृश्य । विशाल समुद्र लम्पसार थियो– अनन्तसम्मै । हाम्रो स्वागतमा उठ्दै र बस्दै गरेका उन्मुक्त

छालसँगै जिस्किँदै थियो । मैले आँखा झिमिक्क नपारी हेरिरहेँ– समुद्रको त्यो मनमोहकतालाई, मधुर मादकतालाई । भौगोलिक भू-बनावटले ठगिएर भू-परिवेष्ठित बन्नुपरेको पीडा माउन्ट एभरेष्टमात्र पाएर थन्किँदोरहनेछ । छुस्स कतै समुद्रले छोइदिएको मात्र भए... किन यसरी उचालिनुपर्दथ्यो र सिटै छाडेर ? समुद्र देख्दा लाग्ने गौरब मेरा लागि एउटा तीर्थाटन नै बन्ने गर्दछ समुद्र दर्शनको । अन्ततः हामी गन्तव्यस्थलमा पुग्यौँ । साँझ परेथ्यो, हामीले हन्ड्रेड आइल्यान्डको आत्मीय स्वागतलाई स्वीकार्दा । हामी रोकियौँ । हन्ड्रेड आइल्यान्डको स्वागतद्वारमा सम्मुख विशाल समुद्र सुसाउँदै थियो । क्षितिजमा सूर्यास्तका सुनौला किरणहरू समुद्रभित्र विलीन हुन लागेझैँ रोमाञ्चक ।

हेर्दाहेर्दै आँखाअघि नै निले समुद्रदेवले सूर्यको उज्यालो प्रकाशलाई । नजिकैको ढिस्काको छेउमा बसेर सामुद्रिक झोक्काको चिसो हार्दिकतालाई ग्रहण गर्दै मैले पारि क्षितिजमा नियालेँ– चारैतिर समुद्रैसमुद्र थियो । अलि पर हन्ड्रेडआइल्यान्डका हरियाली ढिस्काहरू लोभ्याउँदै थिए पर्यटकहरूलाई । प्रकृति विहारको सुखद अनुभूतिमा म एक्लै टोलाइरहेको थिए । आफूभित्रै हराइरहेको थिएँ समुद्रको ज्वारभाटीय क्रीडासँगै । एउटी स्कूले फुच्ची क्वाथरिनले मेरो ध्यान खलबलाई, नजिकै आएर रोजिन र मलाई देखाउँदै "दिस इज द वेष्ट प्लेस फर हनिमुन ।"

उसले ताली बजाई, सबैले साथ दिए उसको तालीलाई । मैले हेरेँ– हाइस्कूलमा पढ्दै गरेकी क्याथरिनको उमेर पन्ध्र थियो होला । मैले समुस्कान जवाफ फर्काएँ सबैलाई, "'उइ उइल कम एगेन फर..." तथापि मेरो मन आतङ्कित थियो मनमनै, आफ्नो सम्भाव्य हनिमुनस्थल सम्झेर ।

त्यस दिन झमक्क रात परिसकेको थियो । बस्ने, खाने बन्दोवस्तका लागि टोलीका प्रमुखहरू लागिसकेका थिए । समुद्रकै किनारमा टुरिस्ट होटलहरू बग्रेल्ती देखिन्थे । हाम्रो टोली ठूलै भएकाले समुद्रको मनोरम तटमै जोडिएको 'भिल्ला गिलाग्रोसा पेन्सन हाउस' नामक अपार्टमेन्टमा बसियो त्यस रात । झ्यालबाट देखिने रात्रिकालीन नील महासमुद्रको मनोहारी दृश्य लोभलाग्दो थियो । सबैले क्याम्पफायरिङ गऱ्यौँ समुद्र किनारमै, बियरका बोतलहरू फोडिए, बार्बेक्यु सुरु भो । मीठामीठा गफहरू, बियरका चिसा चुस्कीहरू, दाजुभाइ-दिदीबैनीहरू, भान्जा-भान्जी, भतिजा-भतिजी... सबैको पारिवारिक महामेल थियो त्यो । फिलिपिनो समाजमा पाइने नमुना पारिवारिक आत्मीयता । कस्तो मिलेका स्वजनहरू । कसैमा आपसी रीस, राग, द्वेष, अहङ्कार र अभिमानको क्लेसमात्र पनि देखिँदैन तिनीहरूको मिलनमा– अनुहारको कान्तिले बताइरहेछ । म थोरै

द्रवित भएछु– नेपाली समाजमा हुर्कँदै गएको पारिवारिक वेमेल र विसङ्गतिका कुण्ठाहरू सम्झेर । खोइ ! हामीले सिकेको ढुक्कसँग मिलेर बस्न, हाँसेर जिउन ? पारिवारिक मेल, पारिवारिक प्रेम र सद्भाव, आपसी सत्कारको खाँचो टड्कारो देखिन्छ हामीले सुधार्नुपर्ने ।

## हन्ड्रेड आइल्यान्ड

फिलिपिन्सको राजधानी मनिलाबाट २४० कि.मी. उत्तरपट्टि पाङ्गासिनान स्टेटको अलमिनस सिटीमा रहेको यो विश्वप्रसिद्ध हन्ड्रेड आइल्यान्ड नेसनल पार्क हो । यसमा १२३ आइल्यान्डहरू रहेका छन् । दुई मिलियन वर्षअगाडि बनेको जनविश्वास रहेको यो विश्वकै मनोरम पर्यटकीय क्षेत्र हो । यो संरक्षित एरिया १६.७६ वर्ग किलोमिटरमा फैलिएको छ । यसमध्ये चिल्ड्रेन आइल्यान्ड, कोइजेन आइल्यान्ड र गभर्नर आइल्यान्डमा मात्र जान दिइन्छ पर्यटकहरूलाई । सबै खुला गर्दा सामुद्रिक जीवजन्तु र त्यो वरिपरिका पर्यावरणीय जैविक विविधतामा आउने सङ्कटका बारेमा फिलिपिन्स सतर्क भएको देखिन्छ । यो प्रोटेक्टेड क्षेत्रलाई जोगाएर राख्ने तरिका हो ।

भोलिपल्ट अठार जनवरीको प्रभाती शीतलतासँगै हाम्रो टोली समुद्रको मध्यवर्तीमा रहेको टापुहरूको आकर्षक समूह हन्ड्रेड आइल्यान्डका लागि प्रस्थान गर्‍यो । हाम्रो टोलीमा केटाकेटीहरूसमेत धेरै नै भएकाले हामीले हण्ड्रडे आइल्यान्डमध्येको चिल्ड्रेन आइल्यान्ड रोज्यौँ सुरक्षाका दृष्टिले । त्यहाँका विभिन्न टापुहरूलाई विविध नामकरण गरिएको रहेछ । टापुहरूसम्म पुग्नका लागि मोटरबोट चढ्नुपर्ने पन्ध्र-पन्ध्र जनाका दरले । खानपिनको सरसमानसहित सबै मिलाउँदा कूल तीनवटा मोटरबोटमा बाँडियो हाम्रो टोली । एक घण्टा लगाएर जानुपर्ने टापुहरूमा, समुद्रको बीचमा । कताकता रमाइलोभित्र नरमाइलो लाग्ने, भय सामुद्रिक यात्राको । हाम्रो बोटमा चढ्नेबित्तिकै सबैले “सेभ द गड !” भन्दै भगवान्को नाम लिए । हजुरआमा बूढीले लामो प्रार्थना गरिन्, “जिसस इज माइ अङ्कल” भन्दै । हेरिरहेको म मनमनै दोहोर्‍याउँदै थिएँ– पिताजीका श्लोकहरूको स्मृतिसँगै “मङ्गलम् भगवान् विष्णु मङ्गलम् गरुडध्वजः मङ्गलम् पुण्डरीकाक्षः मङ्गलाय तनोहरिः ।” के आस्तिक, के नास्तिक अप्ठेरो र दुःखमा सबैले सम्झने एउटै नाम भगवान् रहेछ– भलै कसैले त्यसलाई जिसस नामले पुकारोस्, कसैले विष्णु, कसैले बुद्ध, कसैले मोहम्मद, कसैले अन्य कुनै नामबाट नै किन नपुकारोस् । भगवान् एकै रूपका बहुनाम मात्रै हुन् । भौगोलिक विविधाताका सञ्जालहरूले तिनलाई फरक बनाएका मात्र हुन । मोटरबोट कुद्यो

बिस्तारै आफ्नै गतिमा । सलल पानीमाथिको हाम्रो यात्रा । शान्त समुद्रमाथिको आह्लादकारी हाम्रो महायात्रा । पर टल्कँदै गरेका सूर्योदयका सुनौला किरणहरू, नील महासमुद्रमा चम्कँदै गरेका जलतरङ्गहरू, हन्ड्रेड आइल्यान्डका मोहिनी ढिस्काहरू ! आश्चर्य र खुशीले फुरुङ्ग परेको म । प्रकृतिको अनुकम्पा अपरम्पार छ । यद्यपि, समुद्रको बीचमा एकाध स-साना टापुहरू, स-साना हिमशृङ्खलाहरू हुनु स्वयम्मा आश्चर्यको विषय थिएन तर फिलिपिनो समुद्रलाई प्राप्त संसारमै अद्भुत उपमाका रूपमा रहेका एकसयवटा टापुहरू वरिपरि क्रमशः एउटा सिद्वहस्त कलाकारले क्यानभासमा उतारेको सामुद्रिक चित्रकृतिझैँ प्रतीत हुन्थे । प्राकृतिक वरदानको ज्वलन्त नमुना बनेर सन् १८५७ देखि पर्यटकहरूलाई लोभ्याइरहेको छ फिलिपिन्सको हन्ड्रेड आइल्यान्ड सामुद्रिक स्वर्ग बनेर ।

## चिल्ड्रेन आइल्यान्ड

सामुन्द्रिक यात्राको मध्यवर्तीतिर हामी लम्किरहेका थियौँ । हाम्रो लक्ष्य थियो चिल्ड्रेन आइल्यान्ड । रोजिनले चिच्याएर सोधी, “रामु, डिड यु वाच द मुभी टाइटानिक ?” म झस्किएँ टाइटानिक शब्दसँगै । मनभित्र डर लागेर आयो । टाइटनिकको फिल्मी दृश्यले भन्दा पनि भर्खर फिलिपिन्समै भएको साउथ कोरियानामक पानीजहाजको सामुद्रिक दुर्घटना र त्यसमा यात्रा गरिरहेका छ जना नेपाली मेडिकल विद्यार्थीहरूको दुःखान्त अवसानको दुर्भाग्यपूर्ण समाचार फनन्न घुमेर आयो सम्झनामा । आमाले नेपालबाट उड्ने बेलामा त्रिभुवन विमानस्थलको ढोकामा भनेको सम्झेँ, “बाबु, समुद्रतिर पौडन नगए बा !”

जे होस्, हाम्रो यात्रा सुखद र मनोरम रह्यो । अकल्पनीय, अवर्णनीय यात्राको सुखानुभूतिसँगै हामी चिल्ड्रेन आइल्यान्ड आइपुग्यौँ सबैभन्दा पहिले । आहा ! चिल्ड्रेन आइल्यान्ड, त्यहाँ बनाइएका सुन्दर सेडहरू, आरामका लागि कटेजहरू, पकाउने, खाने ठाउँ ।

पौडिनका लागि सफा वालुवायुक्त विच, केटाकेटीका लागि खेल्ने सानो वोट । मनै प्रफुल्ल भएर आयो । लाग्यो– भू-स्वर्ग हो हन्ड्रेड आइल्यान्ड, सामुद्रिक शान्तिमा रात बिताउन चाहनेहरूका लागि । होटलहरू, कटेजहरू बनाइएका रहेछन् हरेक टापुहरूमा । विशेषतः युगल जोडीहरू एकान्त प्रेमालापका लागि त्यहाँ ओइरिने गरेको देखियो । मान्छेलाई कोलाहल, भीड वातावरणीय प्रदूषण, भौतिक सुविधासँग पनि सायद कहिलेकाहीँ वैराग्य लाग्दो हो र प्राकृतिक शान्ति र नीरवतासँग एकाकार हुने प्रवल इच्छा जाग्दो हो । सौभाग्यले मिल्ने यसप्रकारको चित्ताकर्षक यात्राको पलपललाई भरपुर उपयोग गर्‍यो हाम्रो टोलीले । कोही

खाना पकाउन थाले, कोही मासु पोल्दै बियर तन्काउन थाले, कोही पौडन थाले, कोही टोलाउन थाले हन्ड्रेड आइल्यान्डको मोहक माधुरीसँगै । धेरै स्न्यापहरू खर्चिए सम्झनाका लागि । स्विडिस आन्टी क्रिस्टिनाले भिडियोक्यामेरा घुमाइरहिन् दिनभरि नै । बियर र ह्विस्कीको मादकताले मात्तिँदै कति वालुवामा सुते, समुद्रमा पौडे, खुशी र उन्मादले उफ्रिए ।

## यात्राको समाप्ति

जीवनमा पाएको त्यस्तो चरम खुशीको उत्सर्ग टेक्न नपाउँदै आइपुग्यो मोटरबोट फर्काएर लैजान । नचाहेरै पनि, मनले नमानेरै पनि विदा हुनै पर्‍यो हन्ड्रेड आइल्यान्डबाट । फर्किने बेलामा मोटरबोटले अन्य दुईचार वटा रमणीय टापुहरूको परिक्रमा गर्‍यो हाम्रो उत्कट अभिलाषालाई बुझेर । त्यो गभर्नर आइल्यान्ड, त्यो कोरल आइल्यान्ड, ऊ त्यो परको मार्कोस आइल्यान्ड, भर्जिन आइल्यान्ड– हरेक टापुहरूमा पर्यटकहरूको भीड थियो । उत्कट खुशी र चाहनाहरू छचल्किएका थिए सबैमा । हरेक आइल्यान्डका आ-आफ्नै विशेषताहरू रहेछन् । सामुद्रिक क्रीडामा उन्मुक्त देखिन्थे सबै । गभर्नर आइल्यान्ड र भर्जिन आइल्यान्डलाई जिप लाइनिङ्ग भन्ने रोमान्चक खेलले जोडिएको रहेछ । ५५० मिटरको त्यो दूरी जिप लाइनिगमा झुण्डिएर समुद्रको बीचमा रमाइलो गर्नेहरूको घुइँचो देखियो । ओभरनाइट बस्नेहरूका लागि स्पेसल कटेज रहेछन् सेवामा । सिक्रेट केभ, केजेण्ट आइल्यान्ड स्नोर्गल, मोटरबोट, कयाकिङ्ग, ड्राइभिङका लागि प्रख्यात रहेछ नीलो समुद्र । डाइनामाइट फिसिङले गर्दा सामुद्रिक कोरलहरूको जीवन सङ्कटमा आएपछि कोरल आइल्यान्डलाई पर्यटक जान बन्द गरिएको रहेछ । हप्ता दिन बस्दा पनि पुगी नसकिने, घुमी नसकिने यो मायावी आइल्यान्डहरूमा मात्र एक दिनका लागि टप्किएका हामीहरू । समुद्र शान्त थियो । सलल पानीमाथि हाम्रो मनोरम महायात्रा समाप्तिको सङ्घारमा हन्ड्रेड आइल्यान्डलाई विदाइका हातहरू हल्लाउँदै थियौँ हामी– बाइबाइ प्यारो हन्ड्रेड आइल्यान्ड ! बाइबाइ म्यारिन प्याराडाइज !!

■■

गजेन्द्रप्रसाद श्रेष्ठ

# परिवर्तन



"मेरो नाम लालबहादुर हो हजुर ।" मेरो प्रश्न भुइँमा झर्न नपाउँदै चाउरी परेको अनुहारमा मलिनो मुस्कान छर्दै त्यस व्यक्तिले जवाफ दिए । सुकुमबासीको लगत लिन हाम्रो टोली बर्दियाको तारा तालमा सुकुमबासी बस्तीबीचको उक्त झुपडीअगाडिको सानो भाग (आँगन भनौँ) मा तथ्याङ्क सङ्कलन गर्न पुगेका थियौँ । हामीलाई देख्नेबित्तिकै थोत्रा मुढाहरू अगाडि सारिदिएर बस्न अनुरोध गरे । मुढा तानेर बस्दै वरपर आँखा घुमाएँ । एकछिनमै झुपडीबाट झुत्रो लुगा लगाएकी पातली आइमाई थालमा स्टिलका गिलास सजाएर बाहिर निस्की हामीलाई अभिवादन गर्दै चिया अगाडि सारिन् । चियाको चुस्की लिएर प्रश्न सुरु गर्दै झुपडीभित्र छिरेर हेरेँ । सम्पत्तिको नाममा एउटा थोत्रो लुगा सिलाउने मेसिन, खाना पकाउने पुराना भाँडाकुडा, केही टुटेफुटेका सामान र एउटा सानो सन्दुकबाहेक केही थिएन । झुपडीको एक कुनामा खुम्चिएको ओछ्यान बिछ्याइएको खटिया र अर्को कुनामा सानो चुल्हो थियो । त्यहाँको दयनीय अवस्था देखेर उसको विगत जान्न उत्सुकता जाग्यो । के यी व्यक्ति साँच्चिकै सुकुमबासी हुन् त ? यिनको पुर्ख्यौली सम्पत्ति कहाँ गए ? दैव लागेको हो कि ठालुले खाइदिएको हो ? झुपडी बाहिर निस्केर कुराकानीको क्रमलाई अगाडि बढाउदै लगेँ ।

"पूरा नाम के हो नि ?" मैले प्रश्न तेर्स्याएँ । "हजुर, मैले मेरो जात बताएँ भने तपाईँहरू गिलास फुत्त फालेर मेरो तथ्याङ्क नै नलिई हिँड्नुभयो भने मलाई बित्यास पर्दैन ?" उनले प्रतिप्रश्न गर्दै जवाफ फर्काए ।

"किन र, तपाईँको जातमा के छ त्यस्तो ?" मैले फेरि सोधेँ ।

"हामी दलित हौँ, हजुर," उसको जबाफ थियो । अहिलेको जमानामा पनि गाउँतिर जातीय भेदभाव बाँकी नै रहेछ, म सोचमा डुब्न थालेँ । संविधानले उहिले नै गैरकानुनी मानेको छुवाछूत र जातीय भेदभाव गाउँमा जिउँदै रहेछ । हुन त भर्खरै मात्र देशको राजधानीजस्तो ठाउँमा नै दलित भएकै कारण डेराबाट निकालेको समाचार पढेको थिएँ । त्यति वेला कुनै कानुनी कारबाहीको समाचार नै आएन ।

“हामीले तपाईंले दिनुभएको चिया त पिइरहेकै छौँ । अझ खाना पनि खान सक्छौँ ।” वास्तवमा खाना खुवाउने अन्नचाहिँ छ जस्तो लागेन उनीसँग ।

“तपाई कामचाहि के गर्नुहुन्छ नि ?” मैले अर्को प्रश्न गरे ।

“के गर्नु हजुर, मालिकको खेत खनजोत गर्ने, दयाले दिएको अन्नपातले गुजारा गर्ने हो ।”

“अनि यो मेसिन ?”

“फुर्सदमा मालिकहरूकै कपडा सिलाइदिएर दयाले दिएको थाप्ने हो हजुर ।”

गरीब जनताको जीवनस्तर उकास्नका लागि प्रजातन्त्रको नाममा पटकपटक सङ्घर्ष भए । कैयौँ नेपालीका सन्तानले बलिदान दिए । त्यतिले पुगेन, जातीय उत्पीडनको नाममा जनयुद्ध छेडिए । सयौँ नेपालीका छोराछोरीले ज्यानको आहुति दिए । तर, जनयुद्धको अग्रपङ्क्तिमा रहेर परिवर्तनका लागि काम गर्ने गरीब, दलितको अवस्थामा भने अझै आमूल परिवर्तन आउन सकेन । ती गरीब र दलितहरूले के पाए त आज ? गणतान्त्रिक नेपालमा यिनीहरूको हालत देखेर मलाई प्रजातन्त्र अनि गणतन्त्रको परिभाषा बुझ्न कठिन भयो ? नेपालमा कस्तो गणतन्त्र आएको हो र कस्तो प्रजातन्त्र आएको हो ठम्याउनै सकिनँ ।

“उमेर कति भयो नि?”

“पचास वर्षमा टेकेँ हजुर,” उनको अनुहारको चाउरिपना र उमेरमा अलि तालमेल नमिलेजस्तो लागेर सोधिहाले, “ढाँटेको त हैन नि ?”

“यी, हेर्नुस् हजुर नागरिकता,” पुरानो च्यातिनै लागेको नागरिकता मेरो हातमा थमाउँदै उनले थपे, “मेरो घर बैतडीको सुर्नाया गाउँमा थियो । सोह्र वर्ष पुग्नेबित्तिकै कामका लागि भारत जान भनेर बुबाले बनाइदिनुभएको ।” उनले विगतलाई कोट्याउँदै गए । नागरिकता बनाएलगतै करिब तीन वर्षजति भारतमा मजदुरी गरी गाउँ फर्केर छिमेकी गाउँकी चेलीसँग बिहे गरेपछि गाउँमै पुर्ख्यौली पेशामा रमाउन थाले । गाउँमा केही पुर्ख्यौली जग्गाजमिन थियो । तिनै सम्पत्तिमा रमाउँदै जिन्दगीका सुखदुःख परिवारका साथ बाँडेर जिन्दगीको गाडी आफ्नै रफ्तारमा गुड्दै थियो । दिनहरू बित्दै जाँदा परिवारको सङ्ख्या पनि बढ्दै गए । दुईबाट तीनहुँदै केही वर्षमा पाँच जनाको परिवार भयो । दुई छोरा र एक छोरी हुर्काउन उनले त्यही खेत अनि पुर्ख्यौली पेशामा परिवारको साथ लिई जेनतेन गुजारा चलाउँदै गएँ । केटाकेटी गाउँकै विद्यालयमा पढ्थे । समयसँगसँगै हुर्कँदै गएका केटाकेटीहरूले घरको काममा साथ दिएपछि उनलाई केही राहत मिलिरहेको थियो ।

देशमा माओवादी जनयुद्ध चर्किंदै गइरहेको थियो । त्यसको असर बिचरा लालबहादुरलाई पनि पऱ्यो । दुःखसुख सानो परिवारमा रमाइरहेका उनलाई कहिले माओवादी त कहिले सैनिक तथा पुलिसबाट दैनिक पीडा भोल्नुपऱ्यो । कहिले माओवादी जत्थाले सरकारी सुराकीको आरोपमा त कहिले पुलिस अनि सैनिकले माओवादी सुराकीको आरोपमा शारीरिक तथा मानसिक यातना दिएर जान्थे । मानौँ– उसको यातना सहने दैनिकी नै बन्यो । आफ्नै परिवार धान्न गाह्रो बेला माओवादीको गाँस र बासको माग पूरा गर्नुपर्ने बाध्यता त छँदै थियो । गाउँमा माओवादीको व्यापक चहलपहलले गर्दा केटाकेटीहरूको पढाइ लथालिङ्ग भइरहेको थियो । गाउँकै विद्यालयमा माओवादीका विभिन्न क्रियाकलाप गर्ने, बुर्जुवा शिक्षाको नाम दिएर पढाइ बहिष्कार गराउने, भर्खरका तन्नेरी केटाकेटीहरूलाई जनयुद्धमा प्रेरित गराएर सँगै लिएर जाने हुँदा गाउँमा एक किसिमको आतङ्क नै थियो । गाउँका सबै परिवारहरू आफ्ना बालबच्चा भाँडिएलान् भन्ने पिर बोकेर दिन काटिरहेका थिए । त्यसैले त लालबहादुर स्कूल गएका केटाकेटीहरू साँझ घर नफर्कुन्जेल चिन्तामा डुबिरहन्थे ।

एक साँझ अबेरसम्म पनि जेठो छोरा रमेश घर नफर्केपछि लालबहादुरका मनमा अनेक कुरा खेल्न थाल्यो । इन्तु न चिन्तु भएर छोरा खोज्न गाउँ चहार्न थाले । कहीँ नभेटेर निन्याउरो मुख लगाउँदै हिँडिरहेका उनले घरअगाडि बाटोमा विनयलाई भेटे । "तैँले रमेशलाई देखिस्," हत्त न पत्त सोधिहाले ।

"अँ काका अघि दिउँसो माओवादीका पछि लागेर हिँडिरहेको देख्या थिएँ, सोध्दा म पनि जाने हो भन्थ्यो," विनयले एकै सासमा जवाफ दिए ।

"थुइक्क कुकुर !" भन्दै उनी थुचुक्क भुइँमा बसे । फेरि जुरुक्क उठेर विनयलाई सोधे, "तँलाई जान मन लागेन त ?"

"बाले नजा भन्नुभाथ्यो त्यसैले," भन्दै विनय आफ्नो बाटो लाग्यो । मनमनै छोरालाई गाली गर्दै उनी पनि घरतिर लागे ।

"छोरा भेटिएन ?" आँगनमै सुन्तलीले सोधी । "माओवादीको झण्डा बोकेर गयो बजिया ।" अँध्यारो मुख लगाएर रिस मिसिएको स्वरमा भने ।

"लौ न बित्यास पऱ्यो नि !" रुन्चे स्वरमा उनी फतफताउन थालिन् । "माओवादीमा लागेपछि मरिन्छ कि बाँचिन्छ थाहा हुन्न भन्छन् । यो के आपत आइलाग्यो नि हाम्लाई ! कमाइखाने बेलाको छोराले के गरेको होला यस्तो ?"

"चुप लाग बूढी । अब चिन्ता गरेर के गर्छेस् एक वचन पनि नसोधी हिँड्ने त्यस्ता बजियाको लागि !" आफ्नो मनलाई भारी बनाई सुन्तलीलाई सम्झाउन थाले ।

रमेशले घर छोडेर हिँडेको दिनदेखि गाउँमा प्रहरी र सैनिकको आतङ्क झन् बढ्न थाल्यो । उसको घरमा सैनिक र प्रहरी आएर नधम्काएको दिनै भएन । कहिलेकाहीँ त धम्कीमात्र हैन, लाठी पनि बर्साएर जान्थे । एकातिर छोरा हिँडेको पिर, अर्कोतिर सरकारी दमनको शिकार । बिचरा, लालबहादुरको परिवारलाई हाँस्नु न रुनु बनाइदियो त्यो माओवादी जनयुद्धले । अनि, माओवादी भीडन्तको समाचारले थपिने चिन्ता छँदै छ । त्यसपछिका दिनहरू छोराका खबरहरू हल्लाका भर भए उनलाई–

"रमेश रामेछापमा छ रे !"

"धादिङको भीडन्तमा दाहिने हातमा गोली लग्यो रे !"

"चितवनमा झन्डैले सेनाको गोली लागेर मरेको रे !"

"डोल्पामा क्षत्रिनीसित जनवादी विवाह गऱ्यो रे !" आदि आदि रे का समाचार नै वर्षौंसम्म उनको परिवारलाई रमेशको खबर बनिरह्यो ।

अलि दिनदेखि गाउँमा सैनिक, प्रहरीको चहलपहलमा कमी आएको देखेर माओवादी जनयुद्ध त्यागेर वार्तामा आयो रे भन्ने समाचारमा लालबहादुर विश्वस्त भए । मन हलुको बनाई सुन्तलीलाई सम्झाउन थाले, "हेर बूढी, अब चैँ छोरा घर फर्किन्छ कि ?" कुरा सुनेर बूढीको अनुहारमा केही चमक आयो । "बिहे गरिसके रे, बुहारी पनि लिएर आउने होला । फेरि माथिल्लो जातकी रे ! गाउँलेले कुरा पो काट्ने हुन् कि ?" लालबहादुरले पिर लिँदै सुनाए ।

"गाउँलेले जेसुकै भनून् । अहिलेसम्म यी गाउलेले के गरेका थिए र हामीलाई ? छोरो माओवादीमा लागेको भनेर कति सुनाउने गर्थे," बूढीले मुख बिगार्दै भनी ।

"कुरा त तेरो सही नै हो," लालबहादुरले सही थप्दै भने, "ठिकै छ नि त, छोरा आएर बस्न माने भने बारीको पाटामा एउटा कोठा निकाल्नुपर्ला ।" लालबहादुरका बूढाबूढी गन्थन सकेर आ–आफ्नो कामतिर लागे ।

दिन, हप्ता गर्दै महिना बितेपछि पनि रमेशको केही खबर आएन । अब लालबहादुरको परिवारमा चिन्ता बढ्न थाल्यो । कतै द्वन्द्वमा छोरा त मारिएन ? कि छोरा भारततिर पसे ? आदिआदि अनेक कुराहरूको शङ्का उत्पन्न भयो । एक साँझ लालबहादुर बाटोतिर आँखा बिछ्याउँदै आँगनमा बसिरहेको बेला अचानक दैलोमै भर्खरका जोडी आइपुगेको देखेर नियालेर हेरे । अनुहार चिनिसकेपछि खुशी हुँदै चिच्याए, "ए बूढी ! बाहिर आइज त, को आइपुगे हाम्रो घरमा ?" बतासिएर बाहिर आइ सुन्तलीले जोडीलाई नियाले । वर्षौंपछि छोराको मुख देखेर उनको आखामा हर्षको आँसु छचल्कियो ।

"यिनी तपाईंहरूकी बुहारी" सङ्गीतालाई देखाउँदै रमेश बोले । दैलामै ढोगभेट सकाएर बुहारीलाई समाउँदै सुन्तली घरभित्र छिरिन् । सँगसँगै अरू पनि छिरे । त्यो रात अबेरसम्म सबै परिवार रमेश र सङ्गीताको जनयुद्धका अनुभवहरू सुनेर बसिरहे । करिब महिना दिनजतिको बसाइपछि रमेश र सङ्गीता माओवादी सेना समायोजनको हल्लाले घरबाट हिँडे ।

छोराबुहारीले जागिर खाए आफुलाई केही भरथेग हुने आशामा लालबहादुरले खुशी हुँदै आशीर्वाद दिएर पठाए । तर, अलि समयपछि नै उनको आशामा तुषारापात भयो । रमेश समायोजनमा अयोग्य भई विदेश जाने सोच लिएर रकमको जोरजाम गर्न घर फर्के ।

"बुहारी खै त छोरा ?" सुन्तलीले सोधी ।

"सन्चो नभएकोले उतै डेरामा छोडेर आएँ ।" रमेशले ढाँटेर जवाफ दिए । वास्तवमा सङ्गीता सन्चो नभएकी हैन । ऊ त घर फर्कन नचाहेकी मात्रै हो ।

"बिचरा बिमार बुहारीलाई एक्लै छोडेर आउने हो त ।" लालबहादुरले गाली भरिएको स्वरमा भने ।

"खासै साह्रै बिमार हैन । औषधि पनि खाँदै छ, ठिक भैहाल्छ । म पनि धेरै दिन अलमलिन्नँ होला । हामी समायोजनमा नपरेकोले विदेश जाऊँ कि भनेर सल्लाह लिनमात्र आएको हुँ ।" रमेश बोल्दाबोल्दै रोकिए ।

"ठिकै छ नि त, तिम्रो त्यस्तै इच्छा भए जाऊ न त । हामीले के भन्ने र खै ?"

"हैन, विदेश जानलाई पैसा पनि त चाहियो नि, त्यसैले बारीको टुक्रा बेचेर अलिअलि जोरजाम गर्दिनुहुन्छ कि भनेर ।" कपाल कन्याउँदै रमेशले कुरा खोले ।

"पुर्ख्यौली जमिन बेचेर हामी चै कहाँ बस्न जाने नि ?" लालबहादुर कड्किए ।

"मैले सबै जमिन बेच्ने भनेको हैन नि !" रमेशले सम्झाउन कोसिस गरे । विदेशमा गई कमाएको धनले शहरमा जमिन जोडिदिन आश्वस्त पारेर बारी बेच्न राजी गराए । रकम हात परेको भोलिपल्ट नै शहर पसेका रमेशको त्यसपछि फेरि घर परिवारसँग दोहोरो वार्तालाप भएन ।

लालबहादुरका बूढाबूढी कान्छो छोरा र छोरीको मुख हेरेर चित बुझाउँदै दिनहरू बिताउन थाले । छोरीको एस.एल.सी. सकिनेबित्तिकै छिमेकी गाउँमा अन्माएर पठाइदिए । त्यसको अलिक वर्षपछाडि कान्छो छोरा दिनेश पनि एस.एल.सी. सकेर कामको खोजीमा भारत गएपछि त्यो घरमा बूढाबूढीमात्रै बाँकी रहे । छोराहरू ठूला

भई तिनका कमाइ खाउँला, नातिनातिना खेलाउँदै बूढ्यौली कटाउने रहर सपनामै सीमित भए । दिनेश पनि घरजम गरेर शहरमै हराएपछि बूढाबूढीलाई दश नङ्ग्रा नखियाई धरै भएन । परिस्थिति जेजस्तो भए नि बूढाबूढी सुखदुःख बाँडेर जेनतेन गुजारा गर्दै गए । विकासका नाउँमा आँगनछेउ खनिएको बाटोले गर्दा आफ्नो बारी मूल्यवान् भएकोमा सबै दुःख बिर्सेर लालबहादुर दङ्ग थिए । त्यो खुशीले पनि उसलाई धेरै दिन साथ दिएन । प्रजातन्त्रको पुनर्स्थापनापछिका दिनहरूमा गाउँगाउँ छिचोलेर कहलिएका नेताहरूले विकासको नाम दिँदै जथाभावी डोजर लगाई बाटाहरू खनिए । विनाअध्ययनको यस्ता विकासे बाटोले गाउँलेले सुखभन्दा दुःख धेरै पाए । प्रकृतिमाथिको अनावश्यक शोषण गरी गरिएका यस्ता विकासे कार्यक्रमले विकास भन्दाबढी विनासहरू निम्त्याएका छन् । त्यस्तै विनासको शिकारमा लालबहादुर पनि परे । आँगनछेउको त्यै विकासे बाटोको कारण पहिरो आई लालबहादुरलगायत थुप्रै गाउँलेको घरजग्गा सोत्तर बनाइदिएर उठिबास लगाइदियो । ज्यान जोगाएर बचेखुचेका गतिला सामानहरू पोका पारी बासको खोजी गर्दै बर्दियाको यस गाउँमा पुगेर आजसम्म यी बूढाबूढीले दुःखजिलो दिन बिताउँदै आएका रहेछन् ।

उनका विगत सुनेर बसेका हामीलाई चलचित्रको कहानी सुनेझैँ लागिरहेको थियो । आफ्ना विगत सुनाइसक्दा लालबहादुरका आँखा धेरै पटक रसाएका थिए । उसको कुरा टुङ्गिएपछि भारी मन लिएर ऊसँग विदा लिई देशमा आएको परिवर्तनको मनमनै समीक्षा गर्दै अर्को सुकुमवासीको तथ्याङ्क लिन पाइला अगाडि लम्कायौँ ।

■■

*आयोजना विकास विभाग, ने.वि.प्रा.*

अरुणबहादुर खत्री 'नदी'

# रातकी रानी (उपन्यास)



नेपाली उपन्यासको फाँटमा बाबा बस्नेत देखापरेकी छिन् । रातकी रानी नामको औपन्यासिक कृति प्रकाशित गरेकी उनको यसअघि नौवटा कृतिहरू प्रकाशित भएको देखिन्छ । बाबा बस्नेत कविता, गीत, नाटक र कथा विधामा समेत रुचि राख्ने स्रष्टा हुन् । उपन्यास-लेखन समकालीन नेपाली साहित्यको लोकप्रिय विधा बनेको छ । धेरैले पढ्न रुचाउँछन् उपन्यास । धेरैले पढ्न रुचाउने विधा भएकाले केही वर्षयता थुप्रै औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । साहित्यको बजार नै उपन्यासले तताएको छ भन्दा अत्युक्ति नहोला । यसो भन्नुको आशय यो हैन कि अन्य विधाले हामीलाई तताएका छैनन् । लेखकहरूले उपन्यास लेख्न रुचाएका छन् । २०६६ सालमा बाबा बस्नेत रातकी रानी नामक उपन्यास निकाल्न सफल भएकी छिन् ।

प्रस्तुत उपन्यासले मुख्य रूपमा सामाजिक यथार्थलाई कथानकको आधारभूमि बनाएको भए पनि यसले विशेष गरी संवेदना, नारी जीवनका जटिलता, नारीहरूले सहँदै आएका उत्पीडन र जीवन भोगाइका क्रममा उनीहरूले गरेका कठोर सङ्घर्षलाई केन्द्र बनाएर लेखिएको छ । यस उपन्यासभित्र एकाउन्न वटा परिच्छेद राखिएका छन् । प्रस्तुत उपन्यास सामाजिक यथार्थमा आधारित उपन्यास हो । उनी यथार्थको सूक्ष्म द्रष्टाका रूपमा उपस्थित भएकी छन् । यस उपन्यासमा सबभन्दा महत्त्वपूर्ण कुरा हो प्रेम र यौनजन्य मानवीय सम्बन्धहरूको चित्रण र त्यसको सेरोफेरोमा सम्भ्रान्त र मध्यमवर्गीय समाजको अवस्था वर्णन । नेपाली समाज अहिले पनि उच्चवर्गीय सामन्ती प्रवृत्ति र मध्यम-निम्न मध्यमवर्गीय महत्त्वाकाङ्क्षा र विवशताका द्वन्द्वहरूमा नै आधारित छ । बाबा बस्नेतले यी वर्गीय समाजका मानवीय द्वन्द्वहरूलाई इमानदारीतापूर्वक वर्णन गर्न धेरै हदसम्म सफलता प्राप्त गरेकी छिन् । यस उपन्यासमा 'उनको मौनताले मलाई दोषी सावित गर्न खोजेको हो भन्ने पनि सम्झिन्छु' भनिएको छ । कारण मैले बिहे अर्कैसित गर्न लागेकी थिएँ उनलाई धोका दिएर । मलाई समुद्रको छाल औधी मन पर्छ... म छालतिर गएँ है, तिमीहरू के गर्छौ ? एउटा हातले सुरुवाल अर्को हातले

कपडा स्याहार्दै छालतर्फ जाँदै भन्छे सारा– यस उपन्यासमा लेखिएको छ ।




लेखनमा उनीभित्रको व्यक्तित्व बोलिराखेको हुन्छ । उसको मानवीय पक्ष बोलिराखेको हुन्छ। पुरुषको आन्तरिक विशेषतालाई झल्काउन सक्ने मनोवैज्ञानिक लेखनखुबी भएकी बाबा बस्नेतको यो उपन्यास पढ्दा आनन्द मिल्छ । अन्धकार गहिरिएपछि छालहरू शान्त हुन्छन् । हामी शान्त हुन्छौँ । ममा यथास्थितिको बोध हुन्छ । चिसो हावाको झोँकाले हान्छ मलाई– उपन्यासकारले लेखेकी छिन् । जीवनमै कहिले नगरेको शङ्कास्पद चियो गर्ने कार्यले मलाई अपराधबोधको महसुस गराइरहेको छ । तैपनि म आज मेरो, मैले नभोगेको लोग्नेको जासुसी गर्न लागिरहेकी छु– उपन्यासमा बाबाले लेखेकी छिन् । आफूलाई कुनै पनि ठोस कामद्वारा प्रयोगशील तुल्याई समाजमा उभ्याउन चाहन्छिन् बाबा बस्नेत । उनको यो इच्छासित सहमत भएर मुवाहजुरले योगसाधनाको कोर्स पूरा गर्न लगाइबक्स्यो रे । 'पोखराबाट फर्किनासाथ मैले निरन्तर योगा सिक्न थालेँ' भनिएको छ । 'वर्षेझरी मलाई मोहित तुल्याउने एउटा माध्यम हो । सानी हुँदा पानी परेको थाहा पाउनासाथ आँगनमा उभिएर बेस्सरी रुझ्ने गर्थें' पनि भनिएको छ । आँखा चिम्लेर झरीमा फनफन्ती घुम्दै रुझ्दा खै के आनन्द पाउँथेँ कुन्नि ! पत्नीको कुरोमाथि मूर्ख पति विश्वास राख्छ र राति आमाको चियो गरेर बस्छ । जबजब निद्रा लाग्दैन, त्यतिखेर आमाचाहिँ ब्युँझेर धुमधुमती बसी ईश्वरको नाम लिँदिरहिछन् भनिएको छ । सपनाझैँ लाग्छ दृश्य । आश्चर्यचकित हुँदै ओसिन च्याप्प मेरो हात समाउँछिन्– उपन्यासमा लेखिएको छ ।

यस उपन्यासको अन्तमा– माथि आकाशमा कतैकतै धुम्म परेको कालो बादलले अस्तित्व जमाइरहेको छ, केही क्षणमा नै बादल फाट्न थाल्छ । हेर्दाहेर्दै ताराहरूलाई बादलले छोप्छ र सर्वत्र अन्धकार छाउँछ । निस्पट्ट अन्धकार ।

अन्तत रातको चकमन्नता उधार्दै पानीका बलिन्द्रधारा वर्षा भएर धरतीमा ओइरिन थाल्छन् भनिएको छ ।

समग्रमा यो उपन्यास राम्रै छ । सबैभन्दा लेखकको मजबुत पक्ष भनेको एउटा विषयको घाँटी अँठ्याएपछि अन्त्यसम्म पनि घाँटी नछोडी उपन्यासलाई टुङ्ग्याउनु हो । यो विशेषता थोरैमात्र साहित्यकारमा पाइन्छ । प्रायः साहित्यकार हरूले कथावस्तुलाई घुमाएर वा सान्दर्भिकभन्दा भिन्न कुरा लेखेर पुस्तकको पृष्ठ बढाउनमा केन्द्रित भएका हुन्छन् । उपन्यासका शब्दहरू सरल, सहज र अत्यन्त व्यावहारिक भएकोले जुनसुकै हैसियतका पाठकले पनि बुझ्न सक्ने र पचाउन सक्ने खालका छन् । उपन्यासका सकारात्मक पात्रहरू, जो उपन्यासमा समेटिएका छन्, ती सुरुदेखि अन्तसम्म कुतूहलता जन्माउन सफलमात्र नभएर एउटा पात्रले अर्को पात्रसामु सानो भएकोले मर्यादाका सुकुमार शब्दहरू पस्केर आदरपूर्वक सम्मान दर्शाउनु अर्को सफल पक्ष मान्न सकिन्छ । भाषाको सरल, स्पष्ट र रोचक शैलीले यो उपन्यास निकै राम्रो मान्नैपर्छ ।

यसका पात्रहरू सबै नेपाली जनजीवनका वास्तविक पात्रहरूका रूपमा उभिन सफल भएका छन् । उपन्यासको केही कमजोरीहरू हटाएर भन्नुपर्दा 'रातकी रानी' समाजका अन्तरसम्बन्धहरू र संरचनाहरूको सटिक प्रतिविम्बन गर्न सफल छ । आधुनिक नेपाली उपन्यासको आरम्भ नै रुद्रराज पाण्डेको 'रूपमती' उपन्यासबाट भएको हो । रूपमतीले अघि सारेको आदर्शउन्मुख यथार्थवादी औपन्यासिक चिन्तन–धारालाई 'रातकी रानी'ले प्रष्टसँग पछ्याएको अनुभूत हुन्छ । अन्त्यमा उपन्यासकार बाबा बस्नेतको कलमले नेपाली समाजका अन्य अँध्यारा पक्षको अनुशीलन गर्दै नयाँ कृतिहरू जन्मन सकोस् भन्ने अपेक्षा राख्दछु ।

■■

*सामाखुशी मार्ग, काठमाडौँ*

# विद्युत्कर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति -२०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव- कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा, मञ्जुलाल श्रेष्ठ, दीपक दहाल, कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले, चण्डिका रायमाझी, शिशिर थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौँ निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छेटौँ एवम् वर्तमान कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२
शारदादेवी भट्टराई ९८४४७८८३२

# विद्युत्कर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

### संरक्षक:

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक:

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर गःसी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं ९८६५२२६९
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमील्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी- ९८४१६८१४७५
४. शान्ता सुवेदी- ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा- ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा- ९८५१०१८८४४
८. देवराज प्रसाईं- ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती- ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे- ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी- ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल- ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान- ९८५११०६१०७
१५. कौशल भट्टराई- ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल- ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा- ९८४१४११६४४
२१. मातृका बजिमय- ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा- ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य- ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली-
२७. केशवराज पन्त-

२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली- ९८४२०२७७५६
३२. विन्दु शर्मा- ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य- ९८५१०५४३६०
३४. हरिहरमान पालिखे-
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान- ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल- ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक- ९८४१२७८६५८
४०. सरोज अर्याल- ९८४६०८८२३१
४१. यादवराज घले- ९८४१३६१६९६
४२. उषा सिंह- ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल- ९८४१८३५६८५
४६. राजु शर्मा- ९८४१४२६४६२
४७. रीता खनाल- ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई- ९८४९३६५९९७
४९. सुभाष दाहाल- ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरुदप्रसाद यादव- ९८४१५०२३५८
५५. हरिकृष्ण शाह- ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय- ९८४१३९०१९३
५७. दीपक दाहाल- ९८४९१७४७९९
५८. आर.आर. चौलागाई- ९८४५३५१०००
५९. कृष्णहरि दाहाल- ९८५११९९००२
६०. गोसाईं के.सी.- ९८५१०१२२५३
६१. मधुकर थापा-
६२. ओमप्रकाश घिमिरे- ९८४१६३५९१९
६३. सुजाता थापा- ९८४१३८९४३१
६४. दीपकराज आचार्य-
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण- ९८४१२३४३५३
६७. उमा घिमिरे- ९८४१९३२५४२
६८. रीता खनाल- ९८४१६०२१७२
६९. समीरा नेपाल-
७०. दीपक ढकाल- ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पने रु- ९८४१८१८२५७
७३. प्यारु राणा- ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी- ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल- ९८५११९०६७५
७९. कोमल कौशिक- ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने- ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी- ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल- ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित- ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी.- ९८४१४०२७३५
८६. चण्डिका रायमाझी- ९७४१०१८८३४
८७. मनोरञ्जन मल्लठकुरी- ९८४१४०२८३६
८८. तारादत्त भट्ट- ९८५११३५३९२
८९. शारदा पराजुली- ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट- ९८४८०२४९६५
९१. कपिलदेव महतो- ९८४१२७२७६६
९२. थर्कबहादुर थापा- ९८४१२२४९३९
९३. इन्दिरा पौडेल-
९४. शारदादेवी भट्टराई- ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०

९६. टीकाराज कार्की– ९८५१०६९५६८
९७. प्रकाश आचार्य– ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान– ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना– ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल– ९८४१५४८३९३
१०१. शिव राई– ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी– ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई– ९८४१२२८४५९
१०४. सुशीला लामा– ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ– ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती– ९८५१०३६७७६
१०७. चूडामणि आचार्य– ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम– ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल– ९८४१४०४७४७
११०. अङ्ग खड्का ‘अनुप’– ९८४९४४७४८९
१११. बलराम पुडासैनी– ९८४१४०५००७
११२. केदारराज सिलवाल– ९८५१०९४४५९
११३. भरतकुमार खड्का– ९८५१०३४६७५
११४. भोला शर्मा– ९८४१३३७७७२
११५. उर्मिला शर्मा– ९८४१०५५९५८
११६. चेवन काफ्ले–
११७. मुकुन्दप्रसाद प्रसाईं– ९८४३०५१४५०
११८. बलराम चौलागाई– ९८४९२३५४९६
११९. मनोज सिंह– ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल– ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ–
१२२. कृष्णकान्त पण्डित– ९८४१७६२९४०
१२३. देवीमाया दाहाल– ९८४१३३३७९४
१२४. निर्मला सुवेदी– ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने– ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी– ९८५११८८२५४
१२७. देवराज घिमिरे–
१२८. बोधनाथ रिमाल– ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल– ९८४१५४८३७८
१३०. कल्पना कोइराला– ९८४१८०३२००
१३१. थीरकुमार खत्री– ९८४१५७०९२२
१३२. सोमराज शाह– ९८४१०२७९२७
१३३. सङ्गीता कार्की– ९८४१७४९३४९
१३४. शोभा थापा– ९८४१८६५९०४
१३५. रामशरण उप्रेती– ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल– ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी– ९८५११३०४२१
१३८. दुर्गा काफ्ले– ९८४१५१०५४७
१३९. प्रशून अधिकारी– ९८५११६६८१०
१४०. रामहरि गौतम– ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल– ९८४५४६०५२
१४२. मदन तिम्सिना– ९८५११९८३४५
१४३. हरराज न्यौपाने– ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र– ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी– ९८४१४७५२८७
१४६. मनोज सिलवाल– ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल– ९८४१७३२२७१
१४८. रमेश पौडेल– ९८४१२५३१८६
१४९. जयराज भण्डारी– ९८४१२४२६५५
१५०. शम्भु बस्नेत– ९८५१०७४००४
१५१. हरिहर बराल– ९८४१३०५२४२
१५२. केदार प्र. धिताल– ९८५११५६०६२
१५३. शिव अधिकारी– ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर– ९८४१२५९९५७
१५५. अजय दाहाल– ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा– ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी– ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल– ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई– ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ– ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई– ९८४१३२०३१०
१६२. मणिराज नेपाल– ९८५१०४००५६
१६३. दीपा खकुरेल– ९८४१४४८५३०

१६४. मैया थापा- ९८४११८४४०३
१६५. सागर ज्ञवाली- ९८५११४०२३०
१६६. शम्भु बस्नेत- ९८५१०७४००४
१६७. राजेशकुमार राजथला- ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी- ९८४६११९१७४
१६९. ममता वली खरेल- ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी- ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य- ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो- ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल- ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे- ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला- ९७४५००७६६६
१७७. नरेश मैनाली- ९८४१४४९०१५
१७८. विकास चित्रकार- ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र- ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली- ९८४१६८५९८२
१८३. रीता बस्नेत- ९८६००१३५६१
१८४. सरस्वती अर्याल- ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी- ९८५११२४४८६
१८७. प्रमिला चौधरी- ९८४११९४७०७
१८८. वसन्तराज नेपाल- ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य- ९८६०११९७११
१९०. चन्द्रकला निरौला- ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने- ९८४१५०१६०९
१९३. अम्बिका खत्री- ९८४१५६२६९७
१९४. प्रकाश पराजुली- ९८४३७२२०९५
१९५. सुभाष पाण्डे- ९८४९०३३७६२
१९६. विकास पुडासैनी- ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला- ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने- ९८५११२३२४५
२००. अम्बिका घिमिरे- ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का- ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ- ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र- ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र- ९८४९८२९६९९
२०५. जनक महत-९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का- ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे- ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे- ९८४१३६५४९०
२०९. आविष्कार कला- ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला- ९८४९७५३२३२
२११. विमला खड्का- ९८४६०९६७५७
२१२. पङ्कज राना- ९८४७१९४६०
२१३. जमुना पोखरेल- ९८४१८४७२१३
२१४. रीता खत्री- ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल- ९८९११०५४६६
२१६. गङ्गा सापकोटा- ९८४७५५४१०८
२१७. प्रकाश कुँवर- ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल- ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने- ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल- ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद- ९८५१०९९१३३
२२२. अन्जु कटुवाल- ९८४१२५०७६६
२२३. सरिता डङ्गोल- ९८४१५०२९१२
२२४. खेमराज भण्डारी- ९८५१२४००७७
२२५. सरोज घिमिरे- ९८४१५४८०७२
२२६. हरि घिमिरे-
२२७. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा- ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल- ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८

२३२. विनोद सुवेदी- ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे- ९८५२०३१०७९
२३४. निर्मला शर्मा- ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे- ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला- ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा- ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल- ९८४१७००७७०
२४०. तुलाराम गिरी- ९८५११६८२१९
२४१. राजनऋषि कँडेल- ९८४१३४५४२३
२४२. महेश्वर सत्याल- ९८५१०९३१७०
२४३. अनिता बजगाईं- ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव- ९८५२०३९७०१
२४५. हरिबोल हुमागाईं- ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी - ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०
२५२. मनुकुमारी पुलामी मगर - ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शमशेरबहादुर न्हुच्छे प्रधान -
२५५ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५६. राजु भण्डारी............................
२५७. जयराम आचार्य - ९८५११३१६९३
२५८. मान्चु कुमारी श्रेष्ठ - ९८४१८६५०१५
२५९. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२६०. मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६१. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६२. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६३. नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६४. मधुकर बस्नेत - ९८४१७९०७४८
२६५. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६६. हरिबहादुर थापा - ९८४९००२१२३
२६७. सुमनराज मानन्धर - ९८४९३९३१६९
२६८. तेजकान्त उपाध्याय -९८५५०३१९६४
२६९. रञ्जित शाह - ९८४९१२४५९०
२७०. विवेक तिम्सिना - ९८५११९९२७३
२७१. सरस्वती केसी - ९८४१८२७७५१
२७२. दीपकराज श्रेष्ठ , ९८४१०९५८७९
२७३. दीपक चौधरी, ९८५११-६२६५०
२७४. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७५. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७६. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७७. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७८. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७९. सुनिता खड्का, ९८४५०३०९९९
२८०. उपेन्द्र सिंह, ९८४१३०००२६
२८१. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८२. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८३. सुलोचना आचार्य, ९८४१८६१८१९
२८४. एलिना कार्की, ९८४३४७३६५९
२८५. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८६. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८७. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८८. सोबित थपलिया, ९८४१८९८७२३
२८९. अनिल पुडासैनी, ९८४१४४६५६५
२९०. शोभा दर्लामी, ९८४९१२८४५७
२९१. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९२. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिबिम्व | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई.आर.घले | विमोचन/प्रकाशन |

## 'अमरज्योति सम्मान'बाट सम्मानित व्यक्तित्वहरू

| | | |
|---|---|---|
| १. | कुलप्रसाद पराजुली | २०६७ |
| २. | मोहनबहादुर कायस्थ | २०६८ |
| ३. | पुष्पनाथ शर्मा | २०६९ |
| ४. | विष्णुबहादुर सिंह | २०७० |
| ५. | कृष्णमोहन जोशी | २०७१ |
| ६. | केशव रूपाखेती | २०७२ |
| ७. | वीरेन्द्र पाठक | २०७३ |
| ८. | पुण्य घिमिरे | २०७४ |
| ९. | मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. | भुवनचन्द ठकुरी | २०७५ |
| ११. | मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. | पुष्कर पुरी | २०७५ |
| १३. | जुजुकाजी रञ्जित | २०७६ |
| १४. | देवेन्द्र अधिकारी (दु:खी माइला) | २०७६ |
| १५. | कमला श्रेष्ठ- | २०७७ |
| १६. | आर.आर. चौलागाईं | २०७८ |

विद्युतको अधिकतम प्रयोग गरौं ।
इन्धन परनिर्भरता कम गरौं ।।

नेपाल विद्युत प्राधिकरण

'उज्यालो नेपालको संवाहक'

